# अध्याय: एक

# शोधपत्रको परिचय

## १.१ विषय परिचय

यदुनाथ 'वसन्तपुरे' (वि.सं. २०२४/१०/१०) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यका कविता, नाटक, गीतिकाव्य, स्थान परिचय जस्ता विधाहरूमा आफ्नो प्रतिभा देखाएका छन् । उनका **परिस्थितिले जन्माएका अनुहार** (कविता सङ्ग्रह २०६३), **बाँडेगाउँ दर्पण** (२०५८ स्थान परिचय) **ऐतिहासिक क्रान्ति** (गीतिकाव्य २०५७) **मौसमी खेती** (कविता सङ्ग्रह २०६०), **भ्यालखाना** (कवितासङ्ग्रह २०६६), **ओभेल** ( कविता सङ्ग्रह २०६९) **निशाना** (गीतिसङ्ग्रह २०६३), **म किसान बिर्खे** (खण्डकाव्य २०६४) लगायत दर्जनौं कृतिहरू प्रकाशित  छन् । यसका साथै **श्री सिपातीनघरे संस्कृत उ.मा.वि. स्मारिका**, **अविरल साहित्यिक अङ्क १-५** को सम्पादन गरेका छन् साथै **सिन्धुदर्पण** को सल्लाहकारको रूपमा पनि रहेका छन् । **अविरल साहित्य समाज** को अध्यक्ष तथा आजीवन सदस्यको रूपमा रही काम गर्दै आएको पाइन्छ । **सुनागाभा साहित्य समाज** मा पनि उनको संलग्नता रहेको छ । यसरी नेपाली साहित्यको सेवा गरेता पनि उनको जीवनी, व्यक्तित्व र काव्यकारिताबारे नेपालीमा अध्ययन समालोचना, विश्लेषण र शोधकार्य हुन बाँकी छ । अतः यस शोधकार्यमा उनको योगदानको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.२ . समस्या कथन

नेपाली साहित्यमा यदुनाथ 'बसन्तपुरे'ले ठुलो योगदान पुऱ्याएको प्रष्टै छ तापनि उनका विषयमा त्यति चर्चा भएको पाइँदैन । नेपाली साहित्यका क्षेत्रमा कलम चलाए तापनि यदुनाथ 'बसन्तुपरे'को जीवनी, व्यक्तित्व, कृतित्व तथा प्रवृत्ति आदि विषयमा गहन अध्ययन नहुनु नै एउटा मुख्य समस्याको चयन गरिएको छ यही समस्यासँग सम्बद्ध अन्य केही उपसमस्या यसप्रकार रहेका छन् :

(क) यदुनाथ 'वसन्तपुरे'को जीवनी  के कस्तो रहेको छ ?

(ख) यदुनाथ 'वसन्तुपरे'को व्यक्तित्व के-कस्तो छ ?

(ग) 'वसन्तपुरे'को कृतित्व के कस्तो रहेको छ ?

### १ .३. शोधपत्रको उद्देश्य

माथि १,२ शीर्षकमा प्रस्तुत गरिएको मूलभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधपत्रमा निम्न लिखित उद्देश्यहरू राखिएका छन् :

(क) यदुनाथ 'वसन्तपुरे'को जीवनीका पाटाहरू प्रस्तुत गर्नु,

(ख) 'वसन्तपुरे'को व्यक्तित्वको अध्ययन गर्नु,

(ग) उनका साहित्यिक कृतिहरूको परिचय दिनु ।

### १ .४. पूर्वकार्यको विवरण

यदुनाथ 'बसन्तपुरे' नेपाली साहित्यको कविता, नाटक तथा गीति क्षेत्रमा सक्रिय रूपमा लागेका सर्जक हुन् । वि.सं.२०५३ देखि २०६९ सम्म आई पुग्दा उनका दर्जनौं कृतिहरू प्रकाशित भइसकेका छन् । उनका कृतिहरूका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न समयमा छिट्फुट रूपमा चर्चा गरेका छन् । आजसम्म उनका जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत रूपमा अध्ययन भएको पाइँदैन । उनका बारेमा विभिन्न पुस्तकहरूमा जे जति कार्य भएका छन् ती पूर्व अध्ययन यहाँ गरिएको छ ।

चन्द्रयुग वृहत्तर महाकाव्यका रचनाकार चन्द्रप्रसाद न्यौपानेले सिन्धु साहित्यिक इतिहास २०६० पृ.८४ पुस्तकमा यदुनाथ वसन्तपुरे देश, काल, परिवेस अनुरुप विविध सन्दर्भ र विषयहरूलाई आफ्नो लेखको विषय बनाउने गर्दछन् । राजनीतिदेखि प्रकृति वर्णनसम्म र विकास निर्माणदेखि नारी जागरणसम्म उनका लेख, रचनाहरू पुगेका छन् भनी उल्लेख गरेका छन् ।

**जमघट** सिन्धु साहित्यिक बिशेषाङ्क २०६० पृ.१०५ मा वसन्तपुरेका कृतिले नेपाली समाजमा रहेका कुरीति कुसंस्कार छुवाछुत प्रथा, चेलीवेटी बेच बिखन जस्तो मानव कलंकको रूपमा रहेको अमानवीय चरित्रमाथि प्रहार गर्दै त्यसबाट सचेत रहन पाठकलाई आग्रह गरेको पाइन्छ भनी उल्लेख गरेको पाइन्छ ।

ज्ञानुवाकर पौडेलले **मायाको तरेली** (२०६१) गीतिहरूको सँगालोको भूमिकामा *गाउँ पाखाका भाकामा लेखिएका गीतहरू दोहोऱ्याई तेहेऱ्याई जति पटक पढें त्यति नै पटक सर्वसाधरण नेपालीका ढुक्ढुकी, दुःख, पीडा र भोगाईहरूका सजीव चित्रण पाएँ । सामाजिक विषमता र विरोधाभाषप्रति तीव्र असहमति रहँदा रहँदै पनि यसमा.पाइएको हार्दिकताको एउटा कुरालाई महत्व वा पुष्टि दिनेअर्को भिन्न कुरो मलाई साह्रै रुचिकर लाग्यो प्रकृति प्रेम र मानवता प्रति आस्था राख्ने गीतकार 'वसन्तपुरे'ले आफ्नो*

*गीतहरूलाई मानवतावादी सोच र राष्ट्रिय भावले रङ्गाएका रहेछन्* भनी उल्लेख गरेका छन् ।

मोदनाथ प्रश्रितले **"निशाना"** (गीतिसङ्ग्रह २०६३) को शुभकामना लेख्ने क्रममा *गीतकार यदुनाथ '**वसन्तपुरे**ले गीतलाई जनता शिक्षित गर्ने, शोशकहरूको दुहोलो काट्ने, दलित र उपेक्षितहरूलाई जगाउने, विदेशिएकाहरूलाई देश सम्झाउने, श्रमजीवी गरिबहरूलाई बाँच्ने अधिकारको निम्ति सङ्घर्ष गर्न प्रेरित गर्ने, गाउँमै बसेर विकासको जाँगर जगाउने, सङ्गठन बढाउने आदिका निम्ति सबल माध्यमको रूपमा प्रयोग गरेका छन्* भनी उल्लेख गरेका छन् ।

देवी नेपालले **म किसान बिर्खे** (खण्डकाव्य २०६४) को भूमिका लेख्ने क्रममा उनले यो खण्डकाव्यमा *आशा र आक्रोशको सरल अभिव्यक्ति छ* भनी उल्लेख गरेका छन् ।

रामप्रसाद ज्ञवालीले २०७० **भूमिका समालोचना**मा वसन्तपुरेका कृतित्वका बारेमा उल्लेख गर्ने क्रममा यदुनाथ प्रगतिवादी लेखक हुन् । उनका रचनाहरू यथार्थमा आधारित छन् । सामन्तवादी संस्कृतिको उन्मूलनको लागि र स्थायी शान्ति कायम गर्न उनका लेख रचनाले सबैलाई अभिप्रेरित गरेको छ । विशेषतः देशप्रेम, प्रकृतिप्रेम, मानवीय सम्वेदना, नारी जागरण, जनतन्त्रको स्थापना, सामाजिक मूल्य र मान्यताको जगेर्ना गर्न पाठक श्रोताहरुलाई घच्घच्याउनुनै उनका लेख रचनाको विशेषता हो भनी उल्लेख गरेका छन् ।

यदुनाथ 'वसन्तपुरे'का बारेमा भएका फाट्फुट चर्चा यिनै हुन् । यस बाहेकका अझैसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गहन र व्यवस्थित अध्ययन हुन सकेको छैन । उनका बारेमा आजसम्म जे जति अध्ययन भएका छन् ती पनि अपूर्ण र अधुरा छन् । यही अभावको परिपूर्ति गर्ने उद्देश्यले गर्न लागिएको प्रस्तुत शोधपत्रमा यदुनाथ 'वसन्तपुरे'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

### १ .५. शोधकार्यको औचित्य

माथिका भनाइबाट पनि यदुनाथ 'वसन्तपुरे' नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् भन्ने प्रष्ट हुन्छ । हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अनुसन्धान कार्य नहुनु अपूर्णताकै रूपमा लिनुपर्छ । नाटक, कविता र गीतमा समान रूपमा कलम चलाउने यदुनाथ 'वसन्तपुरे'को व्यक्तित्व र जीवनी अध्ययन गर्नु आवश्यक देखिन्छ । यही नै यस शोधकार्यको औचित्य रहेको छ ।

## १ .६. शोधकार्यको सिमाङ्कन

नेपाली साहित्यका विशिष्ट प्रतिभा यदुनाथ 'वसन्तपुरे'को जीवनी, व्यक्तित्व र साहित्यिक कृतिहरूको विश्लेषण तथा मूल्याङ्कन गर्नु र उनको योगदानको चर्चा गर्नु प्रस्तुत शोधपत्रको सीमा हो ।

## १ .७. सामग्री सङ्कलन विधि

यदुनाथ 'वसन्तपुरे'को जीवनी र व्यक्तित्वको अध्ययन क्रममा शोधनायकसँग सम्बन्धित र परिचित व्यक्ति, उनका परिवार तथा नातेदारसँग सम्पर्क गरी प्रश्नोत्तर विधिद्वारा प्राथमिक सामग्री सङ्कलन गरिएको छ । द्वितीयक सामग्री सङ्कलनका रूपमा उनका कृतिको अध्ययनका क्रममा पुस्तकालयीय पद्धति अपनाइएको छ । साथै सम्बद्ध क्षेत्रका जानकार व्यक्तिहरूबाट आवश्य सामग्री सङ्कलन गरी विश्लेषण, मूल्याङ्कन र निगमनात्मक विधि अपनाइएको छ ।

## १.८ . शोधपत्रको रूपरेखा

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुईः यदुनाथ 'बसन्तपुरे'को जीवनीको अध्ययन

अध्याय तिनः यदुनाथ 'बसन्तपुरे'को व्यक्तित्वको अध्ययन

अध्याय चारः यदुनाथ 'बसन्तपुरे'को कविता सङ्ग्रहको अध्ययन

अध्याय पाँचः कवि 'बसन्तपुरे'का काव्यकृतिको मूल्याङ्कन

अध्याय छः शोध निष्कर्ष

परिशिष्ट

**सन्दर्भसामग्रीसूची**

प्रस्तुत शोधपत्र ६ वटा परिच्छेदमा विभक्त गरिएको छ र शोधपत्रका अन्त्यमा परिशिष्ट रहेको छ । उल्लेखित परिच्छेदगत शीर्षकहरू विभिन्न उप शीर्षकमा विभाजित गरिएका छन् ।

# अध्यायः दुई
# यदुनाथ 'बसन्तपुरे'को जीवनीको अध्ययन

## २.१. विषय प्रवेश

नेपाली साहित्यको आधुनिक कालको चौथो मोडमा यदुनाथ 'बसन्तपरे'को विशिष्ट योगदान रहेको छ । उनको समग्र जीवनीको अध्ययन यस परिच्छेदमा गरिन्छ ।

## २.२. जन्म र जन्मस्थान

नेपाली साहित्यमा प्रगतिवादी चिन्तन बोकेका कवि यदुनाथको जन्म वि.सं. २०२४ माघ १० गते वाग्मती अञ्चल सिन्धुपाल्चोक जिल्ला वाडे गाउँ गा.वि.स. वडा नं. २ बसन्तपुरमा भएको हो । बुबा रामप्रसाद कोइराला र आमा लीलादेवी कोइरालाका कनिष्ठ सुपुत्रका रूपमा उनको जन्म भएको हो (शोध नायकबाट २०७० माघ ५ गते प्राप्त जानकारी) ।

## २ .३ पारिवारिक पृष्ठभूमि

यदुनाथ 'बसन्तपुरे'को निवासस्थल वाडेगाउँ गा.वि.स. २ सिन्धुपाल्चोक हो । करिब २६, २७ पुस्ता अघि सिन्धुली जिल्लाको दुम्जा कुशेश्वर भन्ने ठाउँबाट कोइराला थरका व्यक्ति काठमाडौं बसन्तपुरमा आएर कर्मकाण्ड गरी बसेका थिए भन्ने सूचना पाइन्छ । कुनै बेला स्वामी अभयानन्द वाडेगाउँको हवेली भन्ने ठाउँमा आइबसेकाले ब्राह्मणको खाँचो भएको महसुस गरी उनले दक्ष ब्राह्मण खोज्दै जाँदा तिनै दुम्जाली मौद्धगल्य गोत्रका ब्राह्मणसँग भेट भएछ । त्यहाँका काजी परिवारले ती ब्राह्मणलाई हामी तपाईंलाई धेरै बिर्ता दिन्छौं, हजुरले हाम्रा परिवारमा हुने सम्पूर्ण धार्मिक काम गरिदिनु पर्‍यो भनी अनुरोध गर्दा उनी राजी भई हालको बसन्तपुर भन्ने ठाउँमा आईबसोबास गर्न थालेको कुरा बुढापाकाहरू बताउँछन् । काठमाडौंको बसन्तपुरमा बसेका हुनाले उनलाई बसन्तपुरे बाजे भनिएको पाइन्छ । उनी यहाँ आई बसोबास गरेको हुनाले यस ठाउँको नाम बसन्तपुर रहन गएको भनाइ छ (गुरूप्रसाद कोइरालाबाट २०७० माघ १० गते प्राप्त जानकारी) ।

### २.३.१ पिताको अध्यात्म चेतना

यदुनाथ कोइरालाको परिवार आर्थिक रूपमा मध्यम भए तापनि धार्मिक दृष्टिले सम्भ्रान्त पाइन्छ । उनका पिता पण्डित रामप्रसाद कर्मनिष्ठ ब्राह्मण थिए । यजुर्वेदका धेरैजसो मन्त्रहरू उनलाई कठस्थै आउँथ्यो भन्ने कुरा उनलाई नजिकबाट चिन्ने गुरुप्रसाद कोइराला बताउँछन् । चण्डी, रुद्री, गीता त रामप्रसादले सानै उमेरमा श्री सिपा तीनघरे

संस्कृत पाठशालामा पढ्दै गर्दा कण्ठ गरेको देखिन्छ । नित्य स्नान गर्नु, घरनजिकै रहेको 'फलाटेश्वर' मन्दिरमा विहान सधैं दर्शन गर्न पुग्नु, घरमा नित्य वेद, चण्डि, गीता, पाठ गर्नु आदि नित्यकर्मले गर्दा पण्डित रामप्रसादमा उच्च अध्यात्म चेतना स्थापित रहेको पाइन्छ ।

### २.३.२ पितृ परिवार

प्रस्तुत शोध नायक यदुनाथ कोइरालाका पिता रामप्रसादले दुई विवाह गरेका छन् । उनकी जेठी श्रीमतीको नाम गणेश कुमारी हो । उनका गर्भबाट तिन सन्तानको जन्म भएको छ । दुई छोरा र एक छोरी जसमध्ये जेठो छोरो र छोरीको बाल्यकालमा नै मृत्युभयो । कान्छो छोरो हरिकृष्ण रोगी भएको देखिन्छ । आमा छोरा छुट्टै घरमा बस्ने गर्दथे । हरिकृष्णको विवाह हुन सकेको थिएन । रामप्रसादकी जेठी पत्नीको मृत्यु भयो भने छोरो इन्द्रावती नदी तर्दा बगी हरिकृष्णको पनि अकालमा नै मृत्यु हुन पुग्यो यसरी रामप्रसादकी जेठी पत्नी तर्फ सबैको मृत्यु भएकाले रामप्रसाद धेरै दुःखी भएको बुझिन्छ । पछि उनले अर्को विवाह गरे । उनकी कान्छी श्रीमतीको नाम लीलादेवी कोइराला हो । उनका कोखबाट पनि तिन सन्तानको जन्म भयो जेठो छोरो पूर्णप्रसाद कोइराला, माइला कवि यदुनाथ कोइराला र कान्छी छोरी सुमित्रा कोइराला हुन् । रामप्रसादका दुबै परिवारमा जन्मेका चार सन्तानमध्ये नेपाली साहित्यमा योगदान दिने प्रतिभा यदुनाथ कोइराला 'बसन्तपुरे' हुन् ।

## २.४ शिक्षादीक्षा तथा स्वाध्ययन

यदुनाथ सानैदेखि जिज्ञासु स्वभावका बालक हुन् । पिता रामप्रसाद कोइराला बिहान विछ्यौनामा नै बसी प्रातः स्मरणका श्लोकहरू लयबद्ध तरिकाले वाचन गर्ने गरेको उल्लेख छ । दिउँसो उनले भानुभक्तीय रामायण वाचन गरी आफ्ना सन्तानलाई सुनाउने गरेको पाइन्छ । यदुनाथ कोइराला आफ्ना बुबाले वाचन गरेका श्लोकहरू ध्यान दिएर सुन्ने गर्दथे । दिनहुँ बुबाले वाचन गरेका श्लोकहरू सुन्दासुन्दै उनलाई धेरै श्लोकहरू कण्ठस्थ भएको पाइन्छ । ती श्लोकहरू उनी अहिले पनि सुनाउन सक्छन् । उनको औपचारिक अक्षरारम्भ २०३० सालको श्री पञ्चमीका दिन ६ वर्षको उमेरमा भएको हो । उनले घरमा नै बसी आफ्नै बुबाबाट अक्षर चिन्नुका साथै रुद्री, चण्डी पढ्ने काम गरे । यदुनाथका पिता रामप्रसाद वेद, चण्डी, रुद्री, कौमुदी, अमरकोषका ज्ञाता भएको पाइन्छ । त्यसैले यदुनाथले आफ्नै पिताबाट घरमा नै धेरै कुरा जान्ने अवसर प्राप्त गरेका हुन् । आधुनिक शिक्षाका लागि रामप्रसादले आफ्नो माइलो छोरा यदुनाथलाई श्री सिपा तीनघरे संस्कृत नि.मा.वि. (हाल उ.मा.वि.) मा २०३० सालमा कक्षा १ मा भर्ना गरिदिएको देखिन्छ । यदुनाथले यही संस्कृत नि.मा.वि. बाट कक्षा ७ सम्म अध्ययन पूरा गरे । उनले त्यसपछिको अध्ययन श्री

ऐंसेलु खर्क उ.मा.वि. मा भर्ना भएर वि.सं. २०४४ मा एस.एल.सी. पास गरे त्यसपछि उच्च शिक्षाको लागि काठमाडौँ गई प्राइभेट परीक्षा दिएर प्रमाण पत्र तह उत्तीर्ण गरेको पाइन्छ । हाल उनी स्नातक तह अध्ययन गर्दै छन् (शोध नायकबाट २०७० माघ ५ गते प्राप्त जानकारी) औपचारिक शिक्षामा केही कमी देखिए तापनि उनले स्वाध्ययनबाट धेरै कुराको ज्ञान हासिल गरेका छन् । उनले अध्यात्मवाद र भौतिकवादको तुलनात्मक अध्ययन गरेको पाइन्छ । स्वाध्ययनबाट खारिएका यदुनाथले नेपाली साहित्यका विविध विधामा कलम चलाई राष्ट्रिय गौरवको काम गरेका छन् ।

## २.५ ब्रतबन्ध

गर्भसहित आठ वर्ष र जन्मपश्चात् सात वर्षमा ब्राह्मणहरूको ब्रतबन्ध संस्कार हुनुपर्छ भन्ने शास्त्रीय नीति भए पनि यदुनाथको ब्रतबन्ध नौ वर्षका उमेरमा मामाघर भोटसिपा वडहरेमा भएको हो (शोधनायकबाट प्राप्त जानकारी) । उनका मामाले गाउँभरिका मानिसहरूलाई बोलाएर भोज खुवाइ भव्यताका साथ आफ्ना भान्जाको ब्रतबन्ध गरेका थिए शोधनायकको सूचना छ ।

## २.६ विवाह तथा पारिवारिक जीवन

२०४७ सालमा २४ वर्षका उमेरमा यदुनाथको विवाह भएको हो । यसै जिल्लाको बाँसवारी च्यानडाँडा थाक्ले निवासी श्रीरामप्रसाद लुइँटेल तथा शुभद्रा लुइँटेलकी एक मात्र छोरी सुश्री सुशीला लुइँटेलसँग उनको मागी विवाह भएको उनी बताउँछन् ( शोधनायकबाट २०७० माघ ५ गते प्राप्त जानकारी) । उनी वैवाहिक बन्धनमा बाँधिइ रहँदा खुशीको साथ-साथै दुःखद् घटना भएको एउटा प्रसङ्ग पनि छ ।

वि.सं.२०४७ मार्ग सत्ताइस गते सामाजिक परम्परा अनुरूप विवाह सकी घर आउने क्रममा जन्तीमध्येका दुई जना बालक बलराम सापकोटा र गणेश कोइराला दुलाहा दुलही भन्दा अगाडि नै आई इन्द्रावती नदी तर्न खोज्दा नदीमा बनाइएको फड्केबाट खस्दा नदीले बगाएको र खोज्दै जाँदा उनीहरू अर्धचेत अवस्थामा फेला परेका, उपचार गर्दा गर्दै बलराम सापकोटाको निधन भएको तर गणेश कोइराला भने बाँच्न सफल भएको पाइन्छ । वैवाहिक आनन्दको दिन यदुनाथ दुःखद् घटनाले गर्दा मर्माहत् हुन पुगे (हरिप्रसाद कोइराला, वाडेगाउँ २ बाट प्राप्त जानकारी अनुसार) । पण्डित पृष्ठभूमि र शिक्षित परिवारमा हुर्केकी शुद्ध आचरण तथा उच्चस्तरीय सत्संस्कारजन्य जीवन पद्धतिकी अनुयायी र धार्मिक प्रवृत्तिकी लेखपढमा समेत सफल रहेकी श्रीमतीका सम्मिलनबाट उनको जीवन साहित्य र समाजसेवा तिर आत्मविश्वास र दृष्ढताका साथ अगाडि बढेको छ । आफूले पनि समाजबाट प्राप्त प्रतिष्ठापूर्ण जीवन पद्धतिलाई सुखद्, सुन्दर र सफल बनाउँदै अगाडि बढाउँदै लगे । उनीहरूबाट दुई छोरी र एक छोराको जन्म भएको छ । जेठी छोरी

सुजाता हुन् भने, छोरो सुजन कोइराला र कान्छी छोरी सलिना हुन् । २०५१ चैत्र देखि २०५२ आषाढसम्म मातृशिशु कार्यकर्ताका लागि जनस्वास्थ्यबाट नाम निकाल्न सफल भएकोले श्रीमती सुशीला तालिमका लागि बाहिर बस्नु परेको देखिन्छ । हाल उनी बाँडेगाउँ-२ सन्तपुरमा रहेको उप स्वास्थ्य चौकीमा कार्यरत छिन् । जेठी छोरी सुजाताको स्नातक अध्ययन गर्दा-गर्दै 'अनेकोट' ३ निवासी श्री जयराम सापकोटासँग २०६९ सालमा विवाह भएको छ । छोरा सुजन कोइराला काठमाडौंमा बसी फार्मेसीको अध्ययन गरिरहेका छन् भने कान्छी छोरी सलिना वाँडेगाउँ-३ स्थित श्री सिपा तीनघरे संस्कृत उ.मा.वि. मा कक्षा ८ मा अध्ययन गर्दै छिन् । उनका बुबा रामप्रसाद कोइरालाको २०६८ सालमा देहावसान भयो भने आमा लीलादेवी कोइरालाको २०६९ सालमा काठमाडौंमा निधन भएको पाईन्छ । छोटो परिवार, श्रीमान् श्रीमती दुवै जनाको सरकारी जागिर भएका कारण कवि यदुनाथको परिवार व्यस्त देखिन्छ ।

## २.७. आर्थिक अवस्था

खेत पाखो गरी करीब १० रोपनी जग्गा भएका यदुनाथसँग जिन्सी र नगद सामान्य देखिन्छ । जागिर गरी कमाएको सम्पत्ति लगानी गरी उनले काठमाडौं नारायण स्थानमा ५ आना जग्गामा दुई तलाको पक्की आठकोठे घर बनाएका छन् । सहरमा भएको सम्पत्ति श्रीमती सुशिला कोइरालाको नाममा रहेको छ (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । महिला पुरुषमा समान हक हुनुपर्छ भन्ने भावना भएका कवि यदुनाथले आफ्ना नाममा भएको जग्गा जमिन पनि श्रीमतीका नाममा समेत संयुक्त अंशवण्डा गरी उदाहरणीय काम गरेका छन् ।

## २.८. बसोवास

अध्ययनको क्रममा ४ वर्ष काठमाडौं बसेका यदुनाथ हाल स्थायी रूपमा जन्मथलो वाडेगाउँ- २ मा नै बसोबास गर्दै आएका छन् । जन्म स्थानलाई प्राणभन्दा पनि बढी माया गर्ने यदुनाथले आफ्नो उपनामलाई जन्मस्थानसँग लगी जोडेका छन् । काठमाडौंमा घर भए तापनि यहीं बस्ने र साहित्य सेवा गरी जीवन बिताउने उनी भन्दछन् ।

## २.९. सामाजिक अवस्था

यदुनाथ कोइराला सानै उमेरदेखि सामाजिक रूपमा गरिब, दीन दुःखि प्रति गरिने शोषण देखेर अत्यन्तै दुःखी हुनेगरेको पाइन्छ । ठूला बढा भनाउँदाहरूले गरेका नराम्रा कामहरूको उनी डटेर विरोध गर्दथे । उनी प्रायः सधैं सामाजिक काममा व्यस्त देखिन्छन् । यदुनाथ समाजका विभिन्न सङ्घ-संस्थाहरूमा आबद्ध भई कार्य गर्दै आएका छन् । कमजोर र

निम्न वर्ग, असहायलाई सहयोग नै समाजसेवा ठान्ने र जातपात छुवाछुतलाई विकृतिको रूपमा उनी हेर्ने गर्दछन् ।

## २.१०. रुचि र स्वभाव

साहित्यिक लेखन र ग्रन्थ सम्पादनका अतिरिक्त समाजसेवा र धार्मिक कार्यमा सदा सक्रिय देखिने यदुनाथ फूर्तिला र जाँगरिला व्यक्ति हुन् । जुनसुकै काम उनी मन लगाएर गर्ने गर्दछन् । जो घमण्डी र नचाहिँदा फुर्ति लगाएर धाक रबाफ देखाउँछ त्यसलाई कहिल्यै नछोड्ने बानी उनको छ । विचारका बलमा उनी जुनसुकै कुरामा पनि पछि पर्दैनन् । समाजका कुरीति र कुसंस्कारलाई उनी डटेर विरोध गर्दछन् । शिर झुकाएर बाँच्नु भन्दा मर्नु नै वेश हुने उनी ठान्दछन् । सादा जीवन उच्च विचार उनको जीनको मूलभूत जीवन सूत्र हो । सामान्य तर सफा पहिरनमा उनी हिँड्ने गर्दछन् । खानामा पनि साधारण नेपाली खाना, दाल, भात, तरकारी र कहिलेकाँही ढिँडो पनि खानेगर्दछन् । साकाहारी भोजन बढी मन पराउने यदुनाथ हरियो सागपात भने पछि हुरुक्कै हुन्छन् । ( शोधनायककी श्रीमतीबाट प्राप्त जानकारी) सामाजिक काम नगरी चित्त नबुझ्ने यदुनाथ कहिले विद्यालयको भवन निर्माण, कहिले स्वास्थ्य चौकीको मिटिङ, कहिले चौतारोको सरसफाइ, कहिले धारापानीको पाइप मर्मत, कहिले मन्दिर निर्माण, कहिले विद्युत् व्यवस्थापन आदि काममा जुटिरहेका देखिन्छन् । बेलुका खाना खाइसकेपछि सुतिहाल्ने तर बिहान उनी ३ बजे नै उठ्ने गर्दछन् । उनी कविता, गीत लेख्न र वाचन गर्न धेरै मन पराउँछन् । साहित्यिक कार्यक्रममा जसरी भए पनि उनी पुग्ने गर्दछन् । छन्द प्रशिक्षण, कवि गोष्ठी, साहित्यिक सम्मेलन, ग्रन्थ प्रकाशन आदि क्षेत्रमा उनी अग्र पङ्क्तिमा रहेका छन् । कपि, कलम, टर्च र हतियार लिएर मात्र हिँड्ने उनको बानी छ । एकान्त स्थल पाउने बित्तिकै उनी कविता सृजनामा लागि हाल्दछन् । उनी प्रकृतिको चित्रण मात्रै गर्दैनन् समाज रूपान्तरणमा पनि सक्रिय रहने गर्दछन् । सामाजिक कार्य गर्दै गर्दा उनी कुकर्म गर्नेको जरो खन्छन् भने राम्रो काम गर्नेलाई सम्मान गर्दछन् । युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित आदिका कृतिहरू धेरै मन पराउने यदुनाथ किसान जागरण, मानव महाकाव्य, देवासुरसङ्ग्राम धेरै पढ्ने गर्दछन् (शोधनायकबाट २०७० माघ ५ गते प्राप्त जानकारी ) । भावुक एकान्त प्रेमी र चिन्तनशील स्वभावका 'बसन्तपुरे' मा तडकभडक र अहङ्कार पटक्कै छैन । उनी मिलनसार, सहयोगी, एकान्तप्रेमी र चिन्तनशील स्वभावका छन् । ( उनका निकट मित्र हरिप्रसाद कोइरालाबाट प्राप्त जानकारी अनुसार) ।

## २.११. कार्यक्षेत्र तथा आजीविका

यदुनाथ प्राथमिक विद्यालयका शिक्षक हुन् । उनले २०४५ साल वैशाख २० गते श्री शिवशंकरेश्वर प्रा.वि. बाँसबारी ८ च्यान्डाँडा थाक्लेमा प्रा.वि. शिक्षक पदमा अस्थायी

दरवन्दीमा नियुक्ति लिई काम शुरु गरेका थिए । यस विद्यालयमा केही महिना सेवा गरी उनले बाँसवारीकै मानेभञ्ज्याङको श्री सरस्वती प्रा.वि. मा सरुवा भई २०४६ आषाढ १५ गतेसम्म अस्थाई शिक्षण गरेको पाइन्छ । उनले २०४६ को शिक्षक सेवाबाट प्रा.वि. तहमा स्थायी भई उक्त विद्यालयमा नै रही शिक्षण कार्य गर्दै रहे । २०४८ सालमा त्यहाँबाट पनि सरुवा भई सिपा पोखरे २ स्थित श्री पञ्चकन्या प्रा.वि.मा शिक्षण कार्य गरे । त्यहाँ ४ वर्ष अध्यापन गरी २०५१ भाद्र महिनाबाट सरुवा भई श्री चन्द्रावती प्रा.वि. सिपापोखरेमा पुगे, हाल उनी यसै विद्यालयमा कार्यरत छन् । सधैँ समयमा विद्यालयमा पुग्नु र लगनशील भई अध्यापन गर्नु उनको विशेषता हो ।

शिक्षण पेशाका साथसाथै उनी साहित्य सृजनामा तल्लीन छन् । सुनगाभा, साहित्य समाज-सल्लाहकार, सिन्धु दर्पण साहित्यिक संस्था सल्लाहकार, प्रगतिशील सेवा संघ सिपा पोखरे-सदस्य, खानेपानी-उपभोक्ता समिति संयोजक, ने.क.पा. एमाले सङ्गठित सदस्य, प्रगतिशील लेखक संघ के. समिति पार्षद्, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन जि.स. (६ वर्ष), हिम शिखर पत्रिका संवाददाता आदि विभिन्न सङ्घ संस्थामा आबद्ध भइ उनले सेवा गरिरहेका छन् ।

### २.१२. भ्रमण

भ्रमणले मानिसलाई मनोरञ्जनका साथ-साथै वास्तविक शिक्षा दिन्छ र चेतनाको स्तरवृद्धिमा सहयोग पुऱ्याउँछ । तिर्थयात्राका कममा उनले भारतका प्रसिद्ध धार्मिक स्थानको भ्रमण गरेका छन् भने चीनको ल्हासासम्म पुगेका छन् । नेपालका करीब ५० जिल्ला उनले घुमेका छन् ।

### २.१३. साहित्यिक प्रेरणा र वातावरण

यदुनाथ कोइरालाको साहित्यिक व्यक्तित्वको विकास र विस्तारमा उनका पुर्ख्यौली र पारिवारिक पृष्ठभूमिले पनि ठुलो काम गरेको छ । उनका वंशमा वेद मन्त्र पढी 'फू' गरेर हवनशालामा आगो निकाली हवन गर्ने क्षमतावान् विद्वान्हरू पनि थिए रे (शोधनायकबाट प्राप्त जानकारी) । कालान्तरमा त्यो शक्ति क्षीण भएको कुरा उनी बताउँछन् । उनका वंशमा शास्त्रचिन्तन, आध्यात्मचिन्तन, योग साधना, साहित्यिक कृतिहरूको लेखन र वाचन आदि कम चलिरहन्थ्यो । त्यसै अनुकूल वातावरणका पृष्ठभूमिमा उनको साहित्यिक प्रतिभा फकिएको हो ।

### २.१४. लेखन र प्रकाशन

यदुनाथ बसन्तपुरेका हालसम्म प्रकाशित कृति यस प्रकार रहेका छन् :

(क) **परिस्थितिले जन्माएको अनुहार** (कविता सङ्ग्रह, २०५३)

(ख) **बादल भित्रको गाउँमा नाटक २०५४** (हाल अप्राप्त)

(ग) **बाँडेगाउँ दर्पण** (स्थान परिचय २०५८)

(घ) **ऐतिहासिक क्रान्ति** (गीति काव्य २०५७)

(ङ) **मौसमी खेती-**(कविता सङ्ग्रह २०५९)

(च) **मायाको तरेली-**(गीति सङ्ग्रह २०६१)

(छ) **माष्टर कमम-** (गीति नाटक २०६२) (हाल अप्राप्त)

(ज) **निशाना-** (गीति सङ्ग्रह- २०६३)

(झ) **म किसान विर्खे-** (खण्डकाव्य- २०६४)

(ञ) **परिबन्ध भित्र-** (खण्डकाव्य- २०६४) (हाल अप्राप्त)

(ट) **झ्याल खाना-** (कविता सङ्ग्रह- २०६६)

(ठ) **ओझेल -** (कविता सङ्ग्रह - २०६९)

**पत्रपत्रिकामा प्रकाशित लेखहरूको सूची**

१. सिन्धुमिलन २०५४ फाल्गुन पृ २३६ **सिन्धुको सुसेली**

२. जमघट सिन्धु साहित्यिक विशेषाङ्क २०६० पृ–१०५ **आशा, पाखापखेरा**

३. जनमत कविता खण्ड दुई २०६४ पृ–१२१ **आफ्नै देशको माया गरौ**

४ नव तलास मासिक २०६५ भदौ **लेखन विधामा छच्चो प्रवृत्ती**

५ शिक्षक सन्देश २०६७ बैशाख पृ.५२ **ज्ञानको साधना**

६ चन्द्रावती सौगात स्मारिका २०६८ पृ.४२ **गुरुकै छ कर्म**

७ शब्द सं्योजन २०६९ पृ.३८ **म के भनू ?**

उपर्युक्त कृति बाहेक 'भुमरी' महाकाव्य प्रकाशोन्मुख रहेको कवि बताउँछन् । अप्राप्त कृतिका बारेमा कवि यसो भन्छन्- "थोरै सङ्ख्यामा प्रकाशन गरिएको थियो, साथी भाइ, विद्यालय र विद्यार्थीहरूले लगेका थिए अहिले प्राप्त भएको छैन प्राप्त भए पछि म उपलब्ध गराउँने छु ।"

**निष्कर्ष**

सि.पा.जिल्ला बाँडेगाउँ गा. वि. स. वडा नं. २ बसन्तपुरमा पिता रामप्रसाद कोइराला तथा माता लीलादेवी कोइरालाका कनिष्ट पुत्रका रुपमा यदुनाथको जन्म भएको हो ।उनले

नेपाली साहित्यका विविध विधामा योगदान पुऱ्याएका छन् । सादा जीवन उच्च विचारका यदुनाथ साहित्यानुरागी हुन् ।छन्द प्रशिक्षण,कवि गोष्ठि,साहित्यिक सम्मेलन,ग्रन्थ प्रकाशन,समाजसेवा आदि काममा उनी अग्रपङ्तीमा देखिन्छन् ।उनका दर्जनौं पुस्तक प्रकाशित भएका छन् साथै पत्रपत्रिकाहरुमा पनि उनका लेख रचनाहरु प्रकाशित छन् । समग्रमा यदुनाथको जीवनी उच्च खालको छ

# अध्यायः तिन

# यदुनाथ 'बसन्तपुरे'को व्यक्तित्वको अध्ययन

## ३.१. व्यक्तित्व परिचय

व्यक्तिका जीवनमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । मानिसको शारीरिक गठनदेखि लिएर उसभित्र निहित प्रतिभाहरूलाई नै व्यक्तित्वका रूपमा लिइन्छ । व्यक्तित्वका कारण नै मानिस प्रतिष्ठित वा निन्दित हुन पुग्दछ । उच्च व्यक्तित्व भएका मानिसलाई सबैले आदरभाव गर्दछन् । यसरी हेर्दा व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।

## ३.२. व्यक्तित्व वर्गीकरण

कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका आरोह-अवरोह, घात-प्रतिघात तथा क्रिया-प्रतिक्रियाले व्यक्तित्वमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्यक्तित्व निर्माणमा ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक रुचि, पेसा, शिक्षा-दीक्षा आदिले पनि विशेष सहयोग पुऱ्याएको हुन्छ । मानिसको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा विभक्त गरेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसित सम्बद्ध कुरालाई निजी व्यक्तित्व भनिन्छ । निजी व्यक्तित्वलाई पनि बाह्य र आन्तरिक गरेर दुई भागमा विभक्त गरेर व्यक्तिको शारीरिक बनोट आकार प्रकार र त्यसभित्र निहित शील, स्वभाव र आचरणलाई अध्ययन गर्न सकिन्छ । यसै गरी सार्वजनिक व्यक्तित्वले समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नुलाई बुझाउँछ । साहित्यकारको सम्बन्धमा साहित्य र साहित्येतर गरी दुई भागमा विभक्त गरी व्यक्तित्वलाई हेर्न सकिन्छ । यदुनाथ 'बसन्तपुरे' नेपाली साहित्यका साथै नेपाली समाजका एक सिर्जनशील व्यक्तित्व हुन् । उनले लगभग साढे दुई दशक जति शिक्षण, साहित्य सृजना र सामाजिक कार्यका विभिन्न क्षेत्रमा क्रियाशील रहेर आफ्नो व्यक्तित्वको निर्माण गरेको पाइन्छ । उनका विभिन्न व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर उपयुक्त शीर्षक दिइ तल छुट्टाछुट्टै अध्ययन गरिन्छ ।

## ३.३. निजी व्यक्तित्व

निजी व्यक्तित्व भन्नाले उसका वैयक्तिक व्यावहारिकताबाट प्रकाशित हुने निजत्वलाई बुझ्न सकिन्छ । कुनै पनि व्यक्तिको सार्वजनिक व्यक्तित्वको पहिचान नितान्त जरुरी मानिन्छ किनभने व्यक्तिका निजी व्यक्तित्वको स्पष्ट छवि उसका सार्वजनिक

व्यक्तित्वहरूका चरण चरणमा परेको हुन्छ । निजी व्यक्तित्वमा अन्तर्निहित हुने आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा सही ज्ञानका लागि व्यक्तिको बाह्य आकार प्रकार र उसको शील, स्वभाव, आचरण र प्रवृत्तिका सापेक्षतामा अवलोकन गर्न उपयुक्त हुने हुनाले यहाँ तदनुरूप हेर्ने प्रयास गरिएको छ ।

## ३.४. बाह्य व्यक्तित्व

यदुनाथ केइराला शारीरिक रूपमा मझौला आकृतिका देखिन्छन् । उनी पाँच फिट पाँच इन्च अग्ला छन् । उनको सुगठित पातलो शरीर छ । छयालीस  वर्षका उनी गहुँगोरो वर्ण, केही लाम्चिलो मुखाकृति, चुच्चो नाक, काला र केही फुलेका केशराशी, ठूलो निधार, हँसिलो अनुहार भएका देखिन्छन् । सामान्य पहिरन उनलाई मन पर्छ भने खानामा पनि उनी सामान्य देखिन्छन् । सचेतता, विद्वता, लगनशीलता, कर्मशीलता, नम्रता जस्ता गुणबाट उनी निपुण छन् ।  मीठो स्वरका धनी  'बसन्तपुरे' तडक भडक र आडम्बरबाट सधैँ टाढा छन् । आफ्नो व्यक्तिगत स्वार्थलाई तुच्छ र सामूहिक हितका निमित्त सर्वस्व ठान्ने यी पुरुष साँच्चै प्रशंसनीय छन् । यिनी अत्यन्त ओजमय एवं प्रभावशाली व्यक्तित्वका धनी देखिन्छन् । उनका केहीभित्र पसेका चञ्चल आँखाले केही खोजिरहेको जस्तो लाग्दछ । वर्तमान अवस्थामा उनको शरीरमा कुनै पनि रोगव्याधिको लक्षण देखिँदैन । उनको तौल ६० किलो ग्राम रहेको छ । चिटिक्क परेर हिँड्ने 'बसन्तपुरे' को गालामा देखिएको चाउरीपनाले क्रमशः बुढ्यौलीले घेर्न लागेको हो कि भन्ने भान गराउँछ । प्रायः चिन्तनशील स्वभाव भएका र सधैँ शान्त र गम्भीरपनामा उनलाई देख्न पाइन्छ । पहिरनमा उनी यदाकदा मात्रै राष्ट्रिय पोसाक दौरा, सुरुवाल, कोट, टोपी लगाउँछन् । प्रायः उनी सर्ट, पाइन्ट, कोट, इष्टकोट, टोपीमा देखिन्छन् । उनी कोट, पाइन्ट, टोपीमा राम्रा र आकर्षक देखिन्छन् ।

## ३.५. आन्तरिक व्यक्तित्व

यदुनाथ कोइराला शारीरिक रूपमा केही मझौला आकृतिका देखिए पनि बौद्धिक व्यक्तित्वका दृष्टिले प्रखर देखिन्छन् । उनी सबैसँग समान व्यवहार गर्ने गर्छन् । सधैँ गम्भीर र शान्त प्रकृतिमा देखिने 'बसन्तपुरे' भित्र-भित्रै कुनै चिन्तन मनन गरे जस्तो वा केही न केही सोचेजस्तो उनको मुखाकृतिले देखाउँछ । साहित्यकार प्रायःजसो चिन्तनशील र मननशील  हुने हुँदा उनमा पनि त्यो विशेषता देखिनु अनौठो होइन । सरल व्यवहार गर्नेसँग सरलै व्यवहार गर्ने र कपट व्यवहार गर्नेहरूसँग उनी पनि त्यस्तै व्यवहार गर्ने गर्दछन् । अन्याय, अत्याचार, दमन, शोषण सहने बानी उनमा कहिल्यै परेन । सामाजिक सुधारका लागि विभिन्न सङ्घ-संस्थामा कार्यरत भई सक्रिय भूमिका खेल्दै आएका छन् ।

उँच-नीज तथा धनी-गरिब जस्ता भेदभाव उनी गर्दैनन् । पक्षपात रहित भएर कुरा गर्न मनपराउने उनी बोलेको कुरा जसरी भए पनि पूरा गरेरै छाड्दछन् ।

बसन्तपुरे सात्विक खाना बढी मन पराउँछन् । यसैलाई नै उनी पुष्टिकर र लाभदायक मान्दछन् । उनी खानामा दाल, भात, तरकारी र दूध, दही, मही, घिउ बढी मन पराउँछन् । हरियो सागसब्जी उनलाई धेरै मनपर्छ । यदुनाथ 'बसन्तपुरे' क्रान्तिकारी सोच विचारका व्यक्ति हुन् । उनी समाजमा भएका दुर्नीति, अन्याय, अत्याचार, दमन, शोषणको खुलेर प्रतिवाद गर्दछन् । भ्रष्टचारको विरुद्धमा उनी डटेर अगाडि बढेको पाइन्छ । उनी दीन दुःखीलाई सहयोग पुऱ्याउँदा साह्रै खुसी भएको महशुस गर्दछन् । परोपकारलाई नै ठुलो धर्म सम्झने 'बसन्तपुरे' रातोदिन दीन दुःखीको सेवामा आफूलाई समर्पण गर्दछन् ।

## ३.६. सार्वजनिक व्यक्तित्व

मानिस समाजबाट अलग्गिएर बस्न सक्दैन । ऊ सामाजिक प्राणी भएकाले उसको व्यवहार पनि समाज अनुरूप नै हुन्छ । विगत साँढे दुइ दशकदेखि शिक्षण पेसामा संलग्न रहे पनि साहित्यको यथेष्ट अध्ययन गर्दै समाजसेवा र साहित्यिक अभिवृद्धितर्फ सक्रिय देखिंदै आएका 'बसन्तपुरे'  कर्मठ र निस्वार्थ साहित्य सेवकका रूपमा परिचित छन् । उनीले आजसम्म विविध पक्षबाट विभिन्न क्षेत्रको सम्मुन्नतिमा क्रियाशीलता देखाउँदै आएका छन् । नेपाली समाज र साहित्यको अभिवृद्धितर्फ दत्तचित्त 'बसन्तपुरे'ले आर्जन गरेका सार्वजनिक व्यक्तित्वका पक्षहरूलाई साहित्येतर र साहित्यिक गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ ।

## ३.७ साहित्येतर व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । उसले समाजमा ज्ञात अज्ञात रूपमा केही न केही काम गरिरहेको हुन्छ । मानिस समाजमा बसोबास गर्ने भएकाले उसले समाज अनुसार विभिन्न काम  गर्नु पर्ने हुन्छ । समाजमा बसेपछि साहित्य  सृजना मात्र गरेर पुग्दैन त्यसैले यदुनाथ 'बसन्तपुरे' साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्वका रूपमा पनि अत्यन्त प्रभावशाली देखिन्छन् । उनको साहित्येतर व्यक्तित्वलाई निम्न लिखित शीर्षकमा राखेर अध्ययन गरिन्छ :

### ३.७.१. समाजसेवी व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकोले समाज नभई ऊ बाँच्न सक्दैन । मानव नभई समाज हुन सक्दैन । मानव र समाजमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यस्तै यदुनाथ पनि समाजका विभिन्न सङ्घ-संस्थाहरूसँग आफ्नो सम्बन्ध गाँसेर सामाजिक क्षेत्रमा संलग्न व्यक्तिका रूपमा देखा परेका छन् । साहित्यका माध्यमबाट सामाजिक परिवर्तनको अगुवाइ

गर्ने काम  'बसन्तपुरे'ले गरेका छन् । उनका साहित्यिक कृतिहरूले सामाजिक बेथिति माथि दरिलो व्यङ्ग्य गरेको पाइन्छ साथै त्यस्ता विकृतिहरू विरुद्ध एकताबद्ध भएर संघर्षमा अगाडि बढ्न 'बसन्तपुरे'ले आह्वान गरेका छन् । गाउँघरमा जोसुकैलाई जस्तोसुकै सहयोग गर्नुपरे पनि उनी पछि हट्दैनन् । जुनसुकै सार्वजनिक काममा उनको अगुवाइ रहेको पाइन्छ । सार्वजनिक काम नगरी उनी बस्न सक्दैनन् । बाटोघाटो, पाटीपौवा, धारा-पानी, भोजभतेर, जन्ती, मलामी, सभा-गोष्ठी सबैतिर यदुनाथ अगाडि देखिन्छन् ।

### ३.७.२. संस्थागत व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । समाजका संघ संस्थाहरूमा उसको संलग्नता अवश्य नै हुन्छ । कवि 'बसन्तपुरे'को संस्थागत व्यक्तित्वको अध्ययन गर्दा थाहा हुन्छ कि  दर्जनौं संघ संस्थाहरूमा आवद्ध भइ समाज सुधारका विविध काम उनले सम्पन्न गरेका थिए । उनी आबद्ध संघ संस्थाहरू प्रगतिशील लेखक सङ्घ सिन्धुपाल्चोक जिल्ला समिति सचिव, प्रगतिशील लेखक सङ्घ केन्द्रीय समिति पार्षद्, ने.क.पा. एमाले- संगठित सदस्य आदि बीस जति सङ्घ संस्थाहरूमा यदुनाथ 'बसन्तपुरे'को संलग्नता भेटिएको छ ।

### ३.७.३. शिक्षक व्यक्तित्व

शिक्षण कार्य जस्तो उत्तरदायित्वपूर्ण र गहन जिम्मेवारीको पेसामा लागेर 'बसन्तपुरे'ले २०४५ सालदेखि अविच्छिन्न रूपमा बालबालिकाहरूलाई पढाउँदै आएका छन् । लगभग २६ वर्ष अध्यापन गरेका 'बसन्तपुरे' लगनशील, कर्तव्यपरायण देखिन्छन् । शिक्षकमा हुनुपर्ने सम्पूर्ण गुण उनीमा रहेको छ । समयमा विद्यालयमा पुग्नु, बालबालिकालाई मायालु वातावरणमा पढाउनु, मिठो बोल्नु, शिक्षाबाट बञ्चित भएका बालबालिकालाई खोजी-खोजी ल्याएर विद्यालयमा भर्ना गराउनु, सबैलाई समान व्यवहार गर्नु, विद्यालयको भौतिक व्यवस्था मिलाउन रातो दिन लागि पर्नु, भेदभाव रहिततरिकाले अध्यापन गर्नु नै 'बसन्तपुरे'को विशेषता हो ।

### ३.७.४. धार्मिक व्यक्तित्व

यदुनाथ कोइरालाका पिता पुर्खा अध्यात्ममा निष्ठावान् थिए । वैदिक धर्मावलम्बी बुबा हजुरबुबा प्रतिष्ठित कर्मकाण्डी ब्राह्मण हुनुहुन्थ्यो । उनका पिता रामप्रसाद विहान चाँडै उठी शौच,  स्नान आदि गरिसकेपछि नित्य वेदपाठ, चण्डिपाठ, गीतापाठ, रुद्रीपाठ गर्ने गर्दथे । घरमा बेलाबेलामा धार्मिक कार्यहरू भइरहन्थे । भानुभक्तीय रामायण र महाभारतका कथा राम प्रसाद आफ्ना सन्तानलाई सुनाउने गर्दथे । यस्तो वातावरणमा हुर्केका यदुनाथमा उच्च धार्मिक व्यक्तित्व हुनु स्वाभाविकै हो । उनी बेलुका चाँडै सुत्ने र

प्रातः  कालमा चाँडै उठ्ने गर्दछन् । नित्य स्नान गर्ने यदुनाथ प्रायः घरनजिकै रहेको गौखुरेश्वर मन्दिरमा दर्शन गर्न जाने गर्दछन् । केही समय योग गरी जप, ध्यान र पाठमा लाग्दछन् ।

गीता, चण्डी, रुद्री, वेद जस्ता धार्मिक ग्रन्थ उनले सानै उमेरमा अध्ययन गरेका थिए । मन्दिर निर्माण, पाटीपौवाको निर्माण, चौतारो निर्माण आदि काममा उनी अगाडि देखिन्छन् । समाजमा हुने जुनसुकै धार्मिक कार्यमा उनको संलग्नता रहेको देखिन्छ ।

### ३.७.५. राजनीतिक व्यक्तित्व

यदुनाथ 'बसन्तपुरे' वामपन्थी विचारका व्यक्ति हुन् । २०४२/०४३ सालदेखि नै वामपन्थी विचारबाट प्रभावित भई अनेरास्ववियुको सदस्यता लिई उनी पञ्चायती व्यवस्थाको विरोधी बने । विद्यार्थी सङ्गठनमा रहेर उनले पञ्चायती व्यवस्थाको विरुद्ध सङ्गठित भई लाग्न सबैलाई अभिप्रेरित गर्दै अगाडि बढे । २०४० सालमा भएको पिस्कर हत्याकाण्डको घाउ, पशुपति शम्शेर तथा नेत्र विक्रमको दमनकारी राजनीतिक अवस्था भोगेका यदुनाथ २०४३ सालमा भएको अनेरास्ववियुको जिल्ला सम्मेलन काभ्रेका विदुर सापकोटाको प्रमुख आतिथ्यमा श्री जाल्पादेवी मा.वि.मा भइरहेको बेला पुलिसले चारैतिरबाट घेरा हाली मारपिट हुँदा पुलिसको आँखा छलि त्यहाँबाट भागेर ज्यान बचाउन सफल भएको कुरा उनी बताउँछन् । हाल उनी ने.क.पा. एमालेको संगठित सदस्य भइ काम गर्दै आएका छन् ।

### ३.८. साहित्यिक व्यक्तित्व

यदुनाथ वसन्तपुरेका विविध साहित्यिक ब्यक्तित्व देखिन्छन् । उनका साहित्यिक ब्यक्तित्व निम्नानुसार छन्ः

### ३.८.१. कवि व्यक्तित्व

नेपाली साहित्यका विविध विधामा कलम चलाएका यदुनाथले आफ्नो साहित्यिक यात्राको सुरुवात कविता मार्फत् गरेका छन् । **परिस्थितिले जन्माएका अनुहार** २०५३ कविको प्रथम प्रकाशित कविता रङ्ग्रह हो । उनको दोस्रो कविता सङ्ग्रह **मौसमी खेती** २०६०  हो । सिन्धुबाट प्रकाशित 'जमघट साहित्यिक द्वैमासिक' २०६० मा **आशा** र **पाखा पखेरा** शीर्षकका कविता प्रकाशित छन् । यसैगरी २०५४ मा 'सिन्धु मिलन सङ्ग्रह' २०५४ मा उनको **सिन्धुको सुसेली** शीर्षक कविता प्रकाशित भएको छ । सिन्धुबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा उनका कविताहरू प्रकाशित भइरहेका छन् । कविका दुइ खण्डकाव्य **म किसान बिर्खे** २०६४ र **परिबन्ध भित्र** २०६४ प्रकाशित छन् । २०६५ मा **झ्यालखाना** र २०६९ मा **ओझेल** यी दुइ ओटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । उनका कवितामा राष्ट्रप्रति अगाध भक्ति रहेको पाइन्छ ।

### ३.८.२ गीतकार व्यक्तित्व

जनसाधारणको सुख, दु:ख, प्रशंसा, पूजा, चाडपर्व, रीतिस्थिति, रहनसहनबाट पूर्ण रूपले प्रभावित भएर जन्मिएको सरल, चोखो गीति अभिव्यक्ति नै लोकगीत हो । यदुनाथ गीतकार पनि हुन् । उनका गीतमा राष्ट्रियता झल्किन्छ । दु:खीहरूका दु:ख पीडाहरूलाई 'बसन्तपुरे'ले आफ्ना गीति कृतिमा प्रस्तुत गरेका छन् । **साँचोमाया, सल्लेरी हावैमा, साहसी किसान, ठिटा र ठिटी, चोली भिज्यो, परिगाउँकी साइली, जिरी बसैमा, सिपा धैरेनी, नरोऊ नेपाल** जस्ता गीतहरू सारै राम्रा छन् । उनको वि. स.२०५७ मा **ऐतिहासिक क्रान्ति** गीति काव्य प्रकाशित भएको छ । उनको दोस्रो गीतिकृति **मायाको तरेली** गीति सङ्ग्रह २०६१ हो । बसन्तपुरेको अर्को गीति कृति **निशाना** २०६३ मा प्रकाशित भएको छ । उक्त कृतिहरूले उनलाई गीतकार व्यक्तित्वको रूपमा चिनाउने काम गरेका छन् ।

### ३.८.३ सम्पादक व्यक्तित्व

विविध व्यक्तित्वका धनी 'बसन्तपुरे'को सम्पादक व्यक्तित्व साहित्यिक व्यक्तित्वका रूपमा महत्वपूर्ण रहेको छ । उनको व्यक्तित्व सृजनामा मात्रै फष्टाएको होइन सम्पादक कार्यबाट पनि विकसित भएको देखिन्छ । सम्पादकीय कार्य महत्वपूर्ण र गहन जिम्मेवारीको हुन्छ । त्यसका लागि रचनात्मक कुशलता, पूर्वाभ्यास, प्रयोग र परिष्कार आवश्यक हुन्छ । लेख्नुभन्दा लेखेको विषयलाई कलात्मक रूपले सम्पादन गरी प्रस्तुत गर्नु छुट्टै क्षमताको विषय हो । यदुनाथ 'बसन्तपुरे'ले आफूले लेखेका कृतिहरूको सम्पादन आफैंले गरेका छन् ।

उनले प्रधान सम्पादक भई श्री सिपा तीनघरे संस्कृत उ.मा.वि.को स्मारिका प्रकाशन गरेका छन् । साहित्यिक अविरल अङ्क १-५ सम्मको प्रकाशन बसन्तपुरेकै अध्यक्षतामा भएको हो । यसरी हेर्दा उनी एक कुशल सम्पादन क्षमता भएका व्यक्ति हुन् भन्न सकिन्छ ।

### ३.८.४. 'बसन्तपुरे' को रचना धर्मिता

यदुनाथ 'बसन्तपुरे' आधुनिक काल अन्तर्गत चौथा मोडमा देखापरेका विशिष्ट प्रतिभा हुन् । विद्यालयमा आठ-नौ कक्षा पढ्दादेखि नै गीत, कविता, मुक्तक आदि लेख्न तथा गाउन मन पराउने सुमधुर स्वरका धनी 'बसन्तपुरे' को सर्वप्रथम प्रकाशित कृति **परिस्थितिले जन्माएका अनुहार** (२०५३) गीत तथा कविताहरूको सङ्ग्रह प्रकाशित भएको छ । यसमा आठ ओटा गीतहरू रहेका छन् भने एघार ओटा कविताहरू छन् । सामाजिक विकृतिमाथि प्रहार, अन्याय अत्याचार प्रतिको घोर विद्रोह यस कृतिमा पाइन्छ । यदुनाथ 'बसन्तपुरे' ले

२०५७ सालमा **ऐतहासिक कान्ति** नामक गीतिकाव्य प्रकाशित गरेका छन् । तिन सर्गमा वर्णन गरिएको यस गीति काव्यमा १७३ ओटा गीतिपद्यहरू रहेका छन् । प्रस्तुत कृतिमा २०४६ साल कार्तिक ५ गतेदेखि २०४७ साल वैशाख १० गतेभित्र सञ्चालित निर्णायक जनआन्दोलनको शब्दचित्र उतार्ने प्रयास भएको छ । यस काव्यका विषयमा कृष्णप्रसाद पराजुलीले–

*'ऐतिहासिक घटनाक्रमलाई मुख्य विषयवस्तु बनाई प्रस्तुत गरिएको काव्यले नेपाली साहित्यलाई मलजल गर्न सहयोग पुगेको मात्र छैन काव्यमार्फत् पाठकहरूले क्रान्तिको ज्वालाको तातो अनुभूति लिन सक्नेछन् भनी उल्लेख गरेका छन् (बसन्तपुरे, यदुनाथ-ऐतिहासिक क्रान्ति भूमिका) ।*

यदुनाथ को अर्को कृति **बाँडेगाउँ-दपर्ण** २०५८ प्रकाशित भएको छ । यस कृतिमा 'बाँडेगाउँ' गा.वि.स. लाई उनले चिनाउने प्रयास गरेका छन् । यसैगरी उनको **मौसमी खेती** (कविता सङ्ग्रह २०६०), **झ्यालखाना** (कविता सङ्ग्रह २०६६), **ओझेल** (कविता सङ्ग्रह २०६९) यी तीन ओटा कविता सङ्ग्रहमा ७६ ओटा शीर्षकमा कविताहरू रचिएका छन् । प्रस्तुत सङ्ग्रहमा ५६ ओटा छन्दमा छन् भने बाँकी कविताहरू गद्यशैलीमा छन् । **झ्यालखाना** मा बाँचेको के सार त, ज्ञानका पारखी, ख्यालराखुँ, उठ आज बुद्ध, कर्तव्य जस्ता तीस ओटा कविताहरू यस सङ्ग्रहमा छन् । **ओझेल** भित्र कर्म गर्ने बाँच्दछ, क्रान्ति, देशपेमी आऊ, जागुम गरीब, ढाँटेरै कमायौ जस्ता ५३ ओटा कविताहरू यसमा समावेश गरिएका छन् । उक्त कविता सङ्ग्रहमा रहेका कविताहरूले समाजवादी यथार्थको उद्घाटन, शासकप्रतिको विद्रोह, सामन्ती थिचोमिचो प्रति आक्रोश, शृङ्गारिकता, गरिबीप्रति चिन्ता, सुधारवादी चेत, प्रगतिशीलता, देश भक्ति, क्रोध, वीरता, हिंसा, जागरण जस्ता प्रवृत्ति भाव र विषयवस्तुलाई अवलम्बन गरेको पाइन्छ । यदुनाथको **म किसन बिर्खे** ( खण्डकाव्य २०६४) मा प्रकाशित कृति हो । यसमा गरिब किसानको चित्रण गरिएको पाइन्छ । गाउँघरमा ठूला ठालुबाट हुने थिचोमिचो, राजाको हैकमी क्रूर शासन, धनी र गरिब बीचको दूरी, सामाजिक प्रचलन आदि विषयवस्तुलाई यस खण्डकाव्यले देखाएको छ । यसका भूमिका लेखक देवी नेपालले–

*'सशक्त विचार, सरल प्रस्तुतिकरण, गम्भीर भाव र समसामयिक नेपाली राजनीतिक अवस्थाको चौकोशमा बाँधिएर आएको प्रस्तुत खण्डकाव्यमा कविता भित्र लुकेको आक्रोश, आशङ्का र आशा तीनै कुराको समष्टि रूप पाइन्छ'* भनी उल्लेख गरेका छन् ।

यदुनाथ 'बसन्तपुरे' एक कवि मात्र होइनन् उनले गीत पनि रचना गर्ने गरेका छन् । उनका दुइ ओटा गीति सङ्ग्रहहरू प्रकाशित भएका छन् । ती **मायाको तरेली** (२०६१) र **निशाना** (२०६३) हुन् । 'मायाको तरेली' मा मायाको तरेली, कर्तव्य, सम्झना, हरियो

पाखैले, नरोऊ नेपाल, साहसी, किसान, सल्लेरी हावैले जस्ता ४७ ओटा गीतहरू रेहका छन् । 'निशाना' भित्र हक छैन, बोलाउँदा बोल्दिनौ, विदेश किन पस्छौ ? जस्ता ३८ ओटा गीतहरू समाविष्ट गरिएका छन् । मध्यमवर्गीय परिवार र परिवेशका वाहक यी गीतहरूमा न केवल राष्ट्रिय चेतनाले व्यग्र भावना पाइन्छ । कवितात्मक चेतनाले रङ्गिएका भावनात्मक परिवेश पनि भेटिन्छन् ।

# अध्यायः चार

# यदुनाथ ‘बसन्तपुरे’का कविता सङ्ग्रहको अध्ययन

## ४.१ विषय प्रवेश

नेपाली साहित्यको इतिहासमा साहित्यकार यदुनाथ कोइरालाको विशिष्ट योगदान रहेको छ । उनका साहित्यिक कृतिहरूको मूल्याङ्कन गर्ने क्रममा उनले रचना गरेका र उनका उपलब्ध कृतिहरूको विविध दृष्टिकोणबाट अध्ययन गर्नु आवश्यक हुन्छ । कवि एवं साहित्यकारहरूले कुन परिवेशमा रहेर कृति रचना गरे ? कृतिले प्रदान गरेको मूल सन्देश के हो ? र तिनमा समाविष्ट मूलभूत विशेषता के के छन्, त्यसतर्फ पनि दृष्टि पुऱ्याउनु आवश्यक हुन्छ । त्यसैले प्रस्तुत परिच्छेदमा ‘बसन्तपुरे’ का कृतिहरूलाई विधागत रूपमा विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

## ४.२ नेपाली कविताको विकासक्रममा यदुनाथ ‘बसन्तपुरे’

वि.सं.१८२५ तिर सुवानन्द दासद्वारा रचित पृथ्वीनारायण शाह शीर्षकको कवितासँगै नेपाली कविता लेखनको सुरुवात भएको अनुमान छ (शर्मा र श्रेष्ठ;२०४६ ) । नेपाली कविताको विकासक्रमलाई मोटामोटी रुपमा तिन चरणमा विभाजन गर्न सकिन्छ (पराजुली ,२०५४:पृ ३२) ।

(क) प्राथमिक काल (१८२५-१९४०)

(ख) माध्यमिक काल (१९४१-१९७५)

(ग) आधुनिक काल (१९७५- हालसम्म)

आधुनिक काललाई पनि चार मोडमा विभाजन गर्न सकिन्छः

(क) पहिलो मोड (१९७६-१९९०)

(ख) दोस्रो मोड (१९९१-२०१६)

(ग) तेस्रो मोड (२०१६-२०२९)

(घ)चौथो मोड (२०३० देखि हालसम्म)

नेपाली कविताको विकास क्रमलाई हेर्दा यदुनाथ कोइराला आधुनिक काल अन्तर्गत चौथो मोडमा देखा परेका प्रतिभा हुन् । उनी कविताहरूमा समसामयिक विचारहरू प्रस्तुत गर्न सिपालु मानिन्छन् । राजनीति, जागरण, अधिकारप्रति सचेतता, सामाजिक समस्या, प्रकृति,

प्रणय, कान्ति आदि उनका कविताका विषयवस्तु हुन् । नेपाली कविता विकास क्रममा यदुनाथ 'बसन्तपुरे'लाई आधुनिक काल अन्तर्गत चौथो मोड अर्थात् समसामयिक धाराका कवि भन्न सकिन्छ ।

### ४.३ यदुनाथ 'बसन्तपुरे'को कविता यात्रा

यदुनाथ 'बसन्तपुरे'को समग्र जीवनमा कविता सिर्जनाको यात्रालाई हेर्दा मुख्यतः दुई चरणमा विभाजन गरेर हेर्नुपर्ने हुन्छ । लेखन यात्रा सुरु भएको समय २०४२ देखि २०६२ सम्मको कविता यात्रालाई प्रथम चरण २०६३ देखि हालसम्मको समयलाई दोस्रो चरण मानेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

प्रथम चरण– वि.सं. २०४२ देखि २०६२ सम्म

दोस्रो चरण- वि.सं. २०६३ देखि हालसम्म

#### ४.३.१ प्रथम चरण (२०४२ देखि वि.सं. २०६२ सम्म)

गाउँले लोकगीत, सिलोक, **रामायण**, **महाभारत** आदिका माध्यमबाट साहित्यतर्फ आकर्षित हुन थालेका 'बसन्तपुरे' आठ-नौ कक्षा पढ्दादेखि नै गीत, फुटकर कविता मुक्तक लेख्न तथा गाउन मन पराउने व्यक्ति हुन् । वि.सं.२०५२ मा सिन्धुमिलन केन्द्रबाट प्रकाशित **सिन्धु मिलन** नामक सङ्ग्रहमा उनको 'सिन्धुको सुसेली' नामक शीर्षकको कविता प्रकाशित भएको पाइन्छ, जुन यस प्रकार छ-

सुनकोसी नदी कलकल बग्दा सुन्दर सुसेली  
बिहानी हिमाल मुसुक्क हाँस्दा धानको बहेली,  
दुःखीका लस्कर बोकेर हलो बेसीमा झर्दछन्  
किसानका झुप्रा बहँदा हावा फिर फिर गर्दछन् ।  
छहरा गाना गाउँदै सधैं आनन्द दिंदो छ  
ती कुना काप्चा भुलेर सधैं साहित्य रम्दो छ  
यसैले फेरि बसन्त ऋतु स्वागत गर्दछ  
सिन्धुको मीठो काव्यको धुन चेतना छर्दछ (सुवेदी; २०५४: २३६) ।

रमणीय स्थल बसन्तपुरमा जन्मी हुर्केका 'बसन्तपुरे' का कविता कतै प्रकृतिमा नै लुटुपुटु गरेका देखिन्छन् भने कतै नेपालको समसामयिक राजनीति र प्रशासनिक क्षेत्रमा देखा परेका विकृति विसङ्गति र बिडम्बनाको भण्डाफोर गर्दै डुकन्छन् ।

कोइरालाको कविता यात्राको प्रथम चरणमा दुई ओटा कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । उनको प्रथम प्रकाशित कृति **परिस्थितिले जन्माएका अनुहार** (२०५३) हो । कविता सङ्ग्रह भनी उल्लेख गरे तापनि यस भित्र बम्बै बस्ने चेली, स्वच्छ हिमाल, मदन आश्रित स्मृति दिवस, पाँच पोखरी देववस्ती, दाजुप्रति चेलीको सम्भना, दुःखीको चाला जस्ता आठ वटा गीतहरू र एघार ओटा कविताहरू गरी जम्मा १९ ओटा गीत र कविता यसमा रहेका छन् ।यस सङ्ग्रहमा  सङ्कलन गरिएका कवताहरू भन्दा गीतहरू चित्ताकर्षक देखिन्छन् । कवि सिकारु हुनाले कवितामा धेरै ठाउँमा  त्रुटीहरू पाइन्छन् । यसमा सङ्ग्रह गरिएका कविताहरुमध्ये तीर्थ भलक, खाइमुना गाउँको ओगपुर किसानका सुस्केरा असारे भ्याउरे लयमा र सवाईमा लेखिएका छन् । कुनै दिन शीर्षकको कविता भुजङ्ग प्रयात छन्दमा लेख्ने जमर्को गरेका छन् । अरु बाँकी सबै भ्याउरे लयमा नै लेखेका छन् ।

यस सङ्ग्रहमा उनिएका गीतहरू भने सारै नै राम्रा छन् । गीतको अध्ययन गर्ने क्रममा यस सङ्ग्रहका गीतको पनि अवश्य अध्ययन हुने छ ।

'गंगा सागर ठाकुरपुरी', **तीर्थ भलक** यात्रा संस्मरण कविले यस कृतिको अन्त्यमा भ्याउरे लयमा लेखेका छन् । **तीर्थ भलक** बाट एक, दुईवटा पद्य

बुढेसकालका आमा र बाबा तीर्थमा जाने रे
खबर पाएँ म पछि लागें के छोड्नु साथ हे
हरिहर क्षेत्र आसपास घुमी लहरमा घुमियो
राम नाम जपी रमाईकन आनन्द लिइयो ।

(परिस्थितिले जन्माएका अनुहार- पृ.२२)

मुनामदनको शैलीमा लेखिएको यो 'तीर्थ भलक' पढ्दा सारै आनन्द आउँछ । आफू स्वयम् नै तीर्थ यात्रा गरिरहेको जस्तो अनुभूति यसले गराउँछ ।  तीर्थ यात्रा जाँदा धेरै सर्तक भएर जानु पर्छ । बाटामा धन सम्पत्ति लुट्न गुण्डाहरूले आक्रमण पनि गर्न सक्छन् भन्दै कवि आफ्नो लयमा यसरी भन्दछन्–

कलकत्ता जाने त्यो गाडी माथि ढुंगाको प्रहार
बिहारमा बस्ने ती छुरी बोक्ने गुण्डा छन् हजार

गुण्डाहरूले मात्रै होइन, मन्दिरमा नै बस्ने पण्डाहरूबाट पनि नेपाली तीर्थयात्रीहरू ठगिने गरेका उदाहरणहरू धेरै पाइन्छन् । त्यसै प्रसङ्गमा कवि भन्छन्–

ईश्वर भन्दै तीर्थालु सबै मन्दिरमा नमस्कार
पण्डाले भन्थे गोर्खाली पाखे रित्तो हात नपसार ।

कविको अनुभवमा तीर्थयात्रा त्यति सहज छैन । बुढाबुढी भएपछि तीर्थ जाने हामी नेपालीहरूको प्रचलन छ । धेरै दिनसम्म बसमा बसी रहँदा धेरै गारो हुने, बाटोमा डाका, गुण्डाहरूबाट ठगिने पिटिने सम्भावना हुने, तीर्थमा पुगिसकेपछि पनि पण्डाहरूको तीतो बोलीले मर्माहत हुनु पर्ने यी आदि कठिनाइ हुँदा हुँदै पनि तीर्थ स्थलहरूको दर्शन, मठ-मन्दिरमा गुन्जिने वेद ध्वनि, सन्ध्याकालीन आरती, साधु सन्तहरूको संगतले कसको मन आल्हादित नगराउला र भनि कवि भन्दछन् ।

**मौसमी खेती** (२०६०) कवि 'बसन्तपुरे'को प्रथमचरणको दोस्रो प्रकाशित कविता सङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहभित्र अधिकांश कविता ५६ वटा छन्दमा छन् भने बाँकी कविताहरू गद्यशैलीमा लेखिएका छन् । यस सङ्ग्रहमा उनका ७६ वटा कविताहरू छन् । छन्दका कविता एक अक्षरे लघु गुरुदेखि छत्तीस अक्षरेसम्मका छन् ।

उनी विद्वान्हरूलाई आफ्नो कविता पढी गुण-दोष छुट्याइदिन अनुरोध गर्दछन् उपजाति छन्दमा लेखिएको पद्य–

मेरा जहाँ छौ जति छौ हितैसी
तर्सन्न भन्दै गुण दोष देखि ।
अर्पन्छ ल्याई यदुनाथ ऐले
पढी रमाउन कविता सबैले ॥

(मौसमी खेती-मंगलाचरण)

कविहरू प्रकृति प्रेमी हुन्छन् । छहरा-पहरा जहाँ बसे पनि कविता लेख्ने बानी लागि सकेपछि नलेखी बस्न सक्दैनन् । शिक्षण पेशामा लाग्दालाग्दै, हिँड्दा, उठ्दा, बस्दा कुनै पनि बेला कवितामै तल्लिन रहन्छन् कवि 'बसन्तपुरे' । आफ्नो उपजाति छन्दमा लेखिएको कविता मार्फत् प्रकृतिको वर्णन उनी यसरी गर्दछन् ।

पखा-पखेरा हरिया सबै छन्

यी नै हिमाली संगमा झुलेछन् ।

झंकार दिन्छन् रूपमा जुनेली

फाँटैभरी छिन् रूपकी उजेली ॥

(मौसमी खेती-पृ. १९)

चरा समेट्दै पखेरु हिँडेकी

नारा बटुल्दै संगिनी डुलेकी ।

चट्टान हेरी सब दंग पर्छन्,

चाँ चाँ र चीं ची. वन माझ गर्छन् ॥

(मौसमी खेती-पृ. १९)

प्राकृतिक बनोटलाई जस्ताको तस्तै रूपमा कवितामा उतार्न कवि सफल छन् । वन-जंगल, डाँडा- काँडा, नदी-नाला, हिमाल-पहाडको यथार्थ वर्णन गरी उनले धेरै कविता लेखेको पाइन्छ ।

छन्द सिक्न चाहने जो कोहीलाई 'मौसमी खेती' कविता सङ्ग्रह अति नै उपयोगी देखिन्छ ।

बाह्र वर्षे सशस्त्र आन्दोलनमा राज्यपक्षबाट र विद्रोही पक्षबाट धेरै नेपालीहरू मारिए । धेरै बालबालिकाहरू टुहुरा भए । नेपाली दिदी–बहिनीहरूको सिउँदो पुछियो । बुढाबुढीहरूको लौरो भाँचियो भनी कवि दुःख व्यक्त गर्दछन् ।

नेपाली तटमा बिछट भुमरी मान्छे मरेका कति

गोला बारुदले डढाइ जनता पाखा परेका जति ।

आफ्नै हुन् जन यी अबोल मरने रोइ रुँगेका कति

कैले संकटको क्षणै छ सकिने रक्ताम्य मैला जति ॥

(मौसमी खेती-पृ. ३३)

सादा जीवन उच्च विचारका धनी 'बसन्तपुरे'को कविता यात्राको प्रथम चरण सिकारु अवस्थाको चरण हो । यस चरणका कविताहरूमा रूप र कला पक्षमा केही कमी भएता पनि भाव पक्ष अति नै सबल छ । यस चरणमा सङ्ख्यात्मक रूपमा तथा गुणात्मक रूपमा पनि उनका कृति प्रशंसनीय छन् ।

### ४.३.२ कविता यात्राको दोस्रो चरण (२०६३ देखि हालसम्म)

कवि यदुनाथ कोइरालाको कविता यात्राको दोस्रो चरण उर्वर चरणका रूपमा लिइन्छ । कविका दुइवटा खण्डकाव्य **म किसान बिर्खे** (२०६४) र **परिबन्ध भित्र** (२०६४) यसै चरणमा प्रकाशित भएका छन् । **झ्यालखाना** (२०६६), **ओझेल** (२०६९) यी दुइवटा खण्डकाव्य पनि यसै चरणमा हामी समक्ष आएका छन् भने 'भुमरी' नामक महाकाव्य प्रकाशोन्मुख रहेको कवि बताउँछन् ।

#### ४.३.२.१ झ्यालखाना तथा ओझेल कविता सङ्ग्रह

कवि कोइरालाको 'झ्यालखाना' कविता सङ्ग्रह भित्र शास्त्रीय छन्दमा लेखिएका तीस ओटा कविताहरू समावेश गरिएका छन् । तिस पृष्ठ लामो यस कविता सङ्ग्रहको आवरण पृष्ठको चित्रमा फ्यालखानाको चित्रण छ । झ्यालखाना बाहिर विभिन्न पार्टीका झन्डा बोकेका मानिसको जुलुस देखिन्छ । यस चित्रले धेरै कुरा बोलेको छ । ०६२/०६३ को निर्णायक जनआन्दोलनको झलकलाई यस चित्रले प्रष्ट्याएको छ ।

कवि 'बसन्तपुरे'ले झ्यालखाना कविता सङ्ग्रहको सुरुमा आफ्ना अग्रज स्रष्टाहरूलाई सम्मान गर्दै 'सम्झनाको कोसेली' शीर्षकमा मंगलाचरण स्वरूप युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित, पूर्ण प्रकाश नेपाल 'यात्री', कृष्ण प्रसाद पराजुली आदि १० जना साहित्यकारहरूका एक-एक वटा श्लोक उल्लेख गरी आफ्ना कविताहरू प्रस्तुत गरेका छन् ।

कवि यदुनाथ 'बसन्तपुरे'को 'ओझेल' कविता सङ्ग्रह भित्र शास्त्रीय छन्दमा लेखिएका एक श्लोकदेखि लिएर चौध श्लोकसम्मका त्रिपन्न वटा कविताहरू संकलित छन् । आवरण पृष्टको चित्रमा अस्ताउन लागेका सूर्यको साथमा आधा छोपिएको नेपालको राष्ट्रिय झण्डालाई देखाइएको छ । त्यसको तल नेपालको नक्सा रहेको छ । यस चित्रले नेपाल भूमि आज अप्ठ्यारो अवस्थामा छ भन्ने सङ्केत गरेको छ । नेपालको सीमाना रातोदिन अतिक्रमणमा परेको छ । देशभरि अशान्तिको ज्वाला दन्किएको छ । हाम्रा पुर्खाहरूले विदेशी साम्राज्यवादीहरूलाई वीरतापूर्वक युद्ध गरी लेखेटेकाले 'वीर गोर्खाली' भन्ने नाम कमाएका थिए, भने आज हामी नेपाली दाजु भाइ एक आपसमा युद्ध गरी वीरताको परिचय दिइरहेका छौं । आफैले नेपाली चेलीहरूको सिउँदो पखाली रहेका छौं । हज्जारौं बालबालिकालाई आज टुहुरा बनाएका छौं । वास्तवमा आवरण चित्रले यस्तै भनिरहेको छ

। कवि यदुनाथका यस चरणका कविताहरूमा राष्ट्रिय भावनाले ओतप्रोत भएका भावहरू पाइन्छन् ।  झ्यालखाना शीर्षकमा लेखिएको पद्य–

अफाप नै भो जनक्रान्ति क्रान्ति
उद्दण्डताकै किन चल्छ मस्ती ।
पायौं त के नै मन खिन्नता छ,
पुस्ता सबैका गतिचाल यै छ ॥

(झ्यालखाना- पृ. ३०)

ज्ञानका पारखी शीर्षकको अर्को पद्य-

जालिकै फूर्तिले देश नै निम्सरो
युद्धकै खेलले भत्कियो बिग्रियो ।
हैकमी गर्जदै धुत्नमै लाग्दछन्
धक्कुले मात्तिदै नीति नै तोड्दछन् ।

(झ्यालखाना- पृ. २)

कवि देशमा सुख शान्ति देख्न चाहन्छन् । भगवान् गौतमबुद्ध जन्मेको देशमा आफू जन्मन पाउँदा खुशी छन् भने वर्तमान अवस्थाको हत्या, हिंसादेखि उनी सारै दुःखी हुन पुगेका छन् । सबै नेपाली दाजुभाइहरू मिलेर देश विकासमा लागौं, अब झै झगडा नगरौं भन्दै कवि भन्छन्-

आशा नफाटुन् मनमा छ राग
नेपाल संवृद्धि बनोस् छ आशा
नयाँ पनाको रङ रूप छाओस्
नेपाल हाँस्ने दिन भै उदाओस् ।

(ओझेल- पृ. १३)

कवि यदुनाथ नेपाली जनताले सुख, शान्ति पाएको देख्न चाहन्छन् ।

### ४.३.३ यदुनाथ 'बसन्तपुरे'का कविताका विषयवस्तु

यदुनाथ 'बसन्तपुरे' देश, काल, परिवेश अनुरूप विविध सन्दर्भ र विषयहरूलाई आफ्ना कविताको विषय बनाउने गर्छन् । उनका कविताका विषयहरू राजनीतिदेखि प्रकृतिसम्म र विकास निर्माणदेखि नारी जागरणसम्म छरिएर रहेका छन् । उनका कविताका अधिकांश विषय नेपाली राजनीतिसँग सम्बद्ध छन् । नेपाली समाजमा भएका रीति कुरीति आदिको चर्चा पनि उनका कवितामा देख्न सकिन्छ । चेलीबेटी बेचबिखन जस्तो मानव कलङ्कको रूपमा रहेको अमानवीय चरित्रमाथि प्रहार गर्दै त्यसबाट सचेत रहन जनतालाई आग्रह गरेका छन् । प्रतिगमनका विरुद्ध लाग्न आग्रह गर्ने कामदेखि हिंसात्मक रूपमा हुने आन्दोलनको विरुद्ध डट्न पनि आग्रह गरिएको छ । छुवाछुत प्रथाको सशक्त रूपले विरोध गरेको पाइन्छ । यसरी विविध विषयमा कविता लेख्ने 'बसन्तपुरे'को विषयगत विविधतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

#### ४.३.३.१ राजनीतिक विषय

कवि 'बसन्तपुरे' २०४२ सालदेखि नै वामपन्थी विचारलाई बोकेर अगाडि बढेका व्यक्तित्व हुन् । वि.सं २०४० को पिस्कर हत्याकाण्ड र पशुपति समशेर तथा नेत्र विक्रम थापाको राजनीतिक दाउपेचबाट उनी दुःखी हुन पुगेका छन् । पञ्चायती व्यवस्थाको दमनकारी नीतिबाट धेरै नै आहात हुन पुगेका 'बसन्तपुरे'का रचनाहरूमा राजनीतिक विषयवस्तु आएको छ ।

सर्वहारा गरिब निमुखा युवाहरूको बलिदानी पूर्ण सङ्घर्षबाट सत्तामा पुगेकाहरूको काठमाडौँमा आलिसान महलहरू ठडिए, तर उनीहरूद्वारा सर्वहाराको पक्षमा एउटा सिन्को पनि भाँचिएन । नेताहरू सुविधा भोगी भएका छन् । देश र जनता प्रति कसैको चासो छैन, भन्दै उनी आफ्ना कविता मार्फत आक्रोश व्यक्त गर्छन् ।

गर्छौं जे गर पापका गणहरू बाँकी छ के गर्नमा
आफैं मात्र बन्यौ लियौ लिनु लियौ लाग्यौ र के धर्ममा ।
साँच्चै लुट्न हिँड्यौ खुबैसँग उठी गर्छौ भनौ के कुरा
आफैं मात्र बन्यौ लियौ लिनु लियौ बाँकी छ के लुट्नमा ॥

(ओभेल- पृ. ४६)

तिस वर्षीय क्रूर पञ्चायती व्यवस्थाले जनताहरूलाई दिनुसम्मको दुःख दियो । राजा महाराजाहरूकै कारण देशले उन्नति गर्न नसकेको हो । राजतन्त्रले देशलाई खोको बनायो

। देशका ठूला नदी नालाहरू सम्झौताका नाममा बेचिए । देशको राष्ट्रिय ढुकुटीमा एकलौटी शासन गर्ने राजाहरूले देशका अमूल्य सम्पत्तिलाई संरक्षण गर्न सकेनन् । मन्दिरका मूर्तिदेखि लिएर दुर्लभ वन्यजन्तुहरूसम्मका तस्करी उनीहरूले गरे, त्यसैले राजसंस्थालाई उठ्न दिनु हुँदैन भनी कवि राजा ज्ञानेन्द्रको प्रतिगमनको विरुद्धमा आफ्नो विचार यसरी राख्दछन्–

ब्वाँसा खेद्न जुटून् सबै जन उठी छाडा अझै छ भने
चाला यो किन भो लुटे सब खुसी छाडिन्न त्यो हो भने ।
छल्दै मानिस डुल्छ भेउ नदिँदै सच्चा कहाँ भो भन ?
झेलाकै पन त्यो बुझिन्छ सजिलै चिन्दै चिनेनौं किन ?

(ओझेल- पृ. ५०)

राजा ज्ञानेन्द्रको शासनको घोर विरोध गर्दै कवि 'बसन्तपुरे'
कंकाल भित्र मपाइँ राजा बाँचेको दिनले
नेपाल माटो झार्दछ आँसु गाँज्या छ पीडाले
जान्नु छ देश सामन्त स्वर्ग चिनिने नेपाल
कहाँ छ यस्तो बुझेर हेर्दा देखिन्छ कंकाल

(म किसान बिर्खे- पृ. ४२)

राजाको मपाइँत्वले गर्दा सारा जनता मात्र होइन, स्वयं धर्ती पनि पीडित छ, देशलाई कङ्गाल बनाउने सामन्तहरूलाई समाप्त नपार्ने हो भने अमूल्य प्रकृति र अदम्य साहसको कुनै अर्थ हुँदैन । प्रत्येक नेपालीले अब ठगाहाहरूलाई समाप्त पारेर शोषित र पीडित नेपालीहरूका सुध्रिने दिन ल्याउनुपर्छ । राम्रो संविधानको निर्माण गरी देश विकासमा लाग्न नेताहरूलाई कविको सुझाव छ ।

बसेर आफ्नो घर सज्न लाग
बनेर यौटै फल रोप्न थाल
विवादले क्यै पनि हुन्न हुन्न
विधान राम्रो अब पर्छ बुन्न ।

(झ्यालखाना- पृ. १२)

फोस्रा भाषणको समय अब छैन । फोस्रा भाषण जनतालाई टर्रो लाग्न थालेको छ । राजतन्त्रको अवसान भएता पनि दीन दुःखीहरूको दुःखका दिन गएका छैनन् । देश र जनताको उन्नतिको लागि ईश्वरको नाममा सपथ खाई सत्तामा पुगेकाहरूले आफ्नो मात्रै विकास गरे भन्ने विचार यहाँ कवि व्यक्त गर्दछन्–

गर्छौं बन्द विधानको थलसभा के अर्थ नै बोल्नुमा
राजतन्त्र बढारियो भनि खुले झन् झन् अस्वस्थै यहाँ
बन्दै क्रूर उठे खुबै बढी यहाँ मान्छे सताइरहे
यौटा भाषण भो गरे मनपरी आफैं उकास्सी रहे ।

(झ्यालखाना- पृ. १०)

अफाप नै भो जनक्रान्ति क्रान्ति
उद्दण्डताकै किन चल्छ मस्ती ।
पायौं त के नै मन खिन्नता छ,
पुस्ता सबैका गति चाल यै छ ।

(झ्यालखाना- पृ. ३०)

नेताज्यूले गरे वाचा पानी फोका जसै भयो
नेताज्यूको झुटा वाक्य भरोसा मान्नु के थियो ।

(ओझेल- पृ.१६)

राजनैतिक दाउपेचका कारण परिवर्तित समयमा पनि सोचे अनुसारको उन्नति हुन सकेको छैन । पद र प्रतिष्ठा भन्दा राष्ट्रियता ठूलो हो भन्ने भावना नेताहरूमा देखिएन । नेताहरूको अदूरदर्शीताको कारण देशमा अस्तव्यस्तता छाएको कवि बताउँछन् ।

आफ्नै स्वार्थ थियो लियौ सब लियौ विरोध मात्रै किन ?
सत्ता मात्र त छैन रे सब कुरा आफन्त जुझ्छौ किन ?
मात्रै खोच थपेर गर्जन दिने मान्छे यतै छौं बुझ
एकै भैकन सम्बिधान दिनु है संकीर्ण मिल्काउन ।

(ओझेल- पृ.३१)

जनमुखी संविधान निर्माणका लागि सदनमा पुगेकाहरूले भत्ता मात्र बुझे संबिधान बनाउन सकेनन् भनि कवि यहाँ दुःख व्यक्त गर्दछन्

चल्ला मरेमा पनि बन्द बाटो
हल्ला चलेमा पनि बन्द बाटो
हुँदैन सल्लाह र हुन्छ नास
सुझाव माग्ने कुन को छु भन्छ ?

(झ्यालखाना- पृ. २३)

राजनीतिक अस्तव्यस्तताको कारण यातायातको क्षेत्रमा भएको अराजकताको चित्रण कविले यसरी गरेका छन् ।

### ४.३.३.२ प्राकृतिक विषय

यदुनाथ कोइरालाले आफ्ना कवितामा प्रकृतिका विविध विषयहरूमा कलम चलाएका छन् । सिन्धुपाल्चोक जिल्ला प्राकृतिक रूपमा सौन्दर्यपूर्ण जिल्ला हो । यस जिल्लामा बाह्रै महिना हिउँले ढाकिइरहने धेरै हिमशिखरहरू छन् । इन्द्रावती, भोटेकोशी, सुनकोशी, ब्रह्मायणी, झ्याडी सिन्धुखोला, मेलम्ची खोला, होप्टे खोला जस्ता नदीहरूको धनी र पाँचपोखरी, सिपापोखरी, तीनमाने पोखरी, भैरव कुण्ड, ताल कुण्ड जस्ता पोखरी एवं तालहरूको वर्णन उनका कविताहरूमा पाउन सकिन्छ ।

सुनकोसी नदी कल्कल बग्दा सुन्दर सुसेली
बिहानी हिमाल मुसुक्क हाँस्दा धानको बहेली
दुःखीका लस्कर बोकेर हलो बेसीमा भर्दछन्
किसानका झुप्रा बहँदा हावा फिर फिर गर्दछन् ।

(सिन्धु मिलन- पृ. २३६)

कवि 'बसन्तपुरे' आफूलाई प्रकृतिमय देख्छन् । पञ्चतत्वबाट भनेको आफ्नो शरीर भएता पनि उनी आफूलाई प्रकृतिमै विलीन भएको पाउँछन् । प्रकृति नै ईश्वर हो मनै प्रकृति हुँ, प्रकृति नै म हुँ भन्दै दार्शनिक विचार व्यक्त गर्दछन्–

म माटो म ढुङ्गा म पानी म वायु
म साँच्चै यतैको सधैं नै रहन्छु
म हावा म आकास तेजो तलाको
म वृक्ष सबैको सधैंको छु प्यारो ।

(ओभ्रेल- पृ.५४)

म हुँ फूल बेली चमेली र जाई
सयौंमा थुँगाका जुनेली म जुई
म आगो म तारा आकाश सूर्य
सबैमा कलामा म प्राणी सचेत ।

(ओभ्रेल- पृ.५४)

कवि 'बसन्तपुरे'ले ऋतु विषयक कविताहरू पनि रचेका छन् । उनको ऋतु विषयक कविताहरूमा प्रकृतिको अनुपम सौन्दर्य देख्न सकिन्छ । उनको वर्षा शीर्षकको कवितामा वर्षाकालको वर्णन गरिएको छ ।

पानी र हावा वनमा सुसायो
पाखा रसाई गुनगान छायो
मान्छे रुभ्रेका गरुँ काम भन्दै
पाखा-पखेरा हल गोरु नार्दै

(मौसमी खेती- पृ. १६)

बसन्त ऋतुमा वन पाखामा नव अङ्कुरको आगमन हुन्छ । पुराना पातहरू भ्ररेर नवीन पल्लवहरू पलाउँछन् । वन नव पालुवाले अति नै शोभायमान हुन्छ भनी कवि यसो भन्छन्-

गाउँ पखेरा सब हेरी आऊ
पाखा र पर्वत नबिभ्राई आऊ ।
उर्लेर अंकुर धरती खुलाऊ
उत्कृष्ट बन्दै जगमा बसाऊ ।

(मौसमी खेती- पृ. १७)

प्रकृतिमा राम्रो मात्रै हुँदैन । राम्रोको साथमा नराम्रो पनि आइरहेको हुन्छ । फूलसँगै काँढा पनि हुन्छ । काँढा शीर्षकको कविताबाट एउटा उदाहरण-

झुप्पा छ फुल्दै वनमा हजार
साह्रा सजेको कसरी नकार ।
नछोड जाऊ बन कुञ्ज भन्छ,
काँढा कटाए त सुजात रम्छ ।

(मौसमी खेती- पृ. १४)

यसरी कवि 'बसन्तपुरे'ले आफ्ना कविताहरूमा प्रकृतिका विविध रूपको वर्णन गरेका छन् ।

### ४.३.३.३ सामाजिक विषय

यदुनाथ 'बसन्तपुरे'का कविताका विषयहरूमा समाज पनि प्रमुख विषय हो । नेपाली समाजमा विद्यमान आर्थिक शोषण, अन्याय, अत्याचार, अमानवीयता, नेताहरूको अदुरदर्शी व्यवहार आदिको कारणले समाजमा परेको दुष्प्रभावको चित्रण उनका कवितामा पाइन्छ । समाजमा भएका कुरीति र कुसंस्कारलाई उनका कविताले चिरफार गर्ने काम गरेका छन् । चेलीबेटी बेचबिखन जस्तो मानव कलङ्कको रूपमा रहेको अमानवीय चरित्रमाथि उनले सशक्त रूपमा कलम चलाई यस्ता कुकार्यबाट बच्न सबैलाई आग्रह गरेका छन् । श्रमजीवी गरिब जनताका पक्षमा उनी आफ्ना कविताहरू मार्फत् सबैले पौष्टिक आहार खान पाउनु पर्छ । शिक्षा-स्वास्थ्यमा सबैको पहुँच हुनुपर्छ भन्दछन् । गाउँमै रमाएको छु कवितामा कविले किसान हुँदाको आनन्दलाई व्यक्त गरेका छन् ।

काट्दै घाँस र दाउरा कृषक भै बस्ती सँगाली रहे
गाई गोरु थिए चरे चउरमा आनन्द मान्दै रहे
बोक्दै गोबर जोत पोत खनले बाली सपारी रहे
जोडे खेत र खर्क टार गहिरी आनन्द मान्दै रहे ।

(ओझेल-पृ. ३९)

किसानहरू आफ्नो पौरखले आफू मात्र बाँच्ने होइन अरू सारा संसारलाई बचाउने पेसा भएकोले उनी यसमा कविता मार्फत् गर्व गर्छन् । बाँझो धर्तीलाई फोडेर पसिना बगाएर बालीनाली उब्जाइ संसारकै प्राण बचाउने किसान साँच्चै महान् हुन्–

गोडे धान मकै र मास मुसुरो लाग्थे कृषि कर्ममा

पानी वर्षन गयो नदी धमिलियो खोला र खोल्सा जहाँ ।

रुझ्दै काम गरी बिते पल अहो । यो नै छ सान्दर्भिक

यो नै हो बुझ कर्म गर्नु दिनमा राम्रै छ रे आखिर ।

(ओझेल-पृ. ३९)

किसानहरू कृषि कर्ममा नै रम्दछन् । राम्रोसँग खनजोत गरी पृथ्वीलाई हराभरा पार्दछन् । कसरी धेरै अन्न उब्जाउन सकिन्छ ? माटोको उर्वरा शक्तिलाई जोगाइ राख्न के गर्नुपर्छ ? भन्ने विषयमा औपचारिक ज्ञान नभएता पनि उनीहरू देखासिकी रूपमा नै जान्दछन् । कवि माटो बचाइ कृषि गर्ने सुझाव यसरी दिन्छन्–

बचाऔंन माटो बढाऔंन उब्जा

न बाँझो बनाई लिऔं है मुआब्जा ।

बगेको भएमा रुखैले सजाऊँ

सदाकाल यस्तै सुखानी रसाऊँ ।

(मौसमी खेती-पृ. २९)

गरिब किसानको पक्षमा कानुन नभएकाले जग्गा जोत्नेको नाममा छैन । जसले दुःख गरी पसिना बगाएर धर्ती फोर्छ ऊ भोक भोकै मर्छ अनि जो महलमा बस्छन् कहिल्यै जग्गामा कुल्चेकासम्म हुँदैनन् उनीहरू जग्गाको मालिक बन्छन्, यो घोर अन्याय हो । कवि आफ्ना शब्दमा किसानको दुःखको वर्णन यसरी गर्दछन्–

सूर्यको राफ छ भारिको बोझ छ,

दुःखमा बाँच्नुमा जालिको दोष छ ।

उकाली बाटो छ चौराली ओत छ,

साँढाको पाटोमा दुःखीको जोत छ ।

(झ्यालखाना- पृ. ११)

मानव विकासको क्रममा चेलीबेटीको देहव्यापार र बेचविखनको सवाल अति दुःख लाग्दो विषय हो । हाम्रो देश नेपाल ती राष्ट्रहरूको पङ्क्तिमा पर्दछ जो आफ्नो विपन्नताका कारण आफ्ना बालवालिका र चेलीबेटीहरूलाई देहव्यापार र बेचबिखनको परिस्थितिबाट जोगाउन सकिराखेको छैन भनी कवि राज्य सञ्चालन गर्नेसँग आक्रोश व्यक्त गर्दछन्–

चेली बेच्न सके भयो शुभ भनी बाँच्छन् दलाली बनी
पापै पाप गरे भयो अशुभ रे रोएर बाँच्नु कति ।
जाती धर्म भजी-भजीकन खुनी त्यै चालमा गड्कियो
आफैं मात्र गुणी भनी-भनी स्वयम् साँडा खुबै कड्कियो ।

(झ्यालखाना- पृ. २०)

यदुनाथ 'बसन्तपुरे'ले नेपाली समाजका अमिल्दा पक्षहरू माथि प्रहार गर्दै कविता लेखेका छन् । वर्गीय शोषणका कारणले धनी र गरिबका बीच खाडल बढ्दै गएको प्रसङ्ग उनका कविताहरूमा पाइन्छ ।

### ४.३.४ यदुनाथ 'बसन्तपुरे'का कविताहरूको प्रवृत्ति

यदुनाथ 'बसन्तपुरे'का कविताहरूमा निम्न लिखित प्रवृत्ति देखिन्छन् ।

#### ४.३.४.१ त्याग र समर्पणको सङ्कल्प

यदुनाथ 'बसन्तपुरे' एक सरल र आदर्श जीवनशैली भएका व्यक्तित्व हुन् । सामाजिक सेवा र प्रकृतिमा नै आफूलाई आनन्द लाग्ने बताउने बसन्तपुरेको कविताहरूमा सोही अनुसारको जीवन दर्शन पाइन्छ । देश र जनताहरूलाई केही गर्न सके जीवनको सार्थकता हुने उनी ठान्दछन् । देश र जनताको उन्नतिको बाधक उनी राजसंस्थालाई उखेली सदाको लागि फाल्न चाहान्छन् । त्यसैले क्रान्तिमार्गमा सबैले दृढ भएर लाग्नु पर्ने विचार सहितका कविता उनका रहेका छन् ।

यदुनाथ 'बसन्तपुरे'को त्याग समर्पण झल्कने यी कविता–

पन्छीको धुनमा खुबै सुख लिएँ बाच्दैछु आनन्दले
खेताला भई रम्न खट्न उभिएँ मज्जा त लाग्दै छ रे
मुला साग र सिस्नुको त चटनी जिब्रो रमेको हुँदा
तातै घान मकै भुटेर लिइयो खाइन्छ धेरै कुरा ।

(ओझेल- पृ. ३९)

विरुद्ध जुटौं राक्षस अझै झम्टन सक्दछ
होसले हिडौँ नछुटाइ हात हुनेछ निर्धक्क
वैरीको सामु एकता हुनु पुर्खाको धर्म हो
महान कार्य गर्नु छ पूरा एकता बल हो ।

(किसान बिर्खे- पृ ३६)

तोडिन्छ जालो जन उठ्नुपर्छ
सचेतिका पाखुरी जुट्नुपर्छ ।
आफू बसेकै थल चिन्नुपर्छ
एकै भएरै जग राख्नुपर्छ ॥

(झ्यालखाना- पृ. ३०)

हामी एकजट भई अगाडी बढे अवश्य लक्ष्यमा पग्न सकिन्छ भन्ने भावना कविमा रहेको छ ।

### ४.३.४.२ वर्गीय असमानता

यदुनाथ 'बसन्तपुरे' ले नेपाली समाजमा वर्ग भेद भएको र वर्ग भेदले नेपालीहरूको प्रगति हुन नसकिरहेको यथार्थलाई कविता मार्फत् प्रस्तुत गरेका छन् । धनी झन् धनी हुँदै गएको र गरीब झन् गरिब बन्दै गएका छन् ।

गरामा गरा पाटा छन् उनका रोपनी हजार
षड्यन्त्र गरी शासन गर्थे छैन नि विचार ।

(म किसान बिर्खे- पृ. ७)

बीर्खेको घर खै ? पाटीको बास भो
सत्तामा को छ खै आशको नाश भो
छैन क्यै बाँचु के टिक्न नै गाह्रो भो
दास भै बाँच्नुले काँचकै पारो भो ।

(झ्यालखाना- पृ. ११)

न गाँस न बास साँच्चिकै चेश भो

कुर्सीका नेताका दिनादिन् फेश भो

सुकुटी रसादी खानेको हुल छ

नीति के बन्ला खै त्यै थोत्रो भुल छ ।

(झ्यालखाना- पृ. ११)

जबसम्म वर्गीय समानता हदैन तबसम्म देशमा शान्ति प्राप्तगर्न सकिदैन भन्ने विचार कवि आफ्ना कवितामार्फत ब्यक्त गर्दछन् ।

### ४.३.४.३ दार्शनिक चेतना

कवि यदुनाथ 'बसन्तपुरे'का कवितामा दार्शनिक चेतना पनि देख्न सकिन्छ । म सबै कुरा हुँ शीर्षक कवितामा उनले आफूलाई ब्रह्माण्डका सम्पूर्ण पदार्थमा समाहित गर्ने काम गरेका छन् । अहं ब्रह्मास्मि तत् त्वमसि जस्ता दार्शनिक भाव उनका कवितामा पाउन सकिन्छ–

म माटो म ढुङ्गा म पानी म वायु,

म साँच्चै यतैको सधैं नै रहन्छु ।

म हावा म आकाश तेजो तलाको,

म वृक्ष सबैको सधैंको छु प्यारो ॥

(ओभेल- पृ. ५४)

म हुँ फूल बेली चमेली र जाई,

सयौंमा थुंगाका जुनेली म जुई ।

म आगो म तारा आकाश सूर्य,

सबैमा कलामा म प्राणी सचेत ॥

(ओभेल- पृ. ५४)

कवि यदुनाथले वसुधैबकुटुम्बकम् भन्ने भावनालाई अभिब्यक्त गरेका छन् ।

### ४.३.४.४ सन्त्रास

'बसन्तपुरे' आफ्ना कवितामा युद्ध र युद्धको सन्त्राससलाई सफल ढंगले उतार्न सिपालु देखिन्छन् । विगतमा भएका युद्धहरूको कारण जनतामा भयानक सन्त्रास छरिएको थियो । जनताहरूमा कतिबेला के हुने हो भन्ने त्रास थियो । यही किसिमका सन्त्रास उनका कविताहरूमा यसरी मुखरित भएको छ ।

बन्दै छ देश अहिले मरुभूमि तुल्य

रोईरहे जन अहो सब ठाउँ शून्य ।

गोली चले भटट बास निवास ध्वस्त

केही रहेन अब मूल्य मनुष्य त्रस्त ॥

(मौसमी खेती- पृ. २६)

राम्रो बेला कतै छैन गोला बारुद हान्छ कि

हिजो जस्तै कुनै राहु पुत्त पस्दै बिर्गाछ कि ।

(ओफेल- पृ. ५२)

साँच्चै लोला धमाका छ फेरि तोप पड्किन्छ कि ?

रक्त मुच्छे धुला-बारी यत्रतत्रै हुँदै छ कि ?

(ओफेल- पृ. ६०)

देशमा भएका विभिन्न प्रकारका युद्धले नेपाली जनमानसमा सन्त्रास उत्पन्न गरेको यथार्थलाई कविले यहाँ उल्लेख गरेका छन् ।

### ४.३.४.५ वीरता

यदुनाथ 'बसन्तपुरेका' कवितामा वीरताको वर्णन पनि पाइन्छ । हाम्रा गोर्खाली वीर सेनाले नेपालको भूभागलाई विस्तृत गर्ने क्रममा टिष्टासम्म पुऱ्याएर आफ्नो वीरताको परिचय दिएका थिए, तर आज हामी नेपाली दाजुभाइ एक आपसमा युद्ध गरी मरिरहेका छौं । यो कस्तो वीरता हो ? भनी कवि दुःख व्यक्त गर्दछन्

हाम्रा गोर्खाली वीर सेनाले गरेका वीरताको झलक-

सीमा छेक्न पुगे लिए जमिन त्यो नेपालको हो भनी

तिष्टासम्म पुगे लडे गजबले गौरा हिमालै मुनि

सेना वीर बने थिए गुणमयी वासन्ती सुचन्दन

लागे भिड्नु भिडे जिते जस लिए गौरा हिमालै मुनि ।

(ओभेल- पृ. ४३)

कविले हाम्रा पुर्वज गोर्खाली वीरहरुको वीरताको मुक्तकन्ठले प्रशंसा गरेको पाइन्छ ।

### ४.३.४.६ आतङ्कको विरोध

आतङ्कले मानवीय जीवन कष्टप्रद बन्दै गएको प्रसङ्ग उनका कविताहरूमा पाइन्छ । बाह्र वर्षे माओवादीको सशस्त्र युद्धका बेला भएको आतङ्कले कसैलाई भलो नगरेको बरु बनेका संरचनाहरू ध्वस्त भएको भन्दै युद्ध विरोधी उनको प्रवृत्ति यसरी प्रस्तुत भएको छ ।

जस्ले बनायो घरबार आफ्नो

भत्काउँदै छौ किन आज के भो ?

यथास्थितिका दिन ढल्छ ढल्छ

कुचाल छिट्टै बुझ गल्छ ढल्छ ।

(झ्यालखाना- पृ. १३)

युद्धले कसैलाई भलो गर्दैन भन्ने भावनालाई कविले आफ्ना कवितामार्फत व्यक्त गरेका छन् ।

### ४.३.४.७ सन्देशमूलक

'बसन्तपुरे'का कवितामा सन्देश पनि पाइन्छ । उनको सन्देशमूलक कविताहरू धेरै राम्रा मार्गदर्शक देखिन्छन् ।

आफैं मात्र बनौं सोच्ने मान्छे हुन्न विवेकको

धनै उच्च भनी बाँच्ने मान्छे हुन्न सफेदको ।

(झ्यालखाना- पृ. १९)

हामी सबै मिलेर उन्नती पथमा लागौं भन्ने सन्देश कविको रहेको पाईन्छ ।

### ४.३.४.८ मानवताको खोजी

यदुनाथका कवितामा मानवता पनि पाइन्छ । मान्छेको जीवन परोपरकारको लागि हो । बसुधैव कुटुम्बकम् भन्ने भावना सबैमा हुनुपर्छ । मान्छेले मान्छेलाई मार्नु हुन्न भन्दै कवि आफ्नो कविता मार्फत् यसो भन्छन्-

सुझबुझ गर मान्छे हुन्न मार्नू कतै नि
खलबल किन मान्छे छैन झर्नु सधैं नै
दल बल भइ ठग्ने छैन बेला भनौं न
न त छ मनुज मार्ने छैन बेला बुझौं न ।

(झ्यालखाना- पृ. ५४)

हिंसाले कसैको हित हुँदैन अतः हिंसालाई त्यागी मानवहितको पक्षमा अगाडि बढौं भनि कवि भन्दछन् ।

### ४.३.४.९ चीत्कार

नेपालमा भएका विभिन्न नामका युद्धले धेरै नेपालीको ज्यान लिएको छ । बाह्र वर्षे सशस्त्र युद्धले त किसान, शिक्षक, पत्रकार, वकिल, बृद्ध, महिला, बालक कोही नभनी हजारौं नेपालीको अकालमा नै ज्यान लियो, जसको कारण देशभरि चित्कार फैलिन पुग्यो यसै प्रसङ्गलाई कविले यसरी प्रस्तुत गरेका छन्–

नेपाली तटमा बिछट्ट भुमरी मान्छे मरेका कति
गोला बारुदले डढाइ जनता पाखा परेका जति ।
आफ्ना हुन् जन यी अबोल मरने रोई रुँगेका कति
कैले संकटको क्षणै छ सकिने रक्ताम्य मैला जति ।

(मौसमी खेती- पृ. ३३)

युद्धले रज्यपक्ष र विद्रोही पक्षका धेरै नेपाली दाजु-भाई, दिदी-बहिनीको ज्यान लियो, अब त्यस्तो नहोस् भनने भावना कविमा रहेको पाईन्छ ।

### ४.३.४.१० देशप्रेम

यदुनाथ ‘बसन्तपुरे’का कवितामा स्वदेशप्रतिको अगाध प्रेम देखिन्छ । उनले आफ्ना कविता मार्फत देश प्रेमको भावनालाई यसरी प्रस्तुत गरेका छन्–

नेपाली गर्वको नाउँ मलाई मेट्नु छैन है
पहाडी खोंचको गाउँ मलाई छाड्नु छैन है ।

(ओझेल- पृ. ६२)

मेची काली हुँदै हाम्रा महाकाली सबै स्थल
नेपाल घर हो हाम्रो छाडे गर्व गुमेन र ?

(ओझेल- पृ. ६२)

यसरी यदुनाथ 'बसन्तपुरे'का कवितामा उनले नेपाली मनको भावलाई समेट्ने काम गरेका छन् । उनका कवितामा भ्रष्टाचारीप्रति क्रोध छ । गरिब किसानप्रति उनको सहानुभूति छ । देशद्रोहीप्रति विद्रोह छ । जन्मभूमिप्रति अगाध प्रेम छ । हत्या, हिंसा, आतङ्कको विरोध छ । प्राकृतिक सौन्दर्यको वर्णन छ । नारी जागरणको सन्देश छ ।

### ४.३.५ रस

यदुनाथ 'बसन्तपुरे'का कविता सङ्ग्रहहरूमा प्रकाशित अधिकांश कविताहरू वीर रस प्रधान छन् । उत्साह स्थायी भाव भएको वीर रसका कविताहरूको माध्यमबाट विभिन्न समयमा जनतालाई आन्दोलनमा लाग्न आग्रह गरिएको छ । पञ्चायती व्यवस्था, राजतन्त्र, राजाबाट भएको राजनीतिक प्रतिगमन, हिंसात्मक सशस्त्र आन्दोलनको विरुद्धमा सर्वसाधारण जनतालाई विद्रोह र शान्तिपूर्ण आन्दोलनमा अग्रसर हुन आग्रह गर्ने क्रममा वीर रस उत्पन्न भएको पाइन्छ । उनका कृतिमा रौद्र रस , करुण रस, विभत्स रस आदि पनि पाइन्छ ।

#### ४.३.५.१ वीर रस

उत्साह मूल भाव भएको वीरता, साहस र आक्रोसपूर्ण कवितालाई वीर रस प्रधान कविता भनिन्छ । उनका कविता सङ्ग्रहमा भएका वीर रस प्रधान कविताहरू–

सीमा छेक्न पुगे लिए जमिन त्यो नेपालको हो भनी,
टिस्टासम्म पुगे लडे गजबले गौरा हिमालै मुनि ।
सेना वीर बने थिए गुणमयी वासन्ती सुचन्दन,
लागे भिड्नु भिडे जिते जस लिए गौरा हिमालै मुनि ॥

(ओझेल- पृ. ४३)

छाडा भो किन जुध्न खोज्छ आँधि झै बुझ्दैन को हो त त्यो
थोत्रा राग छरी-छरी किन हिँडे ढल्ने छ के उठ्छ त्यो ।
काला कर्म लिने बढी कपटका मान्छेहरू हुन् भने
ताछ्नै पर्छ अझै सुधाजन उठी बिग्रन्छ चाला भरे ॥

(ओझेल- पृ. ५०)

हाम्रा वीर गोर्खाली सेनाले अत्याधुनिक हतियार बोकेका विदेशी सेनासँग खुकुरीको भरमा बहादुरी साथ लडेर नेपालको सिमानालाई पश्चिममा काँगडा र पूर्वमा टिष्टासम्म पुऱ्याएको प्रसङ्ग र राजा ज्ञानेन्द्रले गरेको प्रतिगमनको विरुद्धमा लेखिएका उक्त पद्यहरूमा वीर रसको प्रयोग भएको छ ।

### ४.३.५.२ रौद्र रस

बाह्र वर्षको सशस्त्र विद्रोह पछि सत्तामा पुगेकाहरूको व्यवहारदेखि दिक्क भएका 'बसन्तपुरे'का कवितामा रौद्र रस उत्पन्न भएको छ । क्रोध या रिस स्थायी भाव भएको कविता-

गर्छौ जे गर पापका गणहरू बाँकी छ के गर्नमा
आफैं मात्र बन्यो लियौ लिनु लियौ लाग्यौ र के धर्ममा
साँच्चै लुट्न हिँड्यौ खुबैसँग उठी गर्छौ भनौ के कुरा
आफै मात्र बन्यौ लियौ लिनु लियौ बाँकी छ के लुट्नमा ।

(ओझेल- पृ. ४६)

जस्ले बनायो घरबर आफ्नो
भत्काउँदै छौ किन आज के भो ?
यथा स्थितिका दिन ढल्छ ढल्छ
कुचाल छिट्टै बुझ गल्छ ढल्छ ।

(झ्यालखाना- पृ. १३)

मथिका पद्यहरुमा कोध स्थायी भाव भएको रौद्र रस पाईन्छ ।

#### ४.३.५.३ करुण रस

यदुनाथ 'बसन्तपुरे'का कवितामा करुण रस पनि पाइन्छ । शोक स्थायी भाव भएको करुण रसको उदाहरण-

साह्रा मान्छे वरिपरि खुवै पेटीमा बाँच्न लागे
पीडो खाने जति सब जना आँसु पो झार्न लागे ।
हान्ने साँढे ढलमल गरी डुकी डुकी उदायो
जाली ढेडू छल बल गरी गद्दीमा जुर्मुरायो ।

(मौसमी खेती- पृ. ३०)

माथिको श्लोकमा शोक स्थायी भाव भएको करूण रस देखिन्छ ।

#### ४.३.५.४ विभत्स रस

जुगुप्सा स्थायी भाव भएको विभत्स रस पनि कवि 'बसन्तपुरे'का कवितामा देख्न पाइन्छ ।

नेपाली तटमा बिछट्ट भुमरी मान्छे मरेका कति
गोली बारुदले डढाइ जनता पाखा परेका जति।
आफ्नै हुन् जन यी अबोल मरने रोई रुँगेका कति
कैले संकटको क्षणै छ सकिने रक्ताम्य मैला जति ॥

(मौसमी खेती- पृ. ३३)

उक्त श्लोकमा जुगुप्सा स्थायी भाव भएको विभत्स रस छ ।

### ४.३.६ अलङ्कार

सुन, चाँदी, हिरा, मोती आदिबाट निर्मित अलङ्कारले शरीरलाई अलङ्कृत गराए जस्तै उपमा, यमक, उत्प्रेक्षा, अनुप्रास, अतिशयोक्ति आदिले काव्यलाई सिंगार्ने काम गर्दछन् ।

यदुनाथ 'बसन्तपुरे'का कवितामा उपमा, अनुप्रास आदि अलङ्कार पाइन्छन् ।

#### ४.३.६.१. अनुप्रास

यथास्थितिका दिन ढल्छ ढल्छ
कुचाल छिट्टै बुझ गल्छ ढल्छ ।

(झ्यालखाना- पृ. १३)

सीमा छेक्न पुगे लिए जमिन त्यो नेपालको हो भनि

टिस्टा सम्म पुगे लडे गजबले गौरा हिमालै मुनि ।

(ओभ्फेल- पृ. ४३)

मथिका पद्यहरूमा अन्त्यानुप्रास देख्न सकिन्छ ।

### ४.३.७ छन्द

आफ्ना मनमा रहेका भावनाहरूलाई लयात्मक रूपमा पस्किने माध्यमलाई छन्द भनिन्छ । मात्रा र वर्णमा क्रमबद्धता ल्याउने र 'गति र यतिमा आवश्यक सन्तुलन राख्ने काममा छन्दको महत्त्वपूर्ण योगदान हुन्छ । छन्दको आत्मा लय  हो । लयबद्ध कविता नै सुमधुर हुन्छ । कवि बसन्तपुरेले आफ्ना कविताहरू शास्त्रीय छन्दमा तथा नेपाली लोकलय भ्याउरे, सवाई लयमा लेखेका छन् । उनले प्रयोग गरेका छन्दको केही नमुना निम्न छन्–

#### ४.३.७.१ शार्दूल विक्रीडित

उन्नाइस वर्णको शार्दूल विक्रीडित छन्द हुन्छ । यसमा **म,स,ज,स,त,त** गण र एउटा गुरू वर्ण हुन्छ, जस्तैः

हाँस्छन् श्वेत हिमालका शिखर ती बाटो बिराईकन,

नाच्छन् गाई जहाँ हजार थरिका खर्के उचालीकन ।

बाटो देख्छु घुमी घुमाउ अधुरा रेखा बने भ्कैँ सरी,

पाखा छन् सब धेर धेर रसिला भारी हिमैले गरी

(मौसमी खेती- पृ. ३३)

उक्त स्लोक शार्दूल विक्रीडित छन्दमा रचिएको छ ।

#### ४.३.७.२  उपजाति

एघार वर्णको उपजाती छन्द हुन्छ । यसमा **ज,त,ज**,गण र दुई ओटा गुरू वर्ण मिलि यसको निर्माण हुन्छ, जस्तैः

पाखा-पखेरा हरिया सबै छन्,

यी नै हिमाली संगमा भ्कुलेछन् ।

भ्कंकार दिन्छन् रूपका जुनेली

फाँटै भरी छिन् रूपको उजेली ॥

(मौसमी खेती- पृ. १९)

यदुनाथका कवितामा उपजाति छन्दको प्रशस्त प्रयोग भएको पाइन्छ । उक्त श्लोक उपजाति छन्दको उदाहरण हो ।

### ४.३.७.३ भुजङ्ग प्रयात

चार ओटा य गण मिलि भुजङ्ग प्रयात छन्दको रचना हुन्छ, जस्तैः

वचाऔंन माटो बढाऔं न उब्जा

नबाँभ्रो बनाई लिऔं है मुआब्जा ।

बगेको भएमा रुखैले सजाऊँ

सदाहाल यस्तै सुखानी रसाऊँ ॥

(मौसमी खेती- पृ. २२)

यदुनाथले भुजङ्ग प्रयात छन्दमा पनि कविता निर्माण गरेका छन् । उक्त श्लोक भुजङ्ग प्रयातको उदाहरण हो ।

### ४.३.७.४ मन्दा कान्ता

सत्र वर्णको मन्दा कान्ता छन्द हुन्छ । यसमा म,भ,न,त,त गण र दुई ओटा गुरू वर्ण मिलि यो छन्दको निर्माण हुन्छ, जस्तैः

साह्रा मान्छे वरिपरि खुबै पेटीमा बाँच्न लागे

पीठो खाने जति सब जना आँसु पो झार्न थाले

हान्ने साँढे ढलमल गरी डुकी डुकी उदायो

जाली ढेडू चलबल गरी गद्दीमा जुर्मुरायो ॥

(मौसमी खेती- पृ. ३०)

वसन्तपुरेले मन्दा कान्ता छन्दमा पनि कविता लेखेका छन् । उक्त श्लोक एउटा उदाहरण हो ।

### ४.३.८ सामान्य मूल्याङ्कन

नेपाली कविता विकासक्रमको आधुनिक काल अन्तर्गत चौथो मोडमा देखिएका यदुनाथ 'बसन्तपुरे' समसामयिक विषयहरूमा कविता लेख्छन् । 'सिन्धुको सुसेली' शीर्षकको कविताबाट लेखन यात्रामा देखिएका उनी हालसम्म पनि सिर्जना यात्रामै छन् । समसामयिक विषयका कविता मार्फत् उनी नेपालको स्पष्ट चित्र खिच्न प्रयत्नरत देखिन्छन् । साथै नेपाली मनको भावलाई कवितामा समेट्ने समेत उनको प्रयत्न देखिन्छ ।

नेपाली समाजमा विद्यमान आर्थिक शोषण, अन्याय, अत्याचार, अमानवीयता, नेताहरूको अदुरदर्शी व्यवहारको कारणले नेपाली समाजमा परेको दुष्प्रभावको चित्रण यदुनाथका कवितामा पाइन्छ । चेलीबेटी बेचबिखन जस्तो अमानवीय व्यवहार र समाजमा भएका कुरीति कुसंस्कारको विरोध उनका कवितामा रहेको छ । परम्परित दासत्वप्रति आक्रोस पोख्दै चेतना र जागरणका लागि शङ्खघोष गर्नु उनका कविताको मूल धेय हो । देश दिनानुदिन जीर्ण हुँदै गएको र जनता झन्-झन् कम्जोर बन्दै गएको अवस्थाप्रति यदुनाथ चिन्तित छन् तर उनको आवाजमा कतै पनि निराशा पलायन र ह्रास छैन । गर्न सके ढुंगा माथि नै फूल फुलाउन सक्ने अठोट र आत्मविश्वास उनमा पाइन्छ ।

## ४.४ गीतकार यदुनाथ कोइराला

**यदुनाथ वसन्तपुरेले गीत पनि लेखेका छन् । उनले लेखेका गीतहरु निम्न हुन् ।**

### ४.४.१ 'मायाको तरेली' र 'निशाना' गीति सङ्ग्रह

यदुनाथ कोइराला कवि मात्र होइनन्, उनी गीतकार पनि हुन् । उनको **'मायाको तरेली'** ( २०६१) प्रथम प्रकाशित गीति सङ्ग्रह हो भने दोस्रो **'निशाना'** (२०६३) हो । उनी प्रगतिवादी लेखक हुन् । उनका गीतहरूमा सामन्त शोषकहरूको विरोध र सर्वसाधारण नेपालीहरूको ढुकढुकी, दुःख, पीडा र भोगाइहरूको सजीव चित्रण देख्न पाइन्छ । **'मायाको तरेली'** गीति सङ्ग्रहमा विभिन्न शीर्षकका सत्चालीस ओटा गीतहरू उनिएका छन् भने उनको अर्को गीति सङ्ग्रह **'निशाना'** मा उठ्तीस ओटा गीतहरू रहेका छन् । उक्त गीतहरू झ्याउरे, सवाई, सेलो आदि लयमा रचिएका छन् ।

### ४.४.२ विषयवस्तु

गीत सहृदयीहरूको हृदयमा छचल्किने भावहरूको अभिव्यक्तिगत उपहार हो । यदुनाथ 'बसन्तपुरे' का गीत प्रकृति प्रेम, देश प्रेम, मानवीय प्रेम, जागरण गीत इत्यादि विषयमा उनिएका पाइन्छन् ।

#### ४.४.२.१ नारी जागरण

संघर्षबाट नै नारीहरूले आफ्नो हक अधिकारी प्राप्त गर्न सक्छन् । सङ्घर्ष विना उनीहरूको पीडा मर्का कसैले बुझ्दैनन् । त्यसैले सङ्घर्षको अर्को विकल्प छैन भन्दै नारी र पुरुषको सामाजिक समानताको लागि राजतन्त्र बाधक छ, त्यसैले राजसंस्थाको विरुद्ध दरिलो भएर संघर्षको मैदानमा ओर्लन नारीहरूलाई आग्रह गर्दै लेखिएको एउटा गीत–

देशमा हेर आन्दोलन सुसायो

निकास ल्याउन यो बाध्य बनायो ।

हामी मिले हतियार चाहिँदैन

अधिकार मागेर पाइँदैन

भएन बसेर अब त चुपलाई

साइँली कान्छी लौ अब हिँड है ।

(मायाको तरेली- पृ. ५०)

उक्त गीतमा यदुनाथले नारीहरूलाई संघर्षमा उत्रनको लागि आह्वान गरेका छन् ।

**४.४.२.२ देश प्रेम**

यदुनाथका गीतहरू देश प्रेमले ओत प्रोत भएका पाइन्छन् । उनका देश प्रेमसँग सम्बन्धित गीतहरू कर्तव्य, नरोऊ नेपाल, स्वच्छ हिमाल आदि हुन् । एउटा उदाहरण–

यो जन्मभूमि यही कर्म भूमि स्वागत गर्द छौं

कर्तव्य पथमा लम्केर हामी यही धर्ती टेक्द छौं ।

सत्बाटो खोजी जीवन भरि जीउने ठीकै हो

धर्तीमा केही गरेर छाड्नु कर्तव्य हाम्रो हो ।

(मायाको तरेली- पृ. ६)

माथिको गीतमा देशप्रेम देख्न सकिन्छ ।

**४.४.२.३ आन्दोलन**

यदुनाथले आन्दोलनसँग सम्बन्धित गीतहरू पनि रचना गरेका छन् । उनका आन्दोलन, ऐया नि, गोली चल्ला, बम खस्ला, साहस बोक्नेहरू, मन्त्र, निशाना, जनतन्त्र, होस गरौ, जनताको विजय जस्ता गीतहरू आन्दोलनसँग सम्बन्धित छन् । एउटा उदाहरण –

हामीलाई पर्नु पीर पऱ्यो सामन्त साँढा बौलायो

चुप लागी बसेर हुदैन मिलेर झापड हानौं न ।

दुष्टको छाती ताक्नलाई

सामन्त छट्टै ढाल्नलाई

मिलेर सबै उठ्नु छ

सुनौली बिहानी डाक्नु छ

हामीलाई पर्नु पीर पऱ्यो सामन्त साँढा बौलायो ।

(निशाना- पृ. १४)

माथिको गीत जनआन्दोलनसंग सम्वन्धित छ ।

### ४.४.२.४ प्रकृति प्रेम

'बसन्तपुरे' का गीतहरूमाप्रकृति प्रेम देख्न सकिन्छ । वन-जंगल, पहाड-पर्वत, खोला-नालाको वर्णन गरिएका उनका गीतहरू धेरै पाइन्छन् । एउटा गीत–

नेपाली मुटुमा हिमाली माया आँसु नै रसायो

डाँफेको नाच वन र पाखा झरना हँसायो ।

कोशी, काली, गण्डकीको धुनैले

रमणीय सन्देश छ, बिरुवाको मुनाले ।

नेपाली ................ ।

(मायाको तरेली, पृ. २२) ।

उक्त गीतमा यदुनाथले प्रकृतिको मुक्त कण्ठले वर्णन गरेका छन् ।

### ४.४.३ निष्कर्ष

यदुनाथ कोइराला प्रगतिवादी लेखक हुन् । उनका गीतहरू यथार्थमा आधारित छन् । सामन्तवादी संस्कृतिको उन्मूलनको लागि र स्थायी शान्ति कायम गर्न उनका गीतले सबैलाई अभिप्रेरित गरेको छ । उनका गीतहरू गरिब, दीन, दुःखीहरूको पक्षमा रचिएका पाइन्छन् । विशेषतः देश प्रेम, प्रकृति प्रेम, मानवीय सम्वेदना, नारी जागरण, जनतन्त्रको स्थापना, सामाजिक मूल्य र मान्यताको जगेर्ना गर्न पाठक, श्रोताहरूलाई घच्घच्याउनु नै उनका गीतको विशेषता हो ।

# अध्यायः पाँच

# कवि बसन्तपुरेको काव्यकृतिको  मूल्याङ्कन

## ५.१ .   विषय प्रवेश

यदुनाथ **'बसन्तपुरे'**का दुई वटा काव्यकृति **ऐतिहासिक कान्ति** (गीति काव्य-२०५७) र **म किसान बिर्खे** (खण्ड काव्य-२०६४) प्रकाशित भएका छन् ।वि. सं.२०४६ मा भएको ऐतिहासिक जनआन्दोलनको घटनालाई **ऐतिहासिक कान्ति** मा कविले उन्ने काम गरेका छन् भने **म किसान बिर्खे** खण्ड काव्यमा दीन दुःखीहरुलाई ठुलाबडा भनाउँदा राजा महाराजाहरुले गरेको अन्याय, अत्याचारको बिरोध गरिएको छ । यहाँ यिनै दुई काव्य कृतिको अध्ययन गरिन्छ ।

## ५.२. ऐतिहासिक क्रान्ति (गीतिकाव्य) को अध्ययन तथा मूल्याङ्कन

"ऐतिहासिक क्रान्ति"  नामक गीतिकाव्य यदुनाथको ऐतिहासिक विषयवस्तु भएको कृति हो । ०४६ सालको ऐतिहासिक जनआन्दोलनलाई यस काव्यमा उनले वर्णन गरेका छन् । नयाँ शैलीमा प्रस्तुत गर्न खोजिएको यस कृतिमा ऐतिहासिक जनआन्दोलन मात्र नभएर त्यसभन्दा अगाडि राणाशासन कालदेखिकै घटनाहरूलाई उनले प्रस्तुत गरेको पाइन्छ ।

कवि 'बसन्तपुरे'ले तिन सर्गमा यस काव्यलाई पूरा गरेका छन् । यसमा लोक लयको प्रयोग भएको छ । प्रजातन्त्रको कति महत्व र उपयोगिता छ भन्ने प्रश्नको उत्तर यस काव्यले दिएको छ ।

### ५.२.१. प्रथम सर्ग

यस काव्यमा प्रथम सर्गमा ६४ वटा, दोस्रो सर्गमा ५० वटा र तेस्रो सर्गमा ५९ वटा गरी जम्मा १७३ वटा लोक लय रहेका छन् । साहित्य रचना गर्दा कुनै पनि विघ्नबाधाहरू नआउन भन्ने कामना गरी पूर्वीय तथा पाश्चात्य साहित्यकारहरूले मंगलाचरण गर्ने गरेको पाइन्छ तर कविले यस काव्यमा मंगलाचरण गरेको पाइँदैन । मङ्गलाचरण नै नगरिकन सिधै विषयवस्तुमा उनी प्रवेश गरेका छन् । उनको पहिलो लोकलय-

कलम लिएँ भावना पोखें सम्झेर घटना,

भेटेका यिनै सम्पूर्ण दृश्य मनका कथन

पचास दिन कान्तिका क्षण विस्तार गर्दै छु

पीडाका गीत इतिहासबाट सँगाली भर्दै छु ।

भीमसेन थापाको पतनपछिको राजनैतिक अस्थिरताबाट फाइदा उठाई भीषण नरसंहार गरेर त्रासपूर्ण वातावरणमा क्रूर व्यक्तित्वको रूपमा उदाएका जंगबहादुरको डरले सम्पूर्ण नेपाल थर्कमान भएको प्रसङ्गलाई कोट्याउँदै कवि राणा शासनको अमानवीय चरित्रलाई यसरी देखाउँछन् ।

दर्जनौं हत्या षड्यन्त्र हिंसा देखिन्थ्यो बाटामा

हैकमवादी रजाइँ गर्न खोज्दथे माटामा

यो भूमि भित्र लुटेरा ब्याँसा गम्केर लुक्दथे,

जनता प्रेमी बहादुरमाथि बन्दुक ताक्तथे ।

राणा कालमा ब्राह्मण र क्षत्री माथिल्ला वर्गका मानिन्थे । त्यसैले यिनीहरूलाई अरुको भन्दा विशेष सुविधा हुन्थ्यो । सामन्ती शासन व्यवस्था भएकोले समाजमा ठूला-ठालु एवं सामन्तहरूको बोलवाला थियो । सत्ताधारी शासकवर्गले नेपालको सामाजिक, आर्थिक ढाँचामा कुनै किसिमको पनि परिवर्तन ल्याउन चाहँदैनथे । निम्न एवं मध्यम वर्गीयहरू शासक, सामन्त एवं जमिन्दारहरूको दासतामा पिल्सिदै आफ्नो जीवन यात्रा अगाडि बढाउन बाध्य थिए भन्दै 'बसन्तपुरे' राणाहरूको क्रूर चरित्रलाई वर्णन गर्दछन् ।राणाहरू अति उच्च वर्गका मानिन्थे । सर्वसाधारणले यिनीहरूको सम्मान गर्नु पर्ने कुरा सामान्य थियो । जनता जस्तोसुकै धनी सम्पन्न भए पनि राणाजी बाहेकका अन्य वर्गले राणाले जस्तो यातायातको साधन प्रयोग गर्न, राम्रो पोशाक लगाउन, गीत-संगीत सुन्न र घर बनाउन प्रतिबन्ध थियो । यसरी सुविधाबाट सर्वसाधारण जनता पूर्ण बञ्चित थिए भनी बसन्तपुरे राणा शासनको घोर विरोध गर्दछन् ।

समाजको विकासको लागि शिक्षा, स्वास्थ्य, यातायात, संचार जस्ता जनहितकारी कार्य गर्नु सरकारको परम कर्तव्य भए पनि यस दिशातिर राणा सरकारले ध्यान दिएन । नेपालको लागि विद्यालय आयरलैण्डको सर्प जस्तै थियो राणाजीहरूका बालबच्चालाई घरमा नै बंगाली शिक्षक राखी पढाउने गरिन्थ्यो । समाजमा बालविवाह, बहुविवाह, अनमेल विवाह, दास प्रथा, सतीप्रथा जस्ता कुरीतिहरू विद्यमान थिए ।

धर्मभक्त माथेमा, शुक्रराज शास्त्री लगायत ४ जना देशप्रेमी सपूतहरूलाई राणाहरूले बाँच्न दिएनन् । जनताले ठाडो भएर बोल्न नहुने । आफ्ना हक अधिकार खोजेमा देशद्रोह गरेको अभियोग लगाई झुण्ड्याउने राणाहरूको चरित्र कवि यसरी देखाउँछन्–

जनता शोस्ने मोजले बाँच्ने हैकम चलाए

जनताप्रेमी राज्यका छोरा ब्वाँसाले चपाए

हजार दुई दशक बित्दा क्रान्तिको पथमा

भारत लाग्यो स्वतन्त्र बन्यो लम्कियो रथमा

राणाहरूको अमानवीय शासनका विरुद्ध देशभरि आन्दोलनको राँको मच्चियो । नेपाली कांग्रेसका नेताहरू देश र जनतालाई राणाहरूको कुशासनबाट जोगाउन क्रान्तिमा होम्मिए । उता भारत पनि स्वतन्त्र भैसकेको थियो । प्रजातान्त्रिक राजा त्रिभुवन राजदरबार त्याग गरी भारतीय दूतावासमा शरण लिन पुगे । यसरी राजा नै क्रान्तिको मैदानमा उत्रेकोले नेपाली जनता छाती फुकाएर संघर्षमा उत्रे जसको फलस्वरूप वि.सं. २००७ सालमा राणा शासनको अवसान भई नेपालमा प्रजातन्त्रको सूत्रपात भएको घटनालाई कवि यसरी व्यक्त गर्दछन् -

नेपालमा पनि क्रान्तिको छर्का उठेको देखियो

शासन कालो हटाऔं जालो भनेर जुटेथे ।

दिल्लीमा राणा राजा र कांग्रेस वार्तामा जुटेथे

जनता मिली यो प्रजातन्त्र ल्याउन पाएथे ।

राणा र कांग्रेसको मिलीजुली अन्तरिम सरकारको गठन भयो । वि.सं. २००८ मार्ग १ मा राणा र कांग्रेसको सरकारको विविध कारणले विघटन भएकोले श्री ५ त्रिभुवनले मातृका प्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा १४ सदस्यीय मन्त्रीमण्डल गठन भएको प्रसङ्ग कविले उल्लेख गरेको पाइन्छ । राजा त्रिभुवनको अल्पायुमा नै स्वर्गारोहण भएकोले नेपाल र नेपालीलाई अपुरणीय क्षती भएको कवि आफ्ना कविता मार्फत् व्यक्त गर्दछन् । २०१५ सालमा आम निर्वाचन भयो । यस चुनावमा नेपाली कांग्रेसले अत्यधिक मत प्राप्त गरी विजयी भएको थियो । ६२ प्रतिशत सीट प्राप्त गरी नेपाली कांग्रेस अग्रपङ्क्तिमा हुन पुग्यो । जसको फलस्वरूप विश्वेश्वरप्रसाद कोइराला प्रथम निर्वाचित प्रधानमन्त्री बन्न पुगेको प्रसङ्गलाई कविले अभिव्यक्त गरेको पाइन्छ ।

नेपालको इतिहासमा गठन गरिएको पहिलो संसदीय प्रजातान्त्रिक सरकारले आफ्नो योजना र लक्ष्य अनुसार अनेकौं सुधारका योजनाहरू प्रारम्भ गऱ्यो । प्रजातान्त्रिक सरकारले आमूल परिवर्तन गरी देशलाई प्रगतिपथमा अगाडि बढाउने काम गऱ्यो । प्रशासनिक सुधारदेखि लिएर आर्थिक सुधारमा विश्वेश्वरप्रसाद कोइरालाको सरकारले गरेको राम्रो काम धेरै दिन टिक्न सकेन । राजा महेन्द्रले प्रजातान्त्रिक सरकारको घाँटी निमोठ्ने काम गरे यसै प्रसङ्गमा कवि यदुनाथ आफ्नो कुरा यसरी राख्दछन्–

सैनिकद्वारा व्यवस्था खोसे सत्र साल पुषमा

विश्वास आफैं मारियो उम्क्यो फास्स न फुस्समा ।

अठार मैन्हा पछिको क्षण भूँइचालो गैहाल्यो

कुठाराघात पञ्चको थियो अन्योल भैहाल्यो ।

प्रजातान्त्रिक पद्धति अनुसार भएको आम निर्वाचनमा अत्यधिक बहुमत ल्याई जित्ने नेपाली कांग्रेसको सरकारलाई विसौं शताब्दिको मध्यमा पनि शताब्दियौं पुरानो मध्यकालीन परम्परा अनुरूप पाशविक ढंगले अपदस्त गरी क्रूर, बर्बर पञ्चायती व्यवस्थाको सूत्रपात भयो । प्रधानमन्त्री बी.पी. कोइरालासहित अन्य मन्त्री एवं कांग्रेस र बामपन्थीका प्रायः सबै ठूला नेताहरू जेल परे, दलमाथि प्रतिबन्ध लगाइएको थियो । गिरफ्तार नभएका विभिन्न राजनैतिक दलका नेताहरूले २०१७ साल फाल्गुनमा अपदस्त उपप्रधानमन्त्री सुवर्ण समशेरको नेतृत्वमा पटनामा एक सम्मेलन गरे जसले देशमा प्रजातन्त्रको पुनर्स्थापना गर्ने निर्णय लिनुको साथै सुवर्ण समशेरलाई आगामी आन्दोलनको कार्यकारी अध्यक्षसमेत बनायो । विभिन्न राजनैतिक दलका निर्वासित कार्यकर्ताहरूले २०१८ सालदेखि सुवर्ण समशेरको नेतृत्वमा सशस्त्र क्रान्ति प्रारम्भ गर्‍यो । यही क्रममा राजा महेन्द्रमाथि बम समेत फालियो ।

देशमा हत्या र हिंसाको शासनलाई राजा महेन्द्रले प्रश्रय दिए । रुखमा झुण्ड्याएर मार्ने, विद्यार्थीहरूलाई गिरफ्तार गरी निर्मम तरिकाले कुट्ने जस्ता राजाको एकलौटी हुकुमी शासनले जनतामा विद्रोहको रूप लियो । जेल परेका प्रजातन्त्रवादी नेताहरूलाई छुटाउन भारतीय नेताले राजालाई दबाब दिए, फलस्वरूप गिरिजाप्रसाद कोइराला, बी.पी. कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायत अन्य वामपन्थी नेताहरू पनि लामो जेल यातनाबाट मुक्त भए । पञ्चायती शासनले नेपाली जनतालाई चरम शोषण गर्‍यो यसै प्रसङ्गलाई कवि यसरी प्रस्तुत गर्दछन् ।

विदेशी दान नेपाली सान चौपट्ट रमाए

मोटाए पञ्च ढुकुटी रित्तो पारेर गनाए ।

सुस्तरी ठालु मोटाइरहे नेपाली माटामा

बुझेर जनआन्दोलित भए जुटेर बाटामा ।

पञ्चायती शासनले पञ्चलाई पूर्ण राजनीति गर्न र तिनीहरूलाई जे गर्न पनि छुट दिएको थियो । देशमा विभिन्न आन्दोलनहरू हुँदै थिए, यसलाई मत्थर गर्न राजाले २०३६ जेठ १०

गते जनमत सङ्ग्रह गरिने घोषणा गरे । समसामयिक सुधार सहितको पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्था जस्ता दुई विकल्प प्रदान भएको  थियो । बहुदलीय व्यवस्थाको सुनिश्चित विजय हुने देखेर वी.पी. ले राजाको यो कदमलाई पूर्ण स्वागत गरे । २०३७ बैसाख २० का दिन जनमत सङ्ग्रह सम्पन्न भयो । चरम धाँधली गरी पञ्चहरूले बहुदलीय व्यवस्थालार्य हराए र अमानवीय पञ्चायती व्यवस्थाको कालरात्री झन मौलायो ।

सिन्धुपाल्चोकको पिस्कर काण्ड, भक्तपुरको हैजुकाण्ड, २०४३ मा जनताले दुधको बहिष्कार गर्नुपर्ने दुधकाण्ड, आर्थिक काण्डले नेपाली जनतालाई पञ्चायती व्यवस्थाले दिनुसम्मको हण्डर र गोता दियो । फलस्वरूप पञ्चायती व्यवस्थालाई नै उखेलेर फाल्नको लागि २०४६ कार्तिक २०,२१ र २२ गतेको नेपाली कांग्रेसको कार्यसमितिको बैठकले जनआन्दोलन गर्ने निर्णय लियो । २०४६ माघ ५ गतेको दिन क्षेत्रपाटी स्थित गणेशमान सिंहको घर कम्पाउण्डमा नेपाली कांग्रेसको ऐतिहासिक सम्मेलन प्रारम्भ भएको घटनालाई यदुनाथ 'बसन्तपुरे' यसरी सम्झन्छन्

संयुक्त वाम मोर्चाकोनाम दिएर जोशमा
घटक सात वामपन्थी मिले छब्बीस पुषमा ।
मोर्चाको नायक खोजेर हिँडे पञ्चलाई उखेल्न
काङ् र वाम जुटेर लागे साथैमा सुसेल्न ।

राणाहरूको अमानवीय शासन प्रणाली हुँदै क्रूर पञ्चायती व्यवस्थाको अन्तिम चरण ०४६ सम्मको ऐतिहासिक कान्तिको पूर्व सन्ध्यासम्मको इतिहासलाई यदुनाथ 'बसन्तपुरे'ले यस सर्गमा उन्ने काम गरेका छन् ।

### ५.२.२. द्वितीय सर्ग

नेपाली कांग्रेस जनआन्दोलनको तिथि मिति तय गर्न २०४६ माघ ५, ६ र ७ गतेका एक सम्मेलनको आह्वान गरेको प्रसङ्गबाट यदुनाथ 'बसन्तपुरे'ले दोस्रो सर्गको थालनी गरेका छन् ।

कांग्रेसले गऱ्यो सम्मेलन यौटा छयालीस माघमा
डटेर बसे समाजवाद जनतन्त्र मागमा
सि.आई.डी.हरू षड्यन्त्र रच्दै हमला गर्दथे
परन्तु चाक्सीबारीमा नेता रमझम झर्दथे ।

०४६ माघ ५ गतेको दिन क्षेत्रपाटी स्थित गणेशमा सिंहको घर कम्पाउण्डमा नेपाली कांग्रेसको ऐतिहासिक सम्मेलन प्रारम्भ भयो । नेपालको ७१ जिल्लाका कांग्रेस प्रतिनिधिहरू बामपन्थी दलका नेताहरू, मित्रराष्ट्र भारतका विभिन्न दलका प्रतिनिधिहरूका साथै प्राध्यापक, शिक्षक, विद्यार्थी, मजदुर, उद्योगपति, व्यापारी आदि पर्यवेक्षकहरू पनि यसमा सम्मिलित थिए । सो सभामा कृष्णप्रसाद भट्टराई गणेशमान सिंह, गिरिजाप्रसाद कोइरालाले सम्बोधन गरे । बामपन्थी नेता मनमोहन अधिकारीले प्रजातन्त्रको लागि ने.का. ले गर्न लागेको जनआन्दोलनमा पूर्ण सहभागी बन्ने विचार व्यक्त गरे । साहना प्रधानले पनि जनआन्दोलनलाई अगाडि बढाउन आफ्नो दृढता व्यक्त गरिन् भन्ने प्रसङ्गलाई कवि यसरी प्रस्तत गर्दछन् ।

स्वागत गर्दै पहिलो वक्ता गणेश बोलेथे
भट्टराई कृष्ण उठेर फेरि आवाज खोलेथे ।
भारतका मेयर श्रीचन्द्रशेखर अतिथि आएथे
शामन्ती नीति हटाउन पर्छ भनेर गएथे ।

पञ्चायती व्यवस्थाको विरुद्धमा आन्दोलन गर्न नेपाली कांग्रेसले माघ २९ गते प्रथम चरणको कार्यक्रम प्रकाशित गऱ्यो । फाल्गुन १ गते विष्णुबहादुर मानन्धर र २ गते साहना प्रधान कैद भए ।  ६ गतेका दिन ने.का.का नेता त्रय आ-आफ्ना घरमा नजरबन्द भए । ठाउँ ठाउँबाट मानिसहरू काठमाडौं आउन लागे । देशभरी पञ्चायती व्यवस्थाको विरुद्ध जनता सडकमा ओर्ले प्राध्यापक, शिक्षक, विद्यार्थी, वकील, किसान, मजदूर, महिला सबैले पञ्चायती व्यवस्थाको शासन प्रणालीलाई खुलेर विरोध गरे भन्ने प्रसङ्ग उल्लेख गर्दै कवि 'बसन्तपुरे'

वेपारी लागे जागिरे लागे बजार शून्य भो,
होहल्ला भयो उर्लियो क्रान्ति अफिस बन्द भो ।
जनकपुर जदुकुहामा हिंसाको खबर
सूचना भयो छयालीस् फाल्गुण नौ गने सखार ।

२०४६ फाल्गुन ७ का दिन ने.कां. ले चारतारे झण्डा र बामपन्थीले हँसिया हथौडा भएको झण्डा बोकी विशाल जुलुस निकाले जसमा प्रहरीले हस्तक्षेप गरी अनेकौं व्यक्तिलाई गिरफ्तार गरे, कैयौं घाइते भए, कैंयौं मरे । फाल्गुन ८ गतेको 'नेपाल बन्द' आह्वान पूर्ण सफल रह्यो । यसै दिन भक्तपुरमा ५ जना ठहरै मारिए । ९ गते जनकपुरमा प्रहरीले गोली चलाएर पाशविक ढंगले कैयौं प्रदर्शनकारीहरूलाई मारे । प्रथम चरणको कार्यक्रम अनुसार फाल्गुन १९ गतेसम्मको यस आन्दोलनमा नेपाली कांग्रेस र बामपन्थी कार्यकर्ताहरूको साथै विद्यार्थी हड्ताल र प्रदर्शन, प्राध्यापकहरूले कालोपट्टि बाँध्ने, हड्ताल गर्ने र जुलुस निकाल्ने, चिकित्सकहरूले पनि हड्ताल र जुलुस निकाल्ने आदि सबै वर्गले आ-आफ्नो क्षेत्रबाट सहयोग गरेकोले यो चरणपूर्ण सफल भएको कवि बताउँछन् ।

दोस्रो चरणको कार्यक्रम अन्तर्गत चेत्र १० गतेसम्म आमसभा गर्ने, पञ्चायतको पुत्ला जलाउने, जुलुस प्रदर्शन र जनएकता दिवस मनाउने कुराहरू मुख्य थिए भनी कवि बताउँछन् । वकीलहरूको विरोध जुलुस महिला जुलुस र फाल्गुन २६ का दिन विराटनगरमा कुकुरको घाँटीमा पञ्चायत चिह्न अङ्कित बिल्ला लगाई छोड्ने आदि काम भएको कवि आफ्नो कविताद्वारा बताउँछन् । यसरी जनताहरू आन्दोलित भए । आन्दोलनकारी उपर अमानवीय व्यवहार पञ्चहरूले देखाए भनी कवि यसरी भन्दछन्–

बत्तीका तार काटिए कतै ट्रान्स्फर फुटाले
बाटामा ढले तेर्सिई रुख हाँगा नै चुँडाले ।
सकेनन् जनविद्रोह रोक्न उर्लियो बेसरी
कैयौंका ज्यान गुमेर जम्यो रगतकै पोखरी

विरोधको यसै चरणमा “वर्तमान अवस्था र हाम्रो दायित्व” शीर्षक गोष्ठी गरियो । सो गोष्ठीमा वकील, प्राध्यापक, चिकित्सक, इन्जिनियर, नर्स, लेखक, विद्यार्थी आदिले भाग लिई आन्दोलनलाई जसरी भए पनि सफल पारी छाड्ने विचार व्यक्त गरे ।

देशभरि आन्दोलनको राँको दन्कियो । जनता कि पञ्चायती शासनलाई उखेलेर छाड्ने, कि मर्ने भन्ने स्थितिमा पुगे । धेरैले जन्मभूमिको लागि मर्न नडराउने भन्दै आन्दोलनमा होम्मिए । क्रूर शासकहरूको चरम दमनले सयौंले प्राण छोडिसके भनी कवि यसो भन्छन् ।

दुर्गन्ध कोठा जेलमा सारा  लगेर कोचिए,

शनिवारदेखि छन् जति बन्दी निर्मम पिटिए ।

निस्किए किसान कोदालो खुँडा तरवार बोकेर,

सामन्ती चाल तोडिने जान मनमा खोपेर ।

क्रूर शासकहरूले जति दमन गरे पनि जनताको भेल रोकिएन । नेपालको आन्दोलनका विषयमा अमेरिकाको संसदमा छलफल भयो । उक्त छलफलले आन्दोलनको महत्व बढाउने काम गऱ्यो । यसरी आन्दोलनको दोस्रो चरण पनि सफलताका साथ सम्पन्न भयो ।

तेस्रो चरणको कार्यक्रम अनुसार बत्ती निभाउने, मारिएका शहीदहरूको संझनामा प्रार्थन ागर्ने र चैत्र २७ गते पञ्चायती संविधान जलाउने योजना थियो । यस चरणको आन्दोलनमा प्रत्येक वर्ग सम्मिलित थिए जुलुस प्रदर्शनमा प्रहरी र सेनाको हस्तक्षेपले स्थिति धेरै नै भयावह थियो । पञ्चहरूले नरसंहार नै गरे । हज्जारोंलाई गोली हानेर मारे । कतिलाई जीउँदै खोलामा बगाए । कतिलाई जीउँदै पुरे । कवि आफ्नो स्वरले यसो भन्छन्–

कर्फ्यूको माने क्यै थाहा छैन दुनियाँ हल्लायो,

बुझ्नेले बुझ्यो न बुझ्नेलाई देख्तैमा जिल्लायो ।

पत्कर सरी कान्तिमा भयो हिँड्नेको लहर,

दुःखीको मरण देखेर कति रोएथे धरर ।

यस्तै इतिहासका घटनाहरूको वर्णन गर्दै कवि यदुनाथले आफ्नो गीतिकाव्यको दोस्रो सर्ग समाप्त गरेका छन् ।

### ५.२.३. तृतीय सर्ग

तेस्रो चरणको अन्त्यतिर आन्दोलनले उग्ररूप लिएको थियो । जताततै कर्फ्यूको आदेश थियो । जनता कर्फ्यूका अवज्ञा गर्दै सडकमा ओर्ले राजा थर्कमान भए । विश्व बैंकले नेपाललाई विग्रंदो स्थितिबारे चेतावनी दियो । भारतका २०७ सांसदले नेपाल सरकारको कार्यको आलोचना गरे भने विदेशमन्त्री आइ.के. गुजरालले भारत मुकदर्शक भएर बस्न नसक्ने चेतावनी दिए । राजविराज भन्दा पर भारदह चौकमा रहेको वीरेन्द्रको प्रतिमाको हातमा ने.का. कार्यकर्ताहरूले नेपाली कांग्रेसको झण्डा हाल्न सफल भए । यी घटनालाई कवि आफ्ना शब्दमा यसरी भन्दछन्–

चरणबद्ध क्रान्तिले गर्दा शहर सुसायो

पञ्चको पुत्ला जलाई जन खुसीले रमायो ।

पानीको घुट्को नपाई उठ्यो जनता बाहिर,

चैत्रको चौबीस राजाको हुकुम भैछाड्यो आखिर ।

देशभरि दन्किएको आगोको राँको नभिन्ने देखेर राजा वीरेन्द्रले चेत्र १९ गतेका दिन मरिचमान सिंह श्रेष्ठको मन्त्रिमण्डलमा केही फेर बदल गरे । तर आमूल परिवर्तनको लागि उर्लेको जनलहर बढ्दै गयो । जनता आन्दोलनबाट पछि हटेनन् ।

राजा वीरेन्द्रले २४ का दिन मरिचमान सिंहको मन्त्रिमण्डल खारेज गरी लोकेन्द्र बहादुर चन्दको मनित्रमण्डल गठन गरे । रा.पं. को अधिवेशन बोलाउने, संविधान सुधार सुझाव आयोग गठन गर्ने, विभिन्न  राजनैतिक विचारका नेताहरूसँग वार्ता गर्ने र आन्दोलनमा भएका हानी नोक्सानीको जाँच गर्ने घोषणा गरे । यो घोषणालाई जनताले धोखा मान्दै ३ लाख भन्दा बढी जनाको जुलुस निकाले । जुलुस घण्टाघर हुँदै राजदरवार अगाडिको राजा महेन्द्रको शालिक निर पुगेपछि सेना र प्रहरीले गोली बर्साउन थाले, कति मरे लेखाजोखा नै भएन भन्दै कवि यसरी वर्णन गर्दछन्–

तोड्दछौ भन्दै जनता पुगे महेन्ण्द्रको शासिक

झिकेर फ्याँके राजदण्ड तोडे लम्केर युवक ।

आएथ्यो गोली बरर लाग्यो युवाको छातीमा

विचरा ढले पीडामा लडे ढले झैँ पाटीमा ।

नेपालमा भएको जनआन्दोलन देखेर अमेरिका र जापानले आ-आफ्ना नागरिकलाई नेपाल नजाने सल्लाह दिए । आन्दोलनलाई साम्य पार्न अपनाइएका उपाय सबै निस्फल हुँदै

गएको र जनता कुनै हालतमा पनि शान्त नहुने देखेर बीरेन्द्रले चैत्र २६ गते गोकर्ण दरवारमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजा प्रसाद कोइराला, साहाना प्रधान लगायत अन्य प्रमुख नेताहरूलाई वार्तामा बोलाइएको प्रसङ्गमा कवि यसो भन्दछन्–

साहना, कृष्ण वार्तामा पुग्न सहमत भएथे

दिवा नै बित्यो एघार बज्यो दरबार गएथे ।

त्यै बेला दल माथिको प्रतबन्धलाई झिकियो

फर्किए गम्दै तीस वर्षपछि उत्साह थपियो ।

गोकर्ण दरबारमा जनताका नेतासँग राजा वीरेन्द्रले समझदारीपूर्वक वर्ता गरे । चैत्र २६ गते कै राति ११ बजे रेडियो नेपाल र नेपाल टी.भी. ले विशेष विज्ञप्ति प्रसारित गऱ्यो, जसमा संविधानबाट दल विहीन शब्द हटाइएको, पार्टीहरू माथिको प्रतिबन्ध हटाएको, संविधान सुधार सुझाव आयोग गठन गर्ने निर्णय भएको, रा.पं. भङ्ग गर्ने आश्वासन प्राप्त भएको, तथर्स अब जनआन्दोलन बन्द गर्ने निर्णय राजनेताहरूले गरेको भनिएको थियो । यसरी फाल्गुन ७ देखि प्रारम्भ भएको जनआन्दोलन चैत्र २६ को रातिमा लक्ष्य प्राप्ति पछि बन्द भयो । चैत्र २७ का दिन प्रजातन्त्रको पुनरबहालीको उपलक्ष्यमा देशभरि विजय जुलुसका साथ अपूर्व खुशियाली मनाइएको प्रसङ्गमा कवि यसरी वर्णन गर्दछन् -

सुखद क्षण राष्ट्रले पायो देशै भो हलचल

काली र मेची फुपडीसम्म खुशीको खलबल ।

हर्षले हाँसे कति त भने कतिमा बिस्मात

जीउने मर्ने सपूतको मनमा उर्लियो उल्लास् ।

यसरी यदुनाथ ‘बसन्तपुरे’ले राणाकालदेखिको इतिहासलार्य कोट्याउँदै २०४६ सालमा भएको जनआन्दोलनलाई विशेष रूपले “ऐतिहासिक क्रान्ति” गीतिकाव्यमा उन्ने काम गरेका छन् ।

### ५.२.४ ‘ऐतिहासिक क्रान्ति’ शीर्षकको सार्थकता

कुनै पनि कृतिको शीर्षक त्यस कृतिका पात्र वा विषयलाई ध्यानमा राखेर राख्ने गरिन्छ । शीर्षकले कृतिको मूल पक्षलाई वा मूल पात्रलाई सङ्केत गर्दछ । त्यसैले कुनै पनि कृतिको शीर्षकलाई महत्वपूर्ण मानिन्छ । ०४६ सालको जनआन्दोलनसँग सम्बन्धित विषय भएकोले उक्त शीर्षक सार्थक छ ।

### ५.२.५ 'ऐतिहासिक कान्ति' मा छन्द योजना

कविताको विशेषता लयबाट छुट्टिन्छ अर्थात् विशिष्ट किसिमको लयचेतना नै कविताको मूल प्राप्ति हो । लयचेतना मात्रिक एवं वाणिक छन्दमा मात्र होइन गद्य कवितामा पनि सशक्त रूपमा अभिव्यञ्जित हुन्छ । नेपाली साहित्यका विशिष्ट प्रतिभा गोपालप्रसाद रिमाल, भूपि शेरचन आदिका कविता परम्परित वाणिक वा मात्रिक छन्दमा लेखिएका होइनन् तर रिमालको "आमाको सपना", भूपिको "घुम्ने मेचमाथि अन्धो मान्छे" आदि गद्य कवितामा उच्च स्तरीय लयचेतना पाइन्छ । त्यसैले कवितामा कवित्व हुनुपर्छ, छान्दिक योजना मात्र कविताको मूल मर्म होइन अर्थात् छन्दको प्रयोग गरिएको कवितामा मात्र कवित्व हुन्छ भन्ने होइन ।

यदुनाथ 'बसन्तपुरे'को "ऐतिहासिक कान्ति" मा भ्याउरे गीतिलयको प्रयोग गरिएको छ जस्तैः

चरणबद्ध कान्तिले गर्दा शहर सुसायो

पञ्चको पुत्ला जलाईजन खुसीले रमायो ।

दायाँ र बाँया प्रहरी छायाँ सरकार थर्कियो

जुलुस लाग्यो दरबार ढाक्यो सिंह झै गर्जियो ।

### ५.२.६ रसका दृष्टिले ऐतिहासिक क्रान्ति

काव्यलाई जीवन्त तुल्याउन रसको महत्वपूर्ण भुमिका हुने भएकाले कुनैपनि विशिष्ट कृतिमा रस प्रतिपादन भएको हुन्छ । पूर्वाचार्य विश्वनाथका **वाक्यम् रसात्मकं काव्यम्** जस्तो अभिब्यक्तिले रसात्मक वाक्य नै काव्य हुन्छ भन्ने कुराको पुष्टि गरेको छ ।

**ऐतिहासिक क्रन्ति** मा अङ्गी रस वीर हो भने अन्य रसमा करुण , विभत्स आदि रस पाइन्छन् ।

#### ५.२.६.१ वीर रस

जनता प्यारा उर्लिए सारा दुश्मन दपेटी

ठूलो त्यो भेला उर्लेर आयो पञ्चलाई लखेटी

शहर गाउँ बहुदल ल्याऊँ गुन्जियो नाराले

एकै र बोली एकै र लोली थर्काए साराले ।

उत्साह मूलभाव भएको वीरता, साहस र आक्रोस पूर्ण कवितालाई वीर रस प्रधान कविता भनिन्छ । यो पद्यमा वीर रस पाईन्छ ।

### ५.२.६.२ वीभत्स रस

जुगप्सा स्थायी भाव भएको विभत्स रस

आँधी र बेरी र गोलीको होली मान्छेका बेहाल

बीर अस्पताल किल्लामा थुप्रो लासको बगाल ।

माथिको पद्यमा वीभत्स रस देखिन्छ ।

### ५.२.७. अलङ्कारका दृष्टिले 'ऐतिहासिक क्रान्ति'

शरीरलाई विभूषित गराउने वस्तु या तत्वको नाम अलङ्कार हो । शरीरलाई सिङ्गार्ने हुनाले गहना आदि वस्तु आभूषण भनिए जस्तै काव्यका शरीर भूत शब्द र अर्थलाई अलङ्कृत पार्ने हुनाले अनुप्रास, उपमा आदि पनि अलंकार मानिन्छन् ।

'ऐतिहासिक क्रान्ति' मा अन्त्यानुप्रास उपमा आदि अलङ्कार पाइन्छन् ।

### ५.२.७.१ अन्त्यानुप्रास

नेपालमा पनि क्रान्तिको छर्का उठेको देखियो

जनता उर्ल्यो पूर्व र पश्चिम क्रान्तिले ढाकियो ।

दरबार छाडी त्रिभुवन राजा भारत पुगेथे

शासन कालो हटाऔं जालो भनेर जुटेथे ।

उक्त श्लोकमा अन्त्यानुप्रास पाइन्छ ।

### ५.२.८ मूल्याङ्कन

यदुनाथ 'बसन्तपुरे'ले 'ऐतिहासिक क्रान्ति' गीति काव्यमा राणाशासनदेखि तिस वर्षे पञ्चायती क्रूर व्यवस्थाको वर्णन गर्दै विशेष गरी २०४६ फाल्गुन ७ गतेदेखि चैत्र २६ गतेसम्म भएको पञ्चायती व्यवस्थाको विरुद्ध उर्लेको जनआन्दोलनलाई भ्याउरे लयमा उतारेका छन् । उनको यस काव्यका विषयमा सिन्धुपाल्चोकका वरिष्ठ साहित्यकार चन्द्र प्रसाद न्यौपानेले *"यदुनाथ 'बसन्तपुरे' गद्य, पद्य तथा नेपाली लोकलयमा कलम चलाउने योग्य साहित्यकार हुन् । 'ऐतिहासिक क्रान्ति' उनको कवित्वलाई चिनाउने पुस्तक हो" ( न्यौपाने, २०६०) भनी उल्लेख गरेको पाइन्छ ।*

यो काव्य नेपाली जनजीवनको प्यारो छन्दमा आबद्ध भएकोले सबैले सजिलैसँगै काव्यिक आनन्द लिंदै, राणाकालदेखिकै इतिहासको जानकारी लिन सक्नेछन् ।

## ५.३ 'बसन्तपुरेको 'म किसान बिर्खे' खण्डकाव्य दोस्रो काव्य कृति हो ।

### ५.३.१. कथावस्तु

'म किसान बिर्खे' खण्डकाव्य यदुनाथ कोइरालाद्वारा २०६४ सालमा रचिएको र त्यही सालमा प्रकाशित भएको कृति हो । यो खण्डकाव्य गरिब टुहुरो किसान बिर्खेका जीवनीमा आधारित छ । सामाजिक धरातलमा रहेर उनले यस खण्डकाव्यको रचना गरेका छन् । ठूलाबडा भनाउँदा मुखिया, जमिन्दारहरुबाट सिदा-सादा गाउँले मानिसहरुलाई गरिने शोषण र दमनको यथार्थ चित्रण उनले यस खण्डकाव्यमा गरेका छन् । छ वटा मेलोमा यो विभाजित छ । किसान बिर्खेको सेरोफेरोमा लेखिएको भएर नै कविले सर्ग, अध्यया खण्ड नभनी मेलो भनेको हुनुपर्दछ । यो स्वभाविक पनि छ ।

### ५.३.२. पहिलो सर्ग

यस खण्डकाव्यको नायक बिर्खेको बाल्यकाल धेरै दुःखमा बितेको छ । बिर्खेका बुवाको मृत्यु कहिले भयो, उसलाई थाहा छैन । ऊ सानै हुँदा उसकी आमा पनि उसलाई सदाका लागि एक्लै छोडेर स्वर्गे भइन् । असहाय शिशु बिर्खेको विचल्ली हुन्छ । टुहुरो भाञ्जा बिर्खेलाई लिई मामाले आफ्नो घर लगि पाल्दछन् । बिर्खेको बाल्यकाल येनकेन प्रकारले बित्छ । युवावस्थामा पनि मामाघरमा नै बसिरहनु बिर्खेलाई मन पर्दैन । माइजूहरुको टर्रो बोलीले गर्दा ऊ आफ्नै घरमा गई कुटो-कोदालो गरी खाने विचार गर्दछ ।

तैपनि आफ्नै मामाको साथ दुःख त थिएन

मामाकै घर जम्मा र जाल रै रहन मिलेन ।

ती पाँचै भाइ मामा त भिन्नै भएर बस्नाले

साझा भई बसे अप्ठ्यारो भयो हिँडौ कि सोच्दथेँ ।

बिर्खे मामा– माइजूहरुसँग विदा भइ आफ्नै घरमा गई दुःख गरी बस्न थाल्दछ । केही समय पछि उसको विवाह पनि हुन्छ । अनेक प्रकारका दुःखहरुको सामना गर्दै उसको दाम्पत्य जीवन अगाडि बढ्छ । हलो–जुवा, मेला-पात, मुखियाको चाकरी गर्दै बिर्खेका दिनहरु बित्छन् । लामाघरे मुखियाबाको चाकरी नगरी उसका लोग्ने स्वास्नीका मुखमा माँड पनि पर्दैनथ्यो । त्यसैले उसका जोईपोई बिहानैदेखि मुखियाबाको घरमा काम गर्न पुग्दथे । घाँस काट्नु, दाउरा चिर्नु, भकारो सोर्नु, खेती-पातीको रेख-देख गर्नु, गाईबस्तुको स्याहार-सुसार गर्नु तिनीहरुको दैनिकी नै थियो । देशमा लोकतन्त्र आउला , दीन

दुःखीहरुको पनि दिन सप्रेला भन्ठानी उनीहरु काममा जोत्तिइ रहन्थे । मुखियाबासँग हज्जारौं रोपनी जग्गा छ । आफूसँग एक रोपनी भन्दा पनि कम पाखोबारी छ । त्यसका उब्जाउले एक महिनालाई पनि खान पुग्दैन । यस प्रकारको वर्ग विभेद हुनमा शाही राजसंस्था जिम्मेवार छ । देशमा लोकतन्त्र आउला र हामी दीन दुःखी किसानको पनि दिन सप्रेला भन्ने आशा बिर्खेका मनमा रहेको पाइन्छ ।

बिर्खेकी श्रीमती रुपमा बलेकी, शीलमा ढलेकी बत्तिसै गुणले भरिपूर्ण थिई । ठूलाघरे मुखियाबाका छोराले बिर्खेकी श्रीमतीको रुपदेखि अति नै दुःख दिने गर्दथ्यो। बिर्खे उसैको हली थियो त्यसको विरुद्धमा उसले केही गर्न सकेन । मुखियाबाका छोराले षड्यन्त्र गरी उसकी श्रीमतीलाई भगाइ छाड्यो । बिर्खे एक्लो भयो । ऊ मुखियाको प्रतिकार गर्न सक्दैन गाउँघर सबैतिर मुखियाकै कुरा बिक्छ । गरिब, दीन दुःखीहरुको कुरा कसैले सुन्दैनन् । चेलीबेटी दिन दहाडै बलात्कृत हुन्छन् । कति चेलीबेटीहरु मुखियाबाका मानिसले बम्बैको कालकोठरीमा पुऱ्याइ बेच्छन् । नियम कानून गरिबहरुका लागि मात्रै लागु छ भन्दै कवि भन्छन्–

राक्षसहरु बाँचेर खाने बेला हो कि लाग्दथ्यो

साधुको उठीबासले ठाउँ पाएको भेटिन्थ्यो

बलात्कारी, ठगाहा, लुच्चाहरुको जमात

न थियो कानून न दण्ड कुनै न हाम्रो औकात ।

कवि यदुनाथले यस सर्गलाई असारे भ्याउरे छन्दमा लेखिएका ६४ वटा श्लोकले पूरा गरेका छन् । ग्रन्थारम्भमा निर्विघ्न परिसमाप्तिका लागि मङ्गलाचरण स्वरुप जन्मभूमि नेपाललाई स्वर्गसँग तुलना गरेका छन् । यो देश प्राकृतिक सौन्दर्यले सजिएको छ । सर्वोच्च शिखर हिमालय नेपालको सिमारक्षक भई उत्तरपट्टि विद्यमान छ । यहाँका नदी-नाला, ताल-तलैया, वन-जङ्गल, झरना आदिले यो देश धपक्क बलेको छ । नदी-नालाले भरिपूर्ण हाम्रो देश नेपालको उत्तर दिशातिर उच्च हिम शिखरहरु सजिएका छन् । तराईमा विशाल धान्य फाँटहरु छन्, जहाँ धानबाली लहलह गरी नाचिरहेको देख्न सकिन्छ । विश्वका मानिसहरु नेपाल भूमि अवलोकन गर्न लालायित देखिन्छन् । नेपाल साँच्चै भूस्वर्ग हो, जहाँ सीताको प्रादुर्भाव भयो । यही गौतम बुद्धले जन्म लिए भन्दै कवि यदुनाथले नेपालको प्राकृतिक सौन्दर्यको वर्णनमा १७ श्लोक खर्चेका छन् । बिर्खे जस्ता दीन, दुःखी, गरिब, असहायहरुलाई गाउँघरमा मुखियाबा, जमन्दारहरुले गर्ने गरेको शोषण दमनको याथार्थ विषयलार्य कविले यहाँ चित्रण गरेका छन् । आफ्नी पत्नीलाई षड्यन्त्र गरी अपहरण गर्दा समेत प्रतिकारगर्न नसक्नु चरम शोषणको नमुना हो । दीन दुःखीहरु,

गरिबी, अशिक्षा, गन्धविश्वासका कारण झन्-झन् तल पर्दैछन् भने सामन्त मुखियाबा जस्ताको मनोबल बढ्दो छ । अन्याय, अत्याचारका विरुद्धमा कसैले आवाज उठाएमा झुट्टा मुद्दा लगाई तह लगाउने काम मुखियाहरुले गर्ने गरेका छन् । गरिबका छोरा छोरीको कुनै इज्जत प्रतिष्ठा हुँदैन, तिनीहरु उपर ठूलाबडाले जे गरे पनि हुन्छ । उनीहरुले राम्रो विद्यालयमा पढ्न पाउँदैनन् । गोठमा राम्रा गाईवस्तु भए मुखियालार्य नै बुझाउनुपर्छ शाही सत्ताको कुशासनले गर्दा गाउँघरमा सामन्ती मुखियाबाहरुको रजाइँ छ भन्दै कविले पहिलो सर्गको बिट् मारेका छन् ।

## ५.३.३.सर्ग दुई

बिर्खेको अवस्था दिन प्रतिदिन बिग्रँदो छ । नेपालीहरुले पेटभरी खान बस्न पाएका छैनन् । गाँस, बास, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत कुराबाट नेपालीहरु बञ्चित छन् । दुई प्रतिशत ठूला-ठालुहरुले देशको ढुकुटीमा रजाईं गरेका छन् । विश्वका अधिकांश देशहरु प्रगति पथमा बढेका बेला हाम्रो देश दिन प्रतिदिन अधोगतितिर लागेको छ । कोही आलिशान महलमा रम्दछन् । कोही भोक भोकै तड्पिएर मर्न बाध्य छन् ? तस्करहरु देश रित्याउँदै राता-रात करोडपति हुन्छन् । भ्रष्टाचार चुलिंदो छ । यस प्रकारको शाहीराज्य व्यवस्थालाई जरैदेखि उखेलेर फाल्नु पर्छ । राजा-महाराजाहरुले नेपालीलाई चुसी-चुसी खोको पारिसकेका छन् भनी कवि भन्दछन्–

ठालू नाँच्ने डलरमा अन्त्य हुनुपर्छ

राज्यसत्ता निगरानीमा सेवा पुग्नुपर्छ

तस्करीले पायो ठाउँ फेरिएन दिन

गरिबका झुपडीमा छैन सुखी दिन

यस सर्गमा बसन्तपुरेका सवाई छन्दका ६२ श्लोक रहेका छन् । राजाको मपाईंत्वले गर्दा सारा जनताले दुःख पाएका छन् । राज संस्थाको आडमा देशलाई कङ्गाल बनाउने सामन्तहरुलाई ठिक नपार्ने हो भने हाम्रा सन्ततीहरुले धेरै दुःख पाउने छन्, अतः हामी सबै मिली डगाहाहरुलाई समाप्त पारेर शिषित र पीडित नेपालीहरुका सुध्रिने दिन ल्याउनु पर्छ भन्ने भावना कविमा रहेको पाइन्छ ।

## ५.३ ४.सर्ग तीन

कवि यदुनाथ कोइरालाले असारे भ्याउरे लयमा लेखिएका तेइस श्लोकमा यस सर्गलाई पूरा गर्ने काम गरेका छन् । हामी सबै शोषित पीडितहरु एकजुट भएर अगाडि बढ्नुपर्छ । राष्ट्रद्रोहीलाई बेलैमा चिनेर देशबाट सदाका लागि बिदा गर्नुपर्छ । राज संस्थाले गरिब

जनतालाई चरम शोषण गरिसक्यो अब हामी एक जुट होऔं भनी कवि भन्छन्– बाबियोको त्यान्द्रो चुँडाल्न सजिलो हुन्छ, तर त्यही बाबियोको डोरीलाई चुँडाल्न धेरै गारो पर्छ ।

बाबियो चुड्न सजिलो हुन्छ डोरी त सकिन्न
मपाइँ भज्ने पछाडि पर्छ यो कुरा गरिन्न
सेवक मात्र बनेर बस्दा निर्वाह हुँदैन
भनेर लाग्छन् कमाई धन्दा आ-आफू सप्रिन ।

सबै एकजुट भएर राजतन्त्रका विरुद्ध लाग्नुपर्छ भन्दै बिर्खे कम्मर कसेर लागेको देखिन्छ । शोषक, जाली, सामन्तहरुको राज हुनमा राजसंस्थाकै प्रमुख स्थान छ । तत्कालीन राजा ज्ञानेन्द्रको प्रतिगमनले देश रोयो । गरिब, दीन, दुःखीहरुलाई शोषणबाट छुटाउनका लागि जीवनको बलीदान दिनु परे पनि हाँसी–हासी तयारी हुनुपर्छ भन्ने भावना कविमा रहेको छ । बिर्खे शोषक, सामन्तबाट आफूलगायत आफूजस्तै दीन, दुःखी, शोषित पीडितहरुलाई मुक्त गर्न कटिबद्ध भएर लागेको छ । जोत्नेको नाममा जग्गा हुनुपर्छ । श्रमको मूल्य तोकिनु पर्छ । शोषक, सामन्तहरुसँग हजारौं विघा जग्गा छ, तर हलो जोत्नेहरु भूमिहीन छन्, अब बसेर खान पाइँदैन । सबैले श्रम गर्नुपर्छ भन्ने भावनालाई अभिव्यक्त गर्दै यदुनाथले यो सर्गको बिट् मारेका छन् ।

### ५.३.५. सर्ग चार

कविद्वारा असारे झ्याउरे लयमा लेखिएका तेइस श्लोक यस सर्गमा रहेका छन् । यहाँ उनले राष्ट्र सेवा नै धर्म हो । देशद्रोहीबाट देशलाई बचाउनु हामी सबैको कर्तव्य हुन आउँछ । युवाहरु हो ! देशलाई रुवाउँदै विदेशतिर नलागौं जन्म दिने आमा र आफू जन्मेको स्थान स्वर्गभन्दा पनि ठूलो हुन्छ ? स्वदेशमा नै पसिना बगाउँ । युवा एकजुट भए के हुँदैन र ? यही श्रम गरी सुन फलाउन सकिन्छ । राजतन्त्रले हामीलाई धेरै शोषण गरेको छ । हामी बेलैमा नबिउँझिने  हो भने फेरि प्रतिगमन हुन सक्छ । राजाले टाउको उठाउन सक्छन् भन्दै कवि यसो भन्छन्–

विरुद्ध जुटौं राक्षस अझै झम्टन सक्दछ
होसले हिँडौ न छुटाई हात हुनेछ निर्धक्क ।
बैरीको सामु एकता हुनु पूर्खाको धर्म हो ।
महान कार्य गर्नु छ पूरा एकता बल हो ।

युवा वर्गले स्वदेशमा नै पसिना बगाउँ । युवा जागे मात्रै देशले काँचुली फेर्न सक्छ । हामीले राष्ट्रका राक्षसहरुबाट देशलाई मुक्त नगरेसम्म विकास असम्भव छ भन्ने कान्तिकारी भावना यस सर्गमा कविले व्यक्त गरेका छन् ।

### ५.३.६. सर्ग पाँच

यस सर्गलाई यदुनाथ कोइरालाले २४ श्लोकमा पूरागरेका छन् । छद्म भेषमा राजा हामी सामु आउन सक्छन् । छद्म भेषीलाई बेलैमा चिन्नुपर्छ । संबिधान सभाको कुरा धेरै भयो । शोषित पीडितको पक्षमा संविधान बन्नु पर्छ । हामीले संविधान निर्माण गर्न सकिरहेका छैन । गरिबहरुले न्याय पाउने राज्य व्यवस्था ल्याउन हामी लागौं भन्दै कविले यस सर्गलाई पूरा गरेका छन् ।

### ५.३.७. सर्ग छ

छुवा-छुत, ठूलो–सानाका भेद भावले देशमा जरा गाडेको छ । ठूला भनाउँदाहरुले जे गरे पनि हुन्छ । दीन दुःखीलाई मात्रै कानून लाग्ने व्यवस्थाको अन्त्य हुनुपर्छ । देशमा कुर्सीको खेल धेरै भयो । चप्पल लगाएर हिँड्ने नेता पजेरो चढ्ने भए । गरिबहरुको चुहिरहेको खरको छानो जस्ताको त्यस्तै छ । अब यस्तो हुनु हुँदैन । सबैले समान न्याय पाउने व्यवस्था देशमा लागू हुनुपर्छ भन्दै कवि भन्छन्–

जनता हाँस्ने दिनको आशा बोकेको हामीले

निडर बनी छिट्टैनै लागौं गर्दैनन् अर्काले ।

जनता हँसाउने राज्य व्यवस्था ल्याउन कवि सबैलाई एकजुट हुन आह्वान गर्दछन् । हामी एक भए मात्रै गन्तव्यमा पुग्न सक्छौं । भाइ–भाइमा एकता कायम गरी पक्का देशद्रोहीलाई चिनेर त्यसलाई यस राष्ट्रबाट सदाका लागि धपाउनु पर्छ भन्ने सन्देश कविले यस खण्डकाव्य मार्फत् हामी समक्ष छोडेका छन् ।

### ५.३.८ कृतिमा छन्दयोजना

आफ्ना मनमा रहेका भावनाहरुलाई लयात्मक रुपमा पस्किने माध्यमलाई छन्द भनिन्छ । विशिष्ट किसिमको लय चेतना नै छन्द हो । कवितामा कवित्व हुनुपर्छ, छान्दिक योजना मात्र कविताको मूल मर्म होइन अर्थात् छन्दको प्रयोग गरिएका कवितामा मात्र कवित्व हुन्छ भन्ने होइन ।

यदुनाथ कोइरालाले **म किसान बिर्खे** खण्डकाव्यको छ वटा सर्ग मध्ये दोस्रो सवाई छन्दमा र बाँकी सबै असारे भ्याउरेमा लेखेका छन् ।

### ५.३.८.१. सवाई छन्द

विभेदका धेरै दिन बितिरैछन् हेर

मर्नु बाँच्नु फरक रैछ लाग्छ चिन्ता धेर ।

(म किसान बिर्खे)

माथिको पद्य सवाई छन्दमा लेखिएको छ ।

### ५.३.८.२. असारे झ्याउरे

बाँचेका बाबा भएको भए के हुन्थ्यो भनूँ के

ती आमा मेरी भएको भए यो चाला हुन्थ्यो के ।

(म किसान बिर्खे)

उक्त पद्य असारे झ्याउरे लयमा रचिएको छ ।

### ५.३.९. नामकरण

शरीरमा शिर र काव्यमा शीर्षक भन्नु एउटै कुरा हो । शरीरमा शिरको जस्तै काव्यमा पनि शीर्षकको मूर्धन्य स्थान हुन्छ । शिरले सम्पूर्ण चेहरा भन्ने बुझाए झैं 'शीर्षक' शब्दले पूरा ग्रन्थको सिंगो रुपतिर सङ्केत गर्छ ।

कवि यदुनाथले आफ्नो खण्डकाव्य **म किसान बिर्खे** को नामकरण यसका नायक बिर्खेको नामका आधारमा गरेका छन् । किसान बिर्खे सम्पूर्ण गरिब किसान नेपालीको प्रतिनिधि पात्र हो ।

कविले सबै शोषित पीडित नेपाली दाजुभाइहरुका साझा समस्यालाई किसन बिर्खे मार्फत् प्रस्तुत गरेकाले पनि यो नामाकरण उपयुक्त छ ।

### ५.३.१०. मंगलाचरण

अमंगलनाश र निर्विघ्नता पूर्वक ग्रन्थ समाप्तिकामना नै मंगलाचरणको उद्देश्य हो । शास्त्रमा तीन प्रकारका मङ्गलाचरणको परम्परा देखिन्छ । १) आशीर्वादात्मक २) नमस्कारात्मक ३) वस्तु निर्देशात्मक ।

यदुनाथले सुरुका केही पद्यमा हिमाल, पहाड, तराईको मुक्तकण्ठले वर्णन गरेका छन् अतः त्यसरी जन्मभूमिको विशेष वर्णन गरेकाले वस्तु निर्देशात्मक मङ्गलचरण गरेको भन्न सकिन्छ ।

### ५.३.११. सर्गबद्धता

यस खण्डकाव्यमा सर्ग, अध्याय, परिच्छेद वा छाल केही नभनेर कविले मेलो भनी मौलिक प्रयोग गरेका छन् । किसानको जीवन पद्धतिमा केन्द्रित रहेर तिनकै आशा र सपनाहरुमा विषयवस्तु बाँधिएको हुनाले काव्यमा अन्य शब्द भन्दा 'मेलो' शब्द सान्दर्भिक देखिन्छ । 'क' देखि 'च' सम्म जम्मा छ सर्गमा यसलाई विभाजन गरिएको छ ।

### ५.३.१२. भाषिक प्रयोग

अभिव्यक्तिको सहज र सर्वोत्तम माध्यम भाषा हो । कविका  मनोगत भावनाहरुलाई मूर्तरुप दिएर जनसमक्ष प्रस्तुत गर्ने काम भाषामा नै निहित रहेको हुन्छ ।

कवि यदुनाथको यस खण्डकाव्यमा प्रयुक्त भाषा सरल र सहज छ । किसानको जीवन पद्धतिलाई विषयवस्तु बनाएकाले गर्दा पनि यसमा प्रयुक्त भाषा सबै किसान वर्गले सजिलैसँग बुझ्न सकिने खालको बनाइएको छ । लोकलयमा लेखिएकाले पनि यसमा प्रयुक्त भाषा बोलीचालीको सरल र सहज हुनु उचित देखिन्छ ।

### ५.३.१३. 'म किसान बिर्खे' खण्डकाव्यको मूल्याङ्कन

यो खण्डकाव्य सवाई तथा असारे भ्याउरे लयमा लेखिएको छ । यसमा छ वटा मेलो ( सर्ग) रहेका छन् । किसानहरु कृषि गरी पृथ्वीलाई हराभरा गराई अन्न उत्पादन गर्दछन्, आफू पनि खान्छन् र अरु सबैलाई पनि खुवाउँछन् । देशका सम्पन्न वर्गका लागि बाँच्ने आधार भनेका किसान नै हुन् । अरु साराका बाँच्ने आधार भएर पनि उनीहरु आफू चाहिँ भोकै र नाङ्गै बस्नु पर्ने परिस्थितिमा पुगेका हुन्छन् । ठूला ठालु सामन्तहरु किसानका श्रममा रजाइँ गरेर ठूला महल बनाउँछन् र बस्छन् । नेताहरु किसानकै मतबाट सत्तामा पुग्छन् र मन्त्री, प्रधानमन्त्री बन्छन् । तर तिनीहरु सत्तामा पुगिसकेपछि किसानलाई चटक्कै भुल्दछन् । अतः गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य सबै चिजबाट किसान ठगिएको हुन्छ ।

यस कृतिको नायक पात्र टुहुरो बिर्खे एउटा सामान्य किसान हो । तर उसका मनमा अनेकौं आशा, आस्था र सङ्कल्पहरु छन् । राज्यनिर्माणमा पनि केही योगदान गर्न सके जीवन सार्थक हुने थियो भन्ने उसको भावना छ । देशमा सुख शान्ति होस्, किसानहरुले श्रमको उचित मूल्य पाऊन् । उनीहरु शोषक र सामन्तहरुबाट मुक्त होऊन् भन्ने उसको सोच छ, तर बिडम्बना परिस्थिति ठीक विपरीत छ । बिर्खे जनआन्दोलनको सहिद, सामन्त शोषकहरुको दास, राजनीतिक विकृतिको सिकार, नेताको लागि एउटा भोट, अवसर नपाएको चेतना र संविधानसभा र नयाँ नेपाल पर्खेर बसेको एउटा नेपालीहरुको प्रतिनिधि पात्र हो । हाम्रो देशका सोझा किसानहरु बिर्खेझैँ कहिले मुखियाको घरको नोकर बन्न विवश छन् भने कहिले सेना र कहिले माओवादीको बन्दुकको निशाना बनेका छन्, कहिले

नेताका लागि भोट बनेका छन्, तर कहिल्यै मान्छे बन्न पाएका छैनन् । ती सारा विकृतिहरुको जड भनेको राजसंस्था हो । राजाको मपाईंले गर्दा जनता मात्र होइन नेपाल आमा स्वयंले रुनु परेको छ । त्यसैले राजसंस्थालाई देशबाट सदाका लागि बिदा गर्नु पर्छ । जनमुखी संविधान बन्नु पर्छ, भन्ने भावना कविमा रहेको छ । यदुनाथ प्रगतिवादी साहित्यकार हुन् । उनको यो कृति सामाजिक धरातलमा आधारित छ । परम्परित दासत्वप्रति आक्रोस पोख्दै चेतना र जागरणका लागि शङ्खघोष गर्नु उनका कृतिको मूल धेय हो । यस खण्डकाव्यमा ठाउँ-ठाउँमा पाइने लयगत समस्य वा शब्दविन्यासगत असहजता केही मात्रामा रहे पनि प्रस्तुत काव्य वैचारिकता वा कला दुबै दृष्टिकोणले उत्कृष्ट छ ।

# अध्यायः छ

# शोध निष्कर्ष

आधुनिककालीन नेपाली साहित्यमा यदुनाथ कोइरालाको योगदानका सम्बन्धमा माथिका परिच्छेदहरूमा विशद रूपमा विवेचना गरिएको छ । अब यस निष्कर्ष खण्डमा उपर्युक्त विवेचना खण्डको निचोड प्रस्तुत गरिएको छ ।

सिन्धुली जिल्लाको दुम्जा कुशेश्वरमा मूलथलो भएका रामलाल कोइरालाका नाति रामप्रसाद कोइराला तथा लिलादेवी कोइरालाका कान्छा छोरा यदुनाथ 'बसन्तपुरे'को जन्म २०२४ सालमा सिन्धुपाल्चोक जिल्लाको बाँडेगाउँ गा.वि.स. वडा नं. २ बसन्तपुरमा भएको हो । सामान्य मध्यम वर्गीय परिवारमा जन्मेका यदुनाथको बाल्यकाल सुखद् वातावरणमा नै बित्यो । छ वर्षको उमेरमा विधिवत् अक्षरारम्भ गरेका यदुनाथ अक्षरारम्भ भन्दा अगाडि नै धेरै श्लोकहरू कण्ठस्थ सुनाउन सक्थे । उनको स्मरण शक्ति विशेष प्रकारको थियो । छोराको लालनपालन र पठन-पाठनमा बुबा रामप्रसादले विशेष ख्याल गरेकाले  नै उनमा शिक्षाप्रति आकर्षण बढेको हो । यदुनाथ आफ्नो साहित्य यात्राको विजारोपण बुबाकै प्रेरणाबाट भएको बताउँछन् । वि.सं २०३० सालमा विधिवत् औपचारिक शिक्षामा प्रवेश गरेका यदुनाथले वि.सं २०३७ सम्म श्री सिपा तीनघरे संस्कृत नि.मा.वि. (हाल उ.मा.वि.) मा अध्ययन गरे । यसै समयमा उनले कर्मकाण्डका विषयहरू रुद्री, चण्डी, वेद, गीता आदि घरमा नै पढे । आठ, नौ दश, पढ्नका लागि उनी ऐंसेलु खर्क मा.वि. मा भर्ना भई वि.सं. २०४४ सालमा एस्.एल्.सी. उत्तीर्ण गरे । उच्च शिक्षाको लागि काठमाडौँ गई प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरे । हाल उनी स्नातक तहमा अध्ययनरत छन् । औपचारिक रूपमा वामपन्थी राजनीतितर्फको आकर्षण उनमा देखिन्छ ।

सानै उमेरदेखि धार्मिक तथा नेपाली श्लोकहरूको विशेष प्रभावबाट प्रभावित यदुनाथ विविध विधामा कलम चलाउने व्यक्तित्व हन् । उनले कविता, गीत, नाटक लेखेको पाइन्छ । कविता र गीतमा उनले समसामयिक विषयहरू प्रमुख रूपमा उठाउने गरेका छन् ।

यदुनाथ कोइराला सिन्धु साहित्यको आधुनिक कालका एक प्रतिष्ठित साहित्यकार हुन् । विभिन्न सभा समारोहमा कविता वाचन तथा नाटक प्रदर्शन गर्दै सबैलाई सचेत बनाउने यदुनाथ लगनशील कर्तव्यनिष्ठ व्यक्ति हुन् । हाल उनका फुटकर रचनाहरू दर्जनौ पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका छन् । उनको प्रथम प्रकाशित कृति **परिस्थितिले जन्माएको अनुहार** हो । यसमा ११ वटा कविता र ८ वटा गीत सङ्कलित छन् । यो बाहेक उनका दर्जनौं कृतिहरू नेपाली पाठक माझ आइसकेका छन् । **मौसमी खेती, झ्याल**

**खाना, ओझेल** गरी चार वटा उनका कविता सङ्ग्रहहरू प्रकाशित छन् । **मौसमी खेती** उनको प्रथम चरणको दोस्रो प्रकाशित कृति हो । यसमा अधिकांश कविता ५६ वटा छन्दमा छन् भने बाँकी कविताहरू गद्यशैलीमा लेखिएका छन् । ७६ ओटा कविताहरू एक अक्षरे लघु गुरुदेखि छत्तीस अक्षरेसम्मका पाइन्छन् । यदुनाथले आफ्नो कविता यात्राको दोस्रो चरणमा **झ्याल खाना** र **ओझेल** प्रकाशित गरेका छन् । **झ्याल खाना** भित्र बाँचेको के सार त, मानवीय चेत, कर्तव्य जस्ता तिस ओटा कविताहरू रहेका छन् । यसै गरी **ओझेल** कविता सङ्ग्रहमा काम गर्ने **बाँच्छद, कान्ति, दाऊ, अचेल, होडबाजी** जस्ता त्रिपन्न वटा शास्त्रीय छन्दमा लेखिएका कविताहरू रहेका छन् । यदुनाथ प्रगतिवादी साहित्यकार हुन् । उनी देश, काल, परिवेश अनुरूप विविध सन्दर्भ र विषयहरूलाई आफ्नो कविताको विषय बनाउने गर्दछन् । नेपाली समाजमा भएका रीति कुरीति आदिका चर्चा, चेलीबेटी बेचबिखन जस्तो अमानवीय चरित्र माथि प्रहार उनका कवितामा पाइन्छ । यदुनाथका कविताले राजाको प्रतिगमनका विरुद्ध लाग्न आग्रह गरेको छ भने हिंसात्मक रूपमा हुने आन्दोलनको विरुद्ध उठ्न आग्रह गरिएको छ । सामाजिक विषमता, अशिक्षा, गरिबी, अन्धविश्वास, शोषणका विरुद्ध उनका कविताले आवाज उठाएका छन् । प्रगतिशील साहित्यकारमा देखिने प्रवृत्तिहरू उनका कवितामा देखिन्छ ।

उनका दुई वटा गीति सङ्ग्रहहरू प्रकाशित भएका छन् । **'मायाको तरेली'** यदुनाथको पहिलो गीति सङ्ग्रह हो । यस सङ्ग्रह भित्र विभिन्न शीर्षकका सत्तचालीस वटा गीतहरू छन् भने दोस्रो गीति सङ्ग्रह निशानामा उठ्तीस वटा गीतहरू रहेका छन् । उनका झ्याउरे, सवाई, सेलो आदि लयमा रचिएका गीतमा सर्वसाधारण नेपालीका ढुकढुकी, दुःख, पीडा र भोगाइहरूको सजीव चित्रण देख्न पाइन्छ । यदुनाथका गीतहरूले उनी प्रगतिवादी साहित्यकार हुन् भन्ने कुरालाई थप पुष्टि गरेको छ भन्न सकिन्छ ।**ऐतिहासिक कान्ति** यदुनाथको ऐतिहासिक घटना क्रममा लेखिएको गीतिकाव्य हो । तिन सर्गमा वर्णित यस काव्यमा राणा शासनदेखि तिस वर्षे पञ्चायती क्रूर व्यवस्थाको वर्णन गर्दै विशेष गरी २०४६ फाल्गुन ७ गतेदेखि चैत्र २६ गतेसम्म भएको पञ्चायती व्यवस्थाको विरुद्ध उर्लेको जनआन्दोलनलाई उनले झ्याउरे लयमा उतारेका छन् । भविष्यका लागि ऐतिहासिक जानकारी गराउने कार्यमा यो कृति सहायक भएको छ ।

यदुनाथको **म किसान बिर्खे** खण्डकाव्य सामाजिक यथार्थमा आधारित कृति हो । मेलो 'क' देखि 'च' सम्म जम्मा ६ खण्डमा विभाजित प्रस्तुत काव्य सशक्त विचार, सरल प्रस्तुतिकरण, गम्भीर भाव र समसामयिक नेपाली राजनीतिक अवस्थाको चौकोशमा बाँधिएको छ । राजा महाराजाहरूको आडमा गाउँघरका सामन्त, शोषकहरूले गरिब, दीन, दुःखी, किसानहरूलाई गरेको शोषणको ज्वलन्त उदाहरण प्रस्तुत खण्डकाव्यको नायक

बिर्खे हो । ऊ एउटा सामान्य किसान हो तर उसका मनमा अनेकौं आशा, आस्था र सङ्कल्पहरू छन् । राज्य निर्माणमा एउटा बिन्दु समान भए पनि आफ्नो योगदान रहनु पर्छ भन्ने दायित्वबोध भएको बिर्खे जनआन्दोलनको सहिद, सामन्तहरूको दास, राजनीतिक विकृतिको सिकार, चुनावको एउटा भोट, अवसर नपाएको चेतना र संविधान सभा र नयाँ नेपाल पर्खेर बसेको एउटा नेपाली आदि सबैको प्रतिनिधि पात्र हो । उसमा शक्ति छ तर अवसर छैन, चेतना छ तर मूल्य छैन । श्रम र सीप छ तर प्रयोग गर्ने ठाउँ छैन, जीवन्त मान्छे छ तर मान्छे देखिने बाहिरी आवरण छैन । हाम्रो समाजका बिर्खेहरू गोरु जस्तै जोतिन्छन् । त्यसैले तथाकथित मान्छेहरूले तिनलाई गोरु नै देख्छन् । बिर्खेहरू कहिले मुखियाको घरको नोकर बन्छन्, कहिले नेताको बैसाखी बन्छन्, कहिले जमिन्दारहरूको दास बन्छन् त कहिले मन्त्रीको आश्वासनमा ताली बन्छन् तर कहिल्यै मान्छे बन्न पाउँदैनन् । त्यसैले तिनीहरू संविधान सभापछिको लोकतान्त्रिक गणतन्त्रमा आफ्नो अस्तित्व देख्छन् तर त्यही पुरानो मानसिकता बोकेका नेताहरूका हातमा देशको साँचो छ । तिनले आफ्नो अधिकार प्रयोग गर्ने अवसर कहिल्यै पाएका छैनन् अनि त तिनमा आशा र आक्रोश दुवै छ । अब धेरै भयो सामन्त र शोषकका शोषणमा पिल्सिएर नबसौं । प्रत्येक नेपालीले ठगाहाहरूलाई समाप्त पारेर शोषित र पीडित नेपालीहरूका सुध्रिने दिन ल्याउनु पर्छ भन्ने क्रान्तिकारी सन्देश यो काव्यले छोडेको छ ।

यसरी समग्रमा हेर्दा यिनै कृतिहरूका आधारमा यदुनाथ कोइराला दीन, दुःखीहरूको पक्षमा कलम चलाउने व्यक्ति हुन् । समाजमा जे देख्छन् त्यही नै उनी आफ्ना कृतिमा उतार्ने काम गर्दछन् । समाजको यथार्थ रूप उनका कृतिमा देख्न पाइन्छ । यिनै कारणले गर्दा यदुनाथलाई प्रगतिवादी साहित्यकार भन्न सकिन्छ ।

सादा जीवन, उच्च विचार, गहन अध्ययन उत्कृष्ट सिर्जना, सङ्ख्यात्मक र गुणात्मक दुवैमा महत्व दिने यदुनाथ नेपाली साहित्यका होनहार व्यक्तित्व हुन् भन्न सकिन्छ ।

# सन्दर्भसामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०४३) **पूर्वीय समालोचना सिद्धान्त** काठमाडौंः साझा प्रकाशन ।

आचार्य, कृष्णप्रसाद (२०६४) **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्य**, काठमाडौंः क्षितिज प्रकाशन कीर्तिपुर ।

आचार्य, बाबुराम (२०३४) **पुराना कवि र कविता,** काठमाडौंः साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४४) **साहित्य प्रकाश**, काठमाडौंः साझा प्रकाशन ।

उपाध्याय,चूडामणि (२०६३) **नेपाली भाषाको उत्पत्ति**, काठमाडौंः साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद ( २०७०) **भूमिका समालोचना,** काठमाडौंः भुडी पुराण प्रकाशन ।

न्यौपाने, चन्द्रप्रसाद (२०६४) **सिन्धुका स्रष्टा**, चौताराः सि.पा.सेवा अपसेट प्रेस ।

पराजुली, कृष्णप्रसाद (२०२२) **पूर्व एक नम्बर,** काठमाडौंः मल्टी च्यानल कम्प्युटर बागबजार ।

पौडेल, दिल (२०६३) **सिन्धुका साहित्यकारहरू**, चौताराः सि.पा. हारती अपसेट प्रेस ।

बसन्तपुरे, यदुनाथ (२०५३) **परिस्थितिले जन्माएका अनुहारहरू,** चौताराः कृष्ण प्रिन्टिङ प्रेस ।

बसन्तपुरे, यदुनाथ(२०५७) **ऐतिहासिक कान्ति,** काठमाडौंः मेघा अफसेट प्रिन्टिङ प्रेस ।

बसन्तपुरे, यदुनाथ (२०६०) **मौसमी खेती,** काठमाडौंः पब्लिक प्रिन्टिङ प्रेस ।

बसन्तपुरे, यदुनाथ (२०६१) **मायाको तरेली**, काठमाडौंः पब्लिक प्रिन्टिङ प्रेस ।

बसन्तपुरे, यदुनाथ (२०६३) **निशाना,** सिन्धुपाल्चोकः सिन्धु अफसेट प्रेस ।

बसन्तपुरे, यदुनाथ (२०६४) **म किसान बिर्खे,** सिन्धुपाल्चोकः हारती अफसेट प्रेस एण्ड कम्प्युटर इन्स्टिच्युट ।

बसन्तपुरे, यदुनाथ (२०६६) **झ्याल खाना,** सिन्धुपाल्चोकः एम्सल प्रिन्टिङ प्रेस ।

बसन्तपुरे, यदुनाथ (२०६९) **ओझेल,** काठमाडौंः शब्दार्थ प्रकाशन ।

शर्मा, मोहनराज , श्रेष्ठ, दयाराम (२०६४) **नेपाली साहित्यको सक्षिप्त इतिहास** काठमाडौंः साझा प्रकाशन ।

सुवेदी कृष्ण (२०५४) **सिन्धुमिलन**, काठमाडौंः क्षितिज अफसेट प्रिन्टिङ प्रेस ।

# परिशिष्ट

## (अन्तर्वार्ता)

२०७० साल माघ ५ गते शोधार्थीले यदुनाथ कोइरालासँग लिएको अन्तर्वार्ताको मुख्य अंशहरू

प्रश्न नं. १ : तपाईंको बाल्यकाल कसरी बित्यो ?

म सामान्य कृषक परिवारमा जन्मिएको हुँ । म सानो छँदा गीत गाउने गर्दथेँ । ५ वर्ष पूरा गरी ६ वर्षमा प्रवेश गरेपछि मैले विधिवत् अक्षरारम्भ गरेको थिएँ । म गाईवस्तु चराउन वन जाने गर्दथेँ । वनमा निर्धक्कसँग गीत गाउँथेँ । साथीहरू गीत गाउन उक्साउँथेँ । सात कक्षासम्म गाउँकै विद्यालयमा पढेँ त्यसपछि ऐंसेलुखर्क मा.वि.मा अध्ययन गरी २०४४ सालमा एस्.एल्.सी. उत्तीर्ण गरें । समग्रमा बाल्यकाल सुखद् वातावरणमा रमाइलोसँग बित्यो ।

प्रश्न नं. २ : तपाईं साहित्यतर्फ कसरी आकर्षित हुनुभयो ?

मलाई गाउँन धेरै शोख थियो । आफैँले गीत रचना गरी गाउँन पाए हुन्थ्यो जस्तो लाग्थ्यो । बुबा तथा काका इन्द्रप्रसाद महाभारत, गौरी, तरुण तपसिका श्लोकहरू लय हालेर सुनाउनु हुन्थ्यो । मलाई यिनै कुराले छोयो र साहित्यतिर आकर्षित भएँ ।

प्रश्न नं. ३ : तपाईंको साहित्य लेखनको प्रारम्भ बिन्दु कुन हो ?

वि.सं. २०४० सालतिर अध्ययन गरिरहेको विद्यालय श्री सिपा तीनघरे सं. नि.मा.वि. मा एउटा साहित्यिक कार्यक्रम भएको थियो । त्यहाँ मैले शिक्षा सम्बन्धमा लेखिएको कविता वाचन गर्ने सुअवसर पाएँ । काका इन्द्रप्रसाद कोइरालाले लेख्न सिकाउनु भएको थियो । मैले प्रथम पुरस्कार प्राप्त गरेको थिएँ । सबै गुरुहरूले प्रशंसा गर्नुभयो । मलाई लेख्न जोस् मिल्यो र लेख्दै गर्दा आज यो अवस्थासम्म आइपुगेको छु ।

प्रश्न नं. ४ : तपाईं कुन समयमा लेख्न मन पराउनु हुन्छ ?

मलाई लेख्न मन पर्ने समय रात्री हो । सुनसान रातमा झलमल्ल बत्ती बलेको एकान्त कोठामा बसेर लेख्न र पढ्न मलाई धेरै आनन्द आउँछ ।

प्रश्न नं. ५ : तपाईंलाई मनपर्ने लेखकहरू को को हुन् ?

मलाई मन पर्ने कविहरू आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, कवि शिरामणि लेखनाथ पौडेल,राष्ट्रकवि माधवप्रसाद घिमिरे, युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित, चन्द्रप्रसाद न्यौपाने, आदि हुन् ।

प्रश्न नं. ६ : तिनका कुन-कुन कुराहरूबाट तपाई प्रभावित हुनभयो ?

लेखनाथ पौडेलको तरुण तपसीमा चरीको बिलौना कविताले दिएको सन्देश, लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तला महाकाव्यको मर्मभाव, भानुभक्तको घाँसी उपदेश, युद्धप्रसाद मिश्रको किसान जागरण र मोदनाथ प्रश्रितको मानव महाकाव्यबाट प्रभावित भएको हुँ ।

प्रश्न नं. ७ : तपाईं कस्ता विषय र घटनालाई कृतिमा व्यक्त गर्न मन पराउनु हुन्छ ?

गरिबहरूलाई ठूलाबडा भनाउँदाहरूले गरेको शोषण म देखि सहन सक्दिन त्यसैले मेरा कृतिहरू प्रायः गरिब दीन दुःखीहरूको पक्षमा उनिएका छन् भने नारी पुरुषमा भएको विभेद, रुढीवाद, शान्तीको कामना, देशको विग्रंदो अवस्थाको चित्रण, मेरा लेखमा पाइन्छन् ।

प्रश्न नं. ८ : तपाईंलाई सबैभन्दा बढी मन परेको आफ्नो रचना कुन हो ?

मलाई सबैभन्दा बढी मन परेको रचना **'ओझेल'** कविता सङ्ग्रह हो ।

प्रश्न नं. ९ : तपाईं आफ्ना रचनाबाट सन्तुष्ट हुनुहुन्छ ?

मैले जति लेखें ती कृतिबाट सन्तुष्ट छु । सन्तानलाई जतिकै आफ्ना रचनालाई माया लाग्छ । जीवन लेखेरै बिताउने अठोट लिएको छु ।

प्रश्न नं. १० : साहित्यकार कस्तो हुनुपर्छ ?

साहित्य जीवनको धड्कन हो । प्रगतिशील विचार पस्कँदै समाजमा उज्यालो छर्न र अध्यारो मास्ने भाव दिन सक्नु असल स्रष्टाको कर्म हो भन्ने ठान्दछु ।

प्रश्न नं. ११ : कस्ता विषय लेख्न मन पराउनु हुन्छ ?

म विशेष सामाजिक जीवनको भोगाइका विषयमा लेख्ने गर्छु । वर्गीय समाजमा हुने गरेका शोषण, अन्याय, दमनका विरुद्धमा लेख्न बढी जाँगर लाग्छ । तर पनि हिँड्दा डुल्दा देखेका अनुभव गरेका हरेक विषयलाई कविताको विषय बनाउन मन लाग्दछ । विभिन्न सभा, समारोह, गोष्ठीमा भागलिंदा अनुभव गरेका तिता, मिठा पक्षलाई पनि कविताको विषय बनाउने गरेको छु ।

प्रश्न नं. १२ : तपाईंका रचनाहरू तपाईं आफैंलाई कस्तो लाग्छ ?

आफ्नो सिर्जना आफूलाई मनै  नपर्ने भन्ने त कुरै भएन तर पनि सबै कृतिले उस्तै सन्तुष्टि दिएको छ भन्न चाहिँ सकिँदैन । कुनै बढी नै मनपर्छ भने कुनै अलि कम तर सबै रचनामा उस्तै प्रेम भने हुने रहेछ ।

प्रश्न नं. १३ : तपाईंले लेख्नुभएका सबै कृतिहरु बाहिर आएका छन् ?

प्रकाशित कृतिबाहेक अप्रकाशित कृतिहरू पनि छन् । कविता सङ्ग्रह १ महाकाव्य १, शोक काव्य १ यी कृतिहरू प्रकाशोन्मुख छन् । प्रकाशन गर्ने व्यवस्था मिलाउँदै छु ।

प्रश्न नं. १४ : तपाईंको अध्ययनको रुचि क्षेत्र के हो ?

गीत, कविता, उपन्यास, कथा, निबन्धहरू मलाई धेरै मनपर्छ भने यात्रा संस्मरण पनि पढ्ने गर्छु, यसका अतिरिक्त समसामयिक लेख रचना पत्रपत्रिका पढ्ने गर्दछु ।

प्रश्न नं. १५ : तपाईंको वैवाहिक सम्बन्धको बारेमा केही बताइदिनुहोस् न  ।

मेरो विवाह परम्परागत रूपमा मागी विवाह भएको हो । आफ्नो खुट्टामा उभिन सक्ने भएपछि मैले बिहे गरेको हुँ । २०४७ मार्ग २७ गते  बाँसवारी ८ च्यानडाँडाका श्री रामप्रसाद लुईटेल तथा श्रीमती शुभद्रा लुईटेलकी छोरी सुशिलासँग भएको हो । दुवैको सरसल्लाहमा घर परिवार चलेको छ । मनमुटाव भने पटक्कै छैन । मेरो लेखन यात्रामा श्रीमतीको ठूलो हात छ । दाम्पत्य जीवन समग्रमा सुखद् रहेको छ ।

# यदुनाथ वसन्तपुरेले प्राप्त गरेका सम्मानपत्र





श्री प्रगति इङ्लिस स्कुल मेलम्चीको तर्फबाट कवि यदुनाथ वसन्तपुरेलाई
प्रदान गरिएको प्रगति साहित्य सम्मान

# सम्मान-पत्र

कवि यदुनाथ वसन्तपुरेज्यू

[illegible]-२ सिन्धुपाल्चोक ।

नेपाली साहित्यको श्रीवृद्धिका लागि अविरल, अविराम [illegible] तपाईंलाई सम्मान[illegible] गर्ने शुभ अवसर जुरेकोमा हामी औधी रमाएका छौं ।

कविताकाव्य, नाटक, कथा आदि साहित्यिक विधामा [illegible] प्रदान गरी नेपाली साहित्यको उन्नयनमा यहाँको [illegible] योगदान रहेको छ [illegible] र अनुकरणीय छ । [illegible] नेपाली भाषा साहित्यले अझ धेरै अपेक्षा राखेको छ ।

[illegible] साहित्यिक सिर्जनाको माध्यमबाट शोषित, पीडित जनताको आवाज बुलन्द गरी [illegible] तपाईंको [illegible] सफलता पाउनुहोस् ।

साहित्य सिर्जनामा तपाईंले [illegible] २०६४ सालको प्रगति साहित्य सम्मान प्रदान गरिन्छ । तपाईंको सुस्वास्थ्य, समृद्धि अनि उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| [illegible] | [illegible] रसिक भारती | धर्मकृष्ण श्रेष्ठ |
| प्रिन्सिपल | सम्मान संयोजक | प्रमुख अतिथि |

२०६४ [illegible], शनिबार, [illegible]
मेलम्ची, सिन्धुपाल्चोक